


नेपाल समाचारपत्र
नेपाली मनको नेपाली पत्रिका
NEPAL SAMACHARPATRA

नेपाल समाचारपत्र दैनिक, कामना, साधनाका ग्राहक बन्नु परेमा, पत्रिका समयमा नआएमा, कुनै गुनासो भएमा सम्पर्क गर्नुहोला।
कामना न्यूज पब्लिकेसन्स्
कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं
सम्पर्क : ९८०१००३७३७, ०१-४२६११७९
एक्सटेन्सन: १११/११२ (९ बजेदेखि ६ बजेसम्म)

मंगलबार पुस ११, २०७४ | Tuesday, December 26, 2017 | www.newsofnepal.com | नेसं ११३८ पोहेलाथ्व ८ | वर्ष २३, अंक ३३९ | पृष्ठ १२ | मूल्य रू. १०/–

२ सरकारले नै पालना गरेन कानुन
५ डा. देवकोटाको स्वास्थ्य लाभको कामना
९ पानी खेप्दै घर बनाउँदै भूकम्पपीडित
१० डेढ लाख विदेशिए



पेप्सीकोला पछाडिबाट देखिएको नेपालको एक मात्र अन्तर्राष्ट्रिय त्रिभुवन विमानस्थलको दृश्य। देशभरमा अन्तर्राष्ट्रिय उडान हुने यही एक मात्र विमानस्थल हो, जसका कारण अन्तर्राष्ट्रिय यात्रा गर्न देशको जुनै कुनाबाट पनि काठमाडौं नै आउने बाध्यता रहेको छ। तस्वीर : अनिल आङदेम्बे/काठमाडौं

# अन्योलमा एमाले-माओवादी एकीकरण

मधुसूदन रायमाझी, काठमाडौं

निर्वाचनलगत्तै पार्टी एकीकरण गर्ने घोषणा गरेका नेकपा एमाले र नेकपा माओवादीबीचको पार्टी एकीकरणमा अन्योल सृजना भएको छ। पार्टी एकीकरणका लागि दुई पार्टीबीच बस्ने भनिएको एकता संयोजक समितिको बैठक नै बस्न सकेको छैन। निर्वाचनअघि चुनावी तालमेलसँगै पार्टी एकीकरण गर्ने ६ बुँदे सहमति गरेका एमाले र माओवादी केन्द्रबीच पार्टी एकीकरणको विषयमा थप आशंका, अविश्वास र अन्योल बढेको बताइएको छ।

नेकपा एमालेले पार्टी एकता र नयाँ सरकार गठनको कामलाई एकसाथ अगाडि लैजानुपर्ने निर्णय गरेको छ भने नेकपा माओवादी केन्द्रले सरकार गठनअघि नै पार्टी एकीकरणको खाकासहित मात्र सरकारमा जाने निर्णय गरेको छ।

पार्टी एकीकरणलाई भन्दा पनि नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले नयाँ सरकार गठनको प्रक्रियालाई अगाडि बढाउनुपर्ने गृहकार्यमा जुट्नुभएको छ। एमालेले प्रधानमन्त्री शेरबहादुर देउवाले तत्काल राजीनामा दिएर नयाँ सरकार गठनका लागि मार्गप्रशस्त गर्नुपर्नेमा जोड दिँदै आएको छ।

एमालेले पार्टी एकतालाई भन्दा बढी सरकारलाई नै प्राथमिकता दिएको छ। नेकपा एमालेका उपाध्यक्ष भीम रावलले सरकार गठन र पार्टी एकीकरण एक साथ अगाडि लैजाने बताउनुभयो। उहाँले *नेपाल समाचारपत्र*सँग भन्नुभयो- 'पार्टी एकीकरण र सरकार गठनको दुवै काम एकसाथ अगाडि बढाउने गरी पार्टीभित्र परामर्श भइरहेको छ।' एमालेले पार्टी एकीकरणमा कम ध्यान दिएको आशंका माओवादी केन्द्रले गरेको छ।

सरकार गठन र एकताका लागि दुई दलको बीचमा हुनुपर्ने संवाद पनि कम हुँदै गएको छ। पार्टी एकताका लागि शीर्ष तहमा गठन गरेको एकता संयोजन समितिको बैठकले पनि गति लिन सकेको छैन।

पार्टी एकीकरणको विषयमा एमालेभित्र फरक-फरक धारणा बनेको छ। अध्यक्ष ओली तत्काल सरकारको नेतृत्व लिएर मात्र पार्टी एकता प्रक्रियालाई विस्तारै अगाडि बढाउँदै लैजाने तयारीमा हुनुहुन्छ भने वरिष्ठ नेता झलनाथ खनाल र नेता माधवकुमार नेपाल तत्काल पार्टी एकीकरण गरेर अगाडि बढ्नुपर्ने पक्षमा देखिनुभएको छ।

दुई दलबीच भएको सहमतिमा

- एकता संयोजक समितिको बैठक बस्न सकेन
- प्रचण्ड एकताको पक्षमा, ओली पर्ख र हेरको नीतिमा

सरकारको नेतृत्व आलोपालो गर्ने माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले सार्वजनिक गरेपछि दुई पार्टीबीच थप दूरी बढेको देखिन्छ। ओलीले सरकारको नेतृत्व गर्दा पनि आलोपालो गर्ने सहमति कार्यान्वयन नभएको भन्दै कांग्रेसको समर्थनमा प्रचण्ड प्रधानमन्त्री बन्नुभएको थियो।

प्रचण्डले सार्वजनिक गरेको आलोपालो गर्ने सहमतिप्रति एमाले अध्यक्ष ओलीले खण्डन गर्नुभएको छ। प्रचण्डले तत्काल पार्टी एकता गरेर पार्टीको नेतृत्व गर्दै र अध्यक्ष ओलीले सरकार सञ्चालन गर्नुपर्ने बताउँदै आउनुभएको छ।

तर अध्यक्ष ओलीले पार्टीको नेतृत्व सहजरूपमा नदिने मनस्थिति बनाउनुभएको बताइएको छ। नेकपा एमालेका महासचिव ईश्वर पोखरेलले एकता संयोजक समितिको बैठक बस्ने बारेमा आफूलाई धेरै जानकारी नभएको बताउनुभयो। एकता संयोजक समितिको बैठक कहिले बस्छ भन्ने *नेपाल समाचारपत्र*सँग जिज्ञासामा उहाँले भन्नुभयो- 'बैठक बसेपछि थाहा भइहाल्छ नि, कहिले केही पनि छलफल भएको छैन।'

एकीकरणका लागि दुई पार्टीबीच आपसी विश्वास, विचार, राजनीतिक कार्यदिशा र सिद्धान्तको बारेमा बहस र छलफल हुनुको सट्टा एमाले र माओवादी केन्द्रको बीचमा शंका र अन्योल बढेको छ।

माओवादी केन्द्रले एमाले अध्यक्ष ओलीले सरकार गठनका लागि संघीय समाजवादी फोरम नेपालका अध्यक्ष उपेन्द्र यादवसँग छलफल गरेको भन्दै असन्तुष्टि जनाएको छ। नेकपा माओवादी केन्द्रका प्रवक्ता पम्फा भुसालले दुई पार्टीबीचको पार्टी एकीकरणका लागि अनौपचारिक छलफल भइरहेको बताउनुभयो।

उहाँले *नेपाल समाचारपत्र*सँग भन्नुभयो- 'दुई पार्टीको बीचमा पार्टी एकीकरण हुन्छ, यसमा कुनै आशंका छैन, पार्टी अध्यक्ष प्रचण्ड काठमाडौंबाहिर रहनुभएकाले बैठक बस्न नसकेको हो, छिट्टै एकता संयोजक समितिको बैठक बस्छ।'

प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनमा चुनावी तालमेल गर्दै पार्टी एकताको गृहकार्य अन्तिम चरणमा पुगेपछि माओवादी केन्द्र र एमालेभित्रकै केही नेताहरू एकता भाँड्ने कसरतमा लागेको बताइएको छ।

माओवादी केन्द्रभित्र कृष्णबहादुर महरा, मातृका यादव, गोपाल किराती र विश्वभक्त दुवाल (आहुती) र नेकपा एमालेभित्र महासचिव ईश्वर पोखरेलगायत समूह तत्काल पार्टी एकीकरण गर्न नहुने पक्षमा रहेको बताइएको छ।

# प्रतिनिधिसभा समानुपातिकको नतिजा एक सातामा ?

सुनील महर्जन, काठमाडौं

निर्वाचन आयोगले प्रतिनिधिसभाको समानुपातिकतर्फको मतलाई परीक्षण गर्ने कार्य बढीमा एक साता लाग्ने जनाएको छ।

१ सय ६५ निर्वाचन क्षेत्रबाट अधिकृतले हस्ताक्षर गरी पठाएको विवरण रुजु गरी प्रमाणीकरण गर्न पाँचदेखि बढीमा सात दिने लाग्ने आयोगका सहसचिव एवम् प्रवक्ता नवराज ढकालले जानकारी दिनुभयो।

उहाँले मत परीक्षण कार्य सकिएपछि चाँडै सिट बाँडफाँट गर्ने तयारीमा आयोग रहेको जानकारी दिनुभयो। मत परीक्षण कार्य सकिएपछि सिट सार्वजनिक हुने कि नहुने प्रश्न राजनीतिक वृत्तमा चर्चाको विषय बनेको छ।

नेकपा एमालेका नेताहरूले एकपछि अर्को गर्दै राष्ट्रियसभा गठन नभए पनि प्रतिनिधिसभाको मतपरिणाम सार्वजनिक गर्न निर्वाचन आयोगलाई दबाब दिँदै आएका छन् भने राष्ट्रियसभा गठन नभएसम्म संघीय संसद्मा महिलाको प्रतिनिधित्वको विषय अड्किएकाले परिणाम घोषणा गर्न मिल्छ वा मिल्दैन भन्ने विषयमा आयोगले मौनता साँध्दै आएको छ।

राष्ट्रियसभा गठन नभएसम्म प्रतिनिधिसभाको समानुपातिकतर्फको मत परिणाम घोषणा गर्न नमिल्ने हो त भन्ने प्रश्नमा प्रमुख निर्वाचन आयुक्त डा. अयोधिप्रसाद यादवले घुमाउरो पाराले संविधान र कानुनबमोजिम आयोग अघि बढ्ने बताउनुभयो।

प्रवक्ता ढकालले आयोगले आफ्नो गतिमा काम अघि बढाएको उल्लेख गर्दै आयोग कसैको दबाब र प्रभावमा परेर काम नगर्ने बताउनुभयो। आयोगले मतपरिणाम सार्वजनिक गर्ने तयारी गरिररहेको बताए पनि मत रुजु गर्ने काम सकिएपछि सार्वजनिक गर्ने कि नगर्ने भन्ने बारेमा आयोग द्विविधामा परेको छ। तत्काल परिणाम सार्वजनिक गर्ने कि नगर्ने आयोगलाई प्रक्रियागत समस्या भएको छ। प्रवक्ता ढकालले अन्तिम परिणाम कहिले सार्वजनिक गर्ने भन्ने विषयमा स्पष्ट रूपमा खुलाउन चाहानुभएन।

वाम गठबन्धनले राष्ट्रियसभा गठन नभए पनि प्रतिनिधिसभाको मतपरिणाम सार्वजनिक गर्न निर्वाचन आयोगलाई दबाब दिँदै आएका छन् भने राष्ट्रियसभा गठन नभएसम्म संघीय संसद्मा महिलाको प्रतिनिधित्वको विषय अड्किएकाले परिणाम घोषणा गर्न मिल्छ वा मिल्दैन भन्ने विषयमा आयोगले केही कुरा सार्वजनिक गरेको छैन।

संविधानको धारा ८३ मा संघीय संसद् भन्नाले प्रतिनिधिसभा र राष्ट्रियसभा भएको उल्लेख छ।

धारा ९३ मा प्रतिनिधिसभाको निर्वाचन परिणाम सार्वजनिक भएको ३० दिनभित्र संघीय संसद्को बैठक आह्वान गर्ने र ९५ मा संघीय संसद्को पहिलो बैठकलाई राष्ट्रपतिले सम्बोधन गर्ने उल्लेख छ।

(क्रमशः पृष्ठ ९ मा)




# वैद्य र विप्लव एकीकरणको तयारीमा

प्रशान्त वली, काठमाडौं

शीर्ष दलहरू मिल्न नसकिरहेका बेला टुक्रिएका कम्युनिस्ट पार्टीहरू एकीकरणलाई टुंग्याउने गरी अघि बढेका छन्। मोहन वैद्य नेतृत्वको नेकपा क्रान्तिकारी माओवादी, मोहनविक्रम सिंह नेतृत्वको एकता केन्द्र मसाल, विप्लव नेतृत्वको नेपाल कम्युनिस्ट पार्टी र ऋषि कट्टेल नेतृत्वको नेकपाबीच आन्तरिक रूपमा एकीकरणका लागि गृहकार्य भइरहेको छ। विचार मिल्नेहरूसँग एकताका लागि आफूहरू खुला रहेको नेकपा क्रान्तिकारी माओवादीले बताएको छ।

जनवादी केन्द्रीयता, मालेमावादको सिद्धान्त अवलम्बन गर्ने जोकोहीसँग एकताको ढोका खुला रहेको क्रान्तिकारी माओवादीका केन्द्रीय सदस्य अम्बिका मुडवरीले जानकारी दिनुभयो। माओवादी केन्द्र र एमालेसँग पार्टी एकता हुनै नसक्ने बताउनुभयो। उहाँले भन्नुभयो- 'ती पार्टी कम्युनिस्टको सिद्धान्त नै अवलम्बन गर्दैनन्। त्यसैले देशलाई समृद्ध बनाउन नयाँ जनवादी क्रान्ति अनिवार्य छ। कम्युनिस्टहरू सदैव क्रान्तिप्रति प्रतिबद्ध भएर लाग्नुपर्छ। हाम्रो प्रयास विचार मिल्ने मुख्यत: विप्लव नेतृत्वको नेकपालगायतका दलसँग एकता हुने कुरा साँचो हो। हामी निरन्तर छलफलमै छौं।'

एमाले र माओवादीको एकीकरण नौटंकी भएको भन्दै असन्तुष्टहरू ध्रुवीकरणका लागि आफूकहाँ आएको क्रान्तिकारी माओवादीका नेता सेवन्तराज भण्डारीले *नेपाल समाचारपत्र*लाई जानकारी दिनुभयो। क्रान्तिकारी माओवादीले केही दिनमै ऋषि कट्टेल नेतृत्वको नेकपासँग एकता गर्ने गरी छलफललाई अन्तिम चरणमा पुर्‍याएको बताएको छ।

यस्तै विप्लव नेतृत्वको नेपाल कम्युनिस्ट पार्टीले एकीकृत जनक्रान्तिलाई स्वीकार गरे एकता हुने भन्दै कम्युनिस्टहरूबीच एकीकरणका विषयमा छलफल भइरहेको बताएको छ। जनयुद्धलाई स्वीकार गर्ने र एकीकृत जनक्रान्तिलाई आत्मसात् गर्नेहरूलाई आफूहरू ध्रुवीकरण गराउन तयार रहेको विप्लव नेतृत्वको नेपाल कम्युनिस्ट पार्टीले बताएको छ।

पार्टीका नेता हेमन्त जिसीले *नेपाल समाचारपत्र*सँग भन्नुभयो- 'पार्टी एकीकरणका लागि केन्द्रीय नेताहरू छलफलमा हुनुहुन्छ। हामी एकताको पक्षमा छौं। विचार मिल्नेबित्तिकै एकता हुन्छ।' नेकपा क्रान्तिकारी माओवादीले देशभक्त जनगणतान्त्रिक मोर्चामार्फत संसद्भित्रका अराजक प्रवृत्तिलाई भण्डाफोर गर्न भन्दै चुनाव उपयोग गरेको थियो भने विप्लव नेतृत्वको नेपाल कम्युनिस्ट पार्टीले चुनाव बहिष्कारको नीति लिएको थियो।

# जनकपुर–जयनगर रेल वे सञ्चालनमा ढिलाइ

सुरेश तामाङ, काठमाडौं

यसै वर्षको फागुनदेखि पुन: सञ्चालनमा आउने भनिएको जनकपुर-जयनगर रेल वे ढिला हुने भएको छ। तराईमा आएको बाढी, डुबानले गर्दा रेल वे पुन: सञ्चालनमा ल्याउन ढिलाइ हुने भएको हो।

रेल विभागका महानिर्देशक अनन्त आचार्यका अनुसार फागुनमा रेल वे पुन: सञ्चालनमा ल्याउने तयारी गर्दैगर्दा तराईमा आएको बाढी र डुबानले सम्पूर्ण कामलाई प्रभावित पारेको छ।

'तराईको डुबान र बाढीले हाम्रो सम्पूर्ण काम प्रभावित बनायो। जसले गर्दा निर्धारित समयमा रेल वे सञ्चालनमा ल्याउन सकेनौं', उहाँले भन्नुभयो- 'हामीले केही महिनाको समय थप गरेर रेल वे पुन: सञ्चालनमा ल्याउने तयारी गरेका छौं।'

(क्रमशः पृष्ठ ९ मा)

## नेपाल–भारतबीच छलफल हुने

काठमाडौं, (नेस)

जनकपुर-जयनगर रेल वेमा कस्तो किसिमको रेल सञ्चालनमा ल्याउने भन्ने विषयमा नेपाल-भारतबीच छलफल हुने भएको छ। रेल विभागका अनुसार जनकपुर-जयनगर रेल वेमा कस्ता रेल सञ्चालनमा ल्याउने भन्ने विषयमा छलफलका लागि दुवै देशका रेल प्राविधिकको भेला बस्न लागिएको हो।

विभागका महानिर्देशक अनन्त आचार्यले जनकपुर-जयनगर रेल वेमा रेल सञ्चालन गर्न दुवै देशका प्राविधिक भेला भई छलफल गर्न लागिएको बताउनुभयो।

# महानगर

2017, DEC
Tuesday
26

सुर्ती जन्य पदार्थ नियन्त्रण गर्न बनेको ऐन २०६८ र त्यसलाई संसोधन गर्न बनेको ऐनले चुरोट, खैनी, बिडी, सुर्तीको बट्टा तथा प्याकेटमा खतरा जनाउने चित्र अंकित गरि ७५ प्रतिशत भागबाट बढाएर ९० प्रतिशत बनाएको छ। संशोधित नियम ऐन २०६८ अनुसार २०७२ जेठ २ गतेबाट पूर्णरुपमा लागु गर्नुपर्ने कानुनी व्यवस्था भएपनि अहिले सम्म सूर्यटोबाकोले बट्टामा ९० प्रतिशत चित्र छाप्नुपर्ने नियम पालना गरेकै छैन।

## अर्थ र उद्योग मन्त्रालयले जनस्वास्थ्यमाथि खेलबाड गर्दै

# सुर्तीजन्य पदार्थ नियन्त्रण गर्ने कानुन सरकारले नै पालना गरेन

सरकारले सुर्ती सेवनपछि क्यान्सर भएकालाई जसरी उपचारका लागि ४० करोड बजेट छुट्याउँदै आएको छ सुर्ती नियन्त्रणतर्फ सरकारको ध्यान जाने हो भने यो रकम स्वास्थ्य सेवाको विकासमा लगाउन सकिन्छ।



**भगवती तिमल्सिना**
bgtimilsina@yahoo.com

सरकारले सुर्तीजन्य पदार्थ नियन्त्रण तथा नियमन गर्न २०६८ मा पहिलोपटक ऐन बनायो। यो ऐनलाई २०७१ मा पुन: संशोधन गरी विश्वकै उत्कृष्ट कानुन बनाएकोमा नेपाललाई उक्त कानुन पूर्णरूपमा पालना गर्न पुरस्कृतसमेत गरियो। तर, यतिबेला सुर्तीजन्य पदार्थको नियन्त्रका लागि बनेको कानुन कार्यान्वयन गराउन सरकारले बनाएको नियम लत्याएर जनस्वास्थ्यमाथि खेलबाड गर्नमा सरकारकै मुख्य निकाय अर्थ र उद्योग मन्त्रालय लागेका छन्।

एउटै सरकार सरकारले नियम कानुन बनाउँदा पछिल्लो ऐन आएपछि पहिलाको ऐन स्रोत: खारेज हुने प्रावधान हुँदाहुँदै पनि अर्थ मन्त्रालय र उद्योग मन्त्रालयले सुर्ती नियन्त्रण ऐनको पालना नगरी कानुनको वरखिलाप गर्नुका साथै जनस्वास्थ्यमाथि खेलबाड गरेको स्वास्थ्य मन्त्रालयले जनाएको छ। स्वास्थ्य मन्त्रालयले कानुन बनायो अर्थ मन्त्रालय र उद्योग मन्त्रालयले लागू गर्ने सन्दर्भमा असहयोग गर्दै उद्योगीको भरणपोषणमा उत्रिएको छ। यी दुई मन्त्रालयको असहयोगकै कारण नेपालमा दिन प्रतिदिन सर्नेभन्दा नसर्ने रोगको प्रकोप बढ्दै गएको तथ्यांक सार्वजनिक भइसकेको स्वास्थ्य शिक्षा सूचना तथा सञ्चार केन्द्रका निर्देशक बद्रीबहादुर खड्काले बताउनुभयो।

सुर्ती जन्य पदार्थ नियन्त्रण गर्न बनेको ऐन २०६८ र त्यसलाई संशोधन गर्न बनेको ऐनले चुरोट, खैनी, बिँडी, सुर्तीको बट्टा तथा प्याकेटमा खतरा जनाउने चित्र अंकित गरी ७५ प्रतिशत भागबाट बढाएर ९० प्रतिशत बनाएको छ। संशोधित नियम ऐन २०६८ अनुसार २०७२ जेठ २ गतेबाट पूर्णरूपमा लागू गर्नुपर्ने कानुनी व्यवस्था भए पनि अहिलेसम्म सूर्य टोबाकोले बट्टामा ९० प्रतिशत चित्र छाप्नुपर्ने नियम पालना गरेकै छैन।

सुर्तीजन्य पदार्थ सेवनकै कारण लागूऔषध प्रयोगकर्तामा वृद्धि भएको छ भने सन् २०११ को स्वास्थ्य सर्वेक्षणअनुसार नेपालमा नसर्ने रोगका कारण मृत्यु हुने ४२ प्रतिशत रहेकोमा २०१६ मा पुग्दा ६० प्रतिशत पुगेको छ। विश्व स्वास्थ्य संगठनले गरेको सर्वेअनुसार दक्षिण एसियामा सुर्तीजन्य पदार्थ सेवनमा देखिएको नसर्ने रोग महामारीकै रूपमा वृद्धि भएको छ। यसका लागि नेपाल सरकारलाई कानुनको पालना गरी जनस्वास्थ्यप्रति जिम्मेवार बन्न ध्यानाकर्षण गराइसकेको अवस्था छ। नेपाल सरकारले सन् २०११ मा कानुन बनाई त्यसको कार्यान्वयनका लागि २०१२ मा नियमावलीसमेत बनाइसकेको छ। सरकारकै मुख्य निकाय अर्थ र उद्योगले सुर्तीजन्य पदार्थमा राजस्व वृद्धि र खतरा चिहन छपाइलाई व्यवास्ता गरेको अवस्थामा जनस्वास्थ्य खतरामा परेको छ। विश्व स्वास्थ्य संगठनले २ वटा विषय औंल्याउँदै राजस्व वृद्धि र ऐनमा उल्लेख भएअनुसारको सर्वेबाहेकका सबै क्षेत्रमा राम्रो काम भइरहेको मूल्यांकन गरेको विश्व स्वास्थ्य संगठनका नेपाल प्रतिनिधि डा. खुसिद अलाम हेदरले जानकारी गराउनुभयो।

नेपालमा सुर्तीजन्य पदार्थको सेवनकै कारण नसर्ने रोग लागेर प्रत्येक दिन २ जना अर्थात् वर्षमा २५ हजार मानिसको मृत्यु हुने गरेको छ। नेपालमा उत्कृष्ट कानुन बनाएर पनि कार्यान्वयन गर्ने निकायका कर्मचारी आर्थिक प्रलोभनमा परी कानुनको पालनाको दायरा फितलो बनाउने खेलमा उत्रिएका कारण यो समस्या आएको स्वास्थ्य र गृह मन्त्रालयका अधिकारीहरू बताउँछन्। यता

> लागूऔषधमा प्रवेश गराउने पहिलो चरण सुर्तीजन्य पदार्थको सेवन नै हो यसलाई नियन्त्रण गर्नुको कुनै विकल्प छैन। राम्रो प्रतिफल प्राप्त गर्न जहिले पनि कठिन हुन्छ।

स्वास्थ्य मन्त्रालयको बजेटको ठूलो हिंसा सुर्तीजन्य पदार्थ नियन्त्रणमा खर्च भइरहेको छ। अर्थ मन्त्रालय राजस्व विभागका नीति नियम कार्यान्वयन गर्ने जिम्मेवारी बोकेर बसेका कर्मचारी जनस्वास्थ्यभन्दा उद्योगीको पक्षमा वकालत गर्नमै व्यस्त छन्। जनस्वास्थ्य सुधार हुँदा राज्यले सुर्तीजन्य पदार्थ नियन्त्रणका लागि वर्षेनि खर्च गर्दै आएको ३२ अर्ब स्वास्थ्य सेवा विकास र विस्तारका क्षेत्रमा खर्च गर्न सकिन्थ्यो खड्का भन्नुहुन्छ।

### अर्थ मन्त्रालयलाई सुर्ती ऐन कार्यान्वयनको भन्दा प्रदेश निर्माणका लागि पैसाको चिन्ता छ

यता अर्थ मन्त्रालयको आन्तरिक राजस्व विभागका निर्देशक राजकुमार खतिवडा भन्नुहुन्छ- 'राजस्व एकैपटक दोब्बर बढ्दैन। शुल्क र तौलको आधारमा केजी र तौलमा मात्र राजस्व बढ्छ। प्रतिशतमा हिसाब हुँदैन। सरकारले सुर्तीजन्य पदार्थमा ९० प्रतिशत खतरा चिहन छाप्नुपर्ने ऐन बनाए पनि यो चित्र छापिएन भनेर अर्थ मन्त्रालय राजस्वले जफत गर्ने र कारबाही गर्न मिल्दैन। ऐनमा २० खिल्लीभन्दा कमको बट्टा निकाल्न नमिल्ने उल्लेख गरेको भए पनि राजस्व तिरेको उद्योगले १० खिल्लीको बट्टा पनि निकाल्न पाइन्छ। नेपाल सरकारले सुर्तीजन्य पदार्थको आन्तरिक राजस्व तोक्ने, जरिवाना तोक्नेलगायतका सम्पूर्ण अधिकार अन्तशुल्क अधिकारीलाई आधिकारिक व्यक्तिका रूपमा जिम्मेवारी तोकेको छ र सोहीअनुरूप काम हुन्छ। उद्योगले दर्ता गर्छ अर्थ राजस्वले उद्योग नवीकरण, राजस्व असुली, दण्ड, सजायलगायतका सम्पूर्ण काम गर्छ। उहाँले नेपाल भर्खर संघीयतामा गएको छ यतिबेला सुर्तीमा राजस्व बढाउँदा कसरी सात वटा प्रदेश बनाउने बजेट जुटाउने बाटो नेताहरूले देखाउन ? नेपालको कुल राजस्व ७ सय २० अर्ब हुन आउँछ प्रदेशको विकासका लागि ८ सय ३० अर्ब लाग्छ कहाँबाट ल्याउने ? स्थानीय निकायको खर्च त यसमा जोडिएकै छैन भन्दै उहाँले देशको सबै ठेक्का आफैंले लिएझैं गरी पन्छिनुभयो।

### ऐनको पालनामा चुनौती

कानुनको पालना गर्नुपर्ने सरकारी सबै निकायको एकता अहिलेको चुनौती बन्दैछ। सुर्तीजन्य पदार्थमा राजस्व वृद्धि गर्दा प्रयोगकर्ता घटे पनि राजस्व नघट्ने र जनस्वास्थ्यमाथि खेलबाड गर्दै कमनिकोटिन भएको भनेर हुन्छ या अनेक प्रलोभन देखाएर १८ वर्षमुनिका युवाले खरिदसमेत गर्न नपाउने नियममा भए पनि २० प्रतिशतभन्दा बढी प्रयोगकर्ता १५ वर्षमुनिका हुनु अर्को चुनौतीको विषय भएको छ। खुला सीमानाका कारण भारतले उत्पादनमै रोक लगाइसकेको गुट्खा नेपालमा खुलारूपमा बिक्री भइरहेको छ। नेपाली जनताको स्वस्थ्यका बारेमा ध्यान दिनु सरकारको दायित्व हो । अस्ट्रेलियाले प्लेन प्याकेजिङ शुरु गरिसक्दा नेपालमा ९० प्रतिशत चित्र छपाइ गर्ने कार्य सफल नहुनुको प्रमुख कारक सरकारकै मुख्य निकाय अर्थ मन्त्रालय र उद्योग मन्त्रालयका सीमित राजस्व अधिकारीहरू रहेको गुनासो स्वास्थ्य मन्त्रालयका अधिकारीहरूको रहेको छ।

सुर्तीजन्य पदार्थको प्रयोग न्यूनीकरण अभियानमा लाग्दै आएको संस्था एक्सन नेपालका अध्यक्ष आनन्दबहादुर चन्दले चित्रकै कारण सुर्तीजन्य पदार्थको सेवन दरमा कमी आएको विगतमा आफ्नो संस्थाले गरेको सर्वेले देखाइसकेको बताउनुभयो। उहाँले सरकारले ९० प्रतिशत चित्र छाप्ने कानुनको तत्काल कार्यान्वनय गर्नुपर्ने बताउनुभयो।

महानगरीय आयुक्त कार्यालयका प्रमुख प्रहरी अतिरिक्त महानिरीक्षक जयबहादुर चन्द भन्नुहुन्छ- 'आफू काठमाडौं प्रहरी प्रमुख हुँदा चुरोट सेवन (चुसे) अभियान शुरु गर्दा शुरुका दिनमा दैनिक ५ सयदेखि १ हजार जनालाई सचेत गराएको जानकारी गराउनुभयो। त्यतिबेला कानुन असफल बनाउने डिजाइनर समूहका केही पक्षले असहयोग गर्ने हरकद नगरेका होइनन्। तर, हामी अभियानबाट पछि हटेनौं किनकि यो अभियान युवावर्गलाई कुलतबाट जोगाउने र सुर्ती सेवनलाई निरुत्साहित पार्ने नै थियो। उहाँले लागूऔषधमा प्रवेश गराउने पहिलो चरण सुर्तीजन्य पदार्थको सेवन नै हो यसलाई नियन्त्रण गर्नुको कुनै विकल्प छैन। राम्रो प्रतिफल प्राप्त गर्न जहिले पनि कठिन हुन्छ।'

नेपाल प्रहरीको उच्च पदमा आसिन भएर सेवाबाट अवकाश पाउनुभएका विक्रमसिंह थापा अहिले नेपाली कांग्रेसको नेतृत्वमा रहेर देश र जनताको सेवामा समर्पित हुने अठोटका साथ अघि बढ्नुभएको छ। उहाँ काठमाडौंको प्रहरी प्रमुख भई काम गरिरहँदा युवा जगत् लाई लागूऔषधमा पुऱ्याउने पहिलो स्टेज नै धुमपान हो, यो नियन्त्रणको खाँचो छ भन्दै अघि बढ्नुभएको थियो। युवावर्गलाई कुलतबाट मुक्त गर्न नेपालले पनि भुटानजस्तै सुर्तीजन्य पदार्थ मुक्त देशका रूपमा आफूलाई चिनाउनुपर्छ र विकासमा लगाउनुपर्छ। सुर्तीजन्य पदार्थ नियन्त्रणका लागि काम गर्दा धम्की दिनेदेखि प्रलोभन देखाउनेसम्मका कार्य भए तर, निडर भएर काम गर्ने अठोटका साथ लागिपरे। उहाँले आफू बाँकेमा कार्यरत हुँदा थुनामा परेका २ सय लागूऔषध प्रयोगकर्तामध्ये ७० प्रतिशतले लागूऔषधको शुरुआत चुरोट सेवनबाटै गरेको पाएको बताउनुभयो।

सरकारले सुर्ती सेवनपछि क्यान्सर भएकालाई जसरी उपचारका लागि ४० करोड बजेट छुट्याउँदै आएको छ सुर्ती नियन्त्रणतर्फ सरकारको ध्यान जाने हो भने यो रकम स्वास्थ्य सेवाको विकासमा लगाउन सकिन्छ। स्वास्थ्यमन्त्री दीपक बोहराले जाँदाजाँदै भए पनि क्यान्सरजन्य रोगीका लागि अर्थात् मुटुका रोगीलाई मासिक ५ हजार उपलब्ध गराउने सस्तो लोकप्रियताको झटारो फाल्नुभएको छ। उहाँले दिगो निकासका लागि अर्थ मन्त्रालयमा कार्यरत राजस्व विभागका व्युरोक्यासटहरूलाई बुझाएर कानुनको पालना गर्न लगायको भए निकै प्रशंसनीय हुनुहुने थियो कि ?

राजपत्रमा प्रकाशित भएको ऐन पालना गर्न नपर्ने उन्मुक्ति पाएको नेपालको अर्थ र उद्योग मन्त्रालयका कर्मचारीलाई कानुनको मूलधारमा ल्याउनुभन्दा बिरामीलाई ललाई-फकाई गरेर कानुनलाई कागजमा मात्र सीमित राख्न यस्ता कार्यले मद्दत गर्ने विज्ञहरूको ठम्याई छ। स्वास्थ्य मन्त्रालयका प्रवक्ता प्राडा श्रीकृष्ण गिरी भन्नुहुन्छ- 'व्यापारको अधिकार र कृषि उत्पादन भनेर सुर्तीजन्य पदार्थ बाझिएको अवस्थालाई समेत स्पष्ट पारी कानुनको पालना गर्नुपर्ने कुरा औंल्याउनुहुन्छ। स्वास्थ्य सेवा विभागका महानिर्देशक डा. राजेन्द्र पन्त भन्नुहुन्छ- 'टोबाको मान्छे मार्ने मन्द विष हो यसमा राजस्व बढाउँदा अर्थतन्त्रमा कुनै फरक पर्दैन। विश्वमै सुर्तीजन्य पदार्थ सेवनका कारण क्यान्सर, दम, मधुमेह, मुटुरोगजस्ता नसर्ने दीर्घरोग बढेको र यसको नियन्त्रणका लागि विश्वको ध्यान केन्द्रित भएको अवस्थामा नेपालमा बनिसकेको यति उत्कृष्ट कानुन लागू गर्न पछि पर्नुहुन्न।

## कुन-कुन निकायको के-के जिम्मेवारी ?

- अर्थ मन्त्रालयले सुर्तीजन्य पदार्थमा राजस्व वृद्धि गरी अर्थतन्त्रलाई बलियो बनाउनुका साथै जनस्वास्थ्य सुधारमा टेवा पुऱ्याउने।
- नियमको पालना भए/नभएको अनुगमन गर्ने।
- उद्योग मन्त्रालयले उद्योग दर्ता ऐनअनुसार दर्ता गरेको उद्योगलाई नियम कानुनको पालनाको दायरामा ल्याउने।
- ९० प्रतिशत खतरा चिह्न सुर्तीजन्य पदार्थको बट्टामा छापिए/नछापिएको निरीक्षण गरेर मात्र स्टिकर उपलब्ध गराउनुपर्नेमा उद्योग मन्त्रालयले उद्योगीलाई पहिला नै स्टिकर दिने गरेका कारण ऐनको पालना नभएको स्पष्ट देखिन्छ।
- स्वास्थ्य मन्त्रालयले अर्थ र उद्योग मन्त्रालयसँग कानुनको पालनाका लागि गर्नुपर्ने सहकार्य, परामर्श गरी कार्यान्वयनको पक्षमा पुऱ्याउन एकै थलोमा बसेर पहल गर्नुपर्ने।
- गृह मन्त्रालयले अनुगमनको जिम्मेवारी तोकिएअनुसार तदारूकताका साथ काम गर्न छुट्टै समूह बनाई मापसेमा जस्तै सुर्ती नियन्त्रणका लागि सार्वजनिक स्थलमा हुने सुर्ती सेवन, लागूऔषध प्रयोगलाई नियन्त्रणमा लिन थप पहल गर्नुपर्ने।
- सरकारले जनस्वास्थ्यलाई विशेष प्राथमिकतामा राखेर व्यवहारिकरूपमै लागू हुने काम गर्नुपर्ने।
- कानुनको पालना गर्ने मुख्य निकायकै तालमेल नहुँदा सुर्ती नियन्त्रण ऐन निस्क्रिय
- अर्थ र उद्योग मन्त्रालयका व्युरोक्याटहरूले आर्थिक प्रलोभनमा परी जनस्वास्थ्यमाथि खेलबाड गरेको स्वास्थ्य र गृह मन्त्रालय तथा सुर्ती नियन्त्रणका क्षेत्रमा सहकार्य गर्दै आएका निकायहरूको धारणा सार्वजनिक भएको छ।

## कानुनको पालना गर्ने मुख्य निकाय नै सरकार हो

युनियन एसिया प्यासेफिक सिंगापुरका निर्देशक डा. तारासिंह बम भन्नुहुन्छ- 'नेपालको सुर्तीजन्य पदार्थ नियन्त्रणसम्बन्धी कानुनको पालना गर्ने निकाय भनेकै सरकार हो र सरकारले ऐन बनाएपछि यो मन्त्रालयको र त्यो मन्त्रालयको भन्ने हुँदैन। सरकारका सबै निकायले पूर्णरूपमा पालना गर्नुपर्छ।' सुर्ती नियन्त्रण ऐन ल्याउनमा सन् १९९२ देखि नै नेपाल सरकारले थालनी गरी सार्वजनिक थलोमा सुर्ती सेवन गर्न रोक लगाएको पाइन्छ। त्यति बेलादेखि हालसम्मका अवस्थामा पुग्दा राजनैतिक प्रतिबद्धता, सरकारको स्वास्थ्यप्रतिको लचकता, न्यायपालिकाले जनस्वास्थ्यप्रतिको न्यायोचित निर्णय, सञ्चारमाध्यमले ऐन ल्याउनेदेखि कार्यान्वयनको पाटोमा खेलेका भूमिका, विश्व स्वास्थ्य संगठन, स्वास्थ्य, गृह मन्त्रालय र सहकार्यमा जुटेका अन्य निकाय तथा जनताको चासो र सचेतना महत्त्वपूर्ण भूमिका खेलेको छ। म र मेरो लागि भन्ने सोचको विकास नभएसम्म सुर्तीजन्य पदार्थ नियन्त्रण सम्भव छैन।

उहाँ थप्नुहुन्छ- 'सहस्राब्दि विकास लक्ष्य हासिल गर्नका लागि तल्लो तहबाटै जनस्वास्थ्यका बारेमा जनचेतना जगाउनुपर्छ। गरिबी निवारणका कुरा गर्दा नेपालमा सबभन्दा बढी रक्सी, चुरोट प्रयोगकर्ता गरिबको माझमा छ। सरकारले वास्तवमै गरिबी निवारण गर्ने हो भने यो जनमानसलाई लक्ष्य बनाएर अघि बढ्नुपर्छ। गरिब, आम्दानी कम हुनेलेनै धेरै सुर्ती सेवनमा खर्च गर्छ। यो समस्या राज्यको हो। कानुन र नीति धेरै राम्रा बनेका छन्। यसको प्रयोगको खाँचो स्पष्ट देखिन्छ। विश्वमा सुर्ती सेवनका कारण वर्षेनि ७० लाख मानिसको मृत्यु हुँदा नेपालमा थप उच्चदर रहेको छ। सुर्तीको मूल्य कम भएकै कारण नेपालमा प्रयोगकर्ता बढेका हुन्। सिंगापुरमा ६८ प्रतिशत राजस्व लगाएकै कारण ४० प्रतिशत मात्र प्रयोगकर्ता छन्। राजस्वको स्रोत सुर्तीजन्य पदार्थ सिंगापुरले मान्दैन। तर, नेपालका व्युरोक्यासहरूको नियतिले गर्दा नै नेपालका क्यान्सरजन्य रोग उत्पत्तिको थलो बन्दै छ। थाइल्यान्डमा सुर्तीजन्य पदार्थमा ८० प्रतिशत राजस्व सुर्तीजन्य पदार्थमा लगाएर निरुत्साहित गर्दै छ। नेपालले भने उद्योग घाटामा जान्छ भन्दै कर नलगाएको अवस्था छ। यस्ता उद्योगले घाटामा हैन सयौं गुना नाफा कमाइसकेका छन्। डा. बमले खतिवडालाई प्रश्न गर्दै भन्नुभयो- 'सुर्ती नियन्त्रण ऐन नै राजस्व विभागले स्वीकार्न चाहन्न। नेपालमा गाँजा जलाउन मिल्ने, सुन जफत गर्न मिल्ने सुर्ती नियन्त्रणका लागि राजस्व बढाउन किन नमिल्ने ? कानुनको पालन नहुनुको मूल कारक दुई मन्त्रालयको समन्वय नहुनु नै हो।'







# चिसो मौसममा तातो फेसन शो

फेसन शोले तात्ने राजधानी केही समययता सेलाउन थालेको छ। फेसन शोको क्षेत्रमा आएको यो मन्दीलाई चिर्दै राजधानीको बौद्धस्थित हायत रिजेन्सी होटलको हालैको रात भने फेसन शोले फेरि तात्न पुग्यो।

एकपछि अर्को सिक्वेन्समा मोडलहरूले हायतमा सजिसजाउ ऱ्याम्प नाप्दा दर्शक तातेनन् मात्र, रोमाञ्चित पनि हुन पुगे। राजधानीका उत्कृष्ट र व्यवसायी ६ दर्जन मोडलले बिरालोको चाल मार्दै ऱ्याम्प नापेको फेसन शोमा १३ विभिन्न सिक्वेन्समा तयार पारिएका फेसन प्रदर्शन गरिएको थियो। लेहेंगा, साडी, जिन्स आइटम, वान पिस र गाउनका नौला तथा सुन्दर डिजाइनमा मोडलहरूले आकर्षक ढंगले ऱ्याम्पको फन्को मारे।

आईईसी कलेज अफ फेसन एन्ड आर्टद्वारा आयोजित *आईईसी डिजाइन्स् रनवे सेसन* ७ नाम दिइएको फेसन शो नेक्स्ट मोडल्स् नेपालको इभेन्ट मेनेजमेन्टमा भएको थियो। चिसो रातलाई तताउँदै करिब ३ घण्टा चलेको फेसन शोमा आईईसी कलेज अफ फेसन एन्ड आर्टमा अध्ययनरत २०१७ मा पास आउट ५१ विद्यार्थीले तयार पारेका विभिन्न १३ थिमका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय डिजाइन प्रदर्शन गरिएको थियो।

*पूर्वमिस नेपाल* मोडल मालिभका सुब्बाले सञ्चालन गरेको *फेसन शो*मा नायिकाहरू स्वतिमा खड्का, अशिस्मा नकर्मी, मलिना जोशीलगायत सो टपरको रूपमा रहेका थिए भने विशेष प्रस्तुतिमा विद्यार्थीले अध्ययनको क्रममा तयार पारेका आकर्षक पहिरन प्रदर्शन र प्रबर्द्धनको उद्देश्यले फेसन शो आयोजना गरिएको कलेजकी प्रबन्ध निर्देशक शैलजा अधिकारीले जानकारी गराइन्।

फेसन शोका लागि राजधानीमा अडिसन गरेर मोडलहरू चयन गरिएको थियो। अडिसनमा १ सय ५० नयाँ तथा पुराना मोडल सहभागी थिए।

मोडलहरूलाई कोरियोग्राफर तथा अभिनेता प्रशान्त ताम्राकारले प्रशिक्षण दिई ऱ्याम्पमा उतारेका थिए।

## सुरेन्द्रको अमर सार्वजनिक



गीतकार तथा गायक सुरेन्द्र महर्जन 'अमर' को १६ गीति अडियो एल्बम *अमर-२* राजधानीमा आयोजित एक समारोहबीच नेपाल गीतकार संघका अध्यक्ष चुडामणि देवकोटाले सार्वजनिक गरेका छन्।

सात गीत समावेश एल्बममा सुरेन्दकै रचना तथा मेलिना राई, शिव परियार, शिखा भारती, सविन लिम्बु, नीता थापामगर, दिना थानी र स्वयं रचनाकार सुरेन्द्रकै स्वर रहेका छन्। एल्बममा *मभन्दा नि, आशा मर्दै गयो, मरेर जल्छु, वीर नेपाली, तड्पिएर बाँच्ने, दुःख र सुख* बोलका गीत छन्। यी गीतमा राम कार्की, सन्तोष श्रेष्ठ र राजकुमारले संगीत दिएका छन्। चर्चामा रहका तर एल्बमको रूपमा आइनसकेका गीतहरू यसमा समावेश छन्।

कार्यक्रममा एल्बममा संगृहित संगीता रायमाझीको स्वर र संगीत रहेको *हावाहुरी चलेपछि झनै याद आयो तिम्रो* बोलको गीतको म्युजिक भिडियो पनि सार्वजनिक गरिएको छ। सरोज श्रेष्ठको निर्देशन रहेका भिडियोमा रक्षा आचार्य र निराजनको अभिनय छ। कार्यक्रमा एल्बमको प्रस्तुतकर्ता ओएस नेपालका तर्फबाट *ओएस म्युजिक अवार्ड लाइफ टाइम एचिभेन्ट अवार्ड २०७४* बाट सम्मानित गरिएको थियो।

## महोत्सवमा गायन स्पर्धा

हेटौंडा, (नेस)। हेटौंडामा जारी *दोस्रो खेलकुद तथा व्यापार महोत्सव* २०७४ को तेस्रो दिनबाट एकल गायन प्रतियोगिता शुरू गरिएको छ।

२२ प्रतियोगी सहभागी प्रतियोगितामा १५ गायकगायिकाले अर्को राउन्डमा प्रवेश पाएका छन्। छनोट भएका १५ गायकगायिकामा मनमाया वाइबा, चन्द्रप्रकाश वाइबा, प्रेमलाल बैठा, सञ्जय तामाङ, सुजन बस्नेत, गंगामाया पाखिन, मिलन पुलामी मगर, रमेशराजेश दर्नाल, राजकुमार मोक्तान, विक्रम भोम्जन, गौरी सुवेदी, सुनील तामाङ, अस्मिन तामाङ, श्याम घलान र श्रीखण्ड राई छन्।

२२ जनाले अनप्लग भर्सन र म्युजिक ट्र्याकमा गीत सुनाएका थिए। सुर, ताल र प्रस्तुतिका आधारमा छनोट भएका १५ गायकगायिकाको प्रस्तुतिबाट १० जना छनोट गरिने निर्णायक समितिले जनाएको छ। निर्णायक समितिमा गायक ईश्वर खड्का र गायिका सुनीता शर्मा लुइँटेल रहेका छन्। गायकगायिकको प्रस्तुति र दर्शक भोटका आधारमा पहिलो, दोस्रो र तेस्रो छनोट हुने छन्। गायन विधामा पहिलो, दोस्रो र तेस्रो हुनेले क्रमशः २०, १० र ५ हजार नगद प्राप्त गर्ने मेला सहसंयोजक विशाल घोषले बताए।





# साधनाको नयाँ अंकका विशेष आकर्षणहरु




**होसियार ! एलर्जीले दीर्घरोगी बनाउला**

एलर्जीको उपचार समयमै नगरे जीवनभर पछुताउनुपर्छ । समयमै उपचार गरेको खण्डमा अब कुनै पनि बिरामीले एलर्जी भयो भनेर आत्तिनुपर्दैन । खोप र औषधिका माध्यमबाट यसको उपचार नेपालमै शुरू भैसकेको छ । उपयोगी रिपोर्ट ।

**नसा च्यापिँदाको पीडा : उपचार के छ त ?**

नसा च्याँपिदा नसाको काम अवरूद्ध हुन पुग्छ । त्यसैले कम्मर दुख्ने, च्यापिएको नसा गएको हात-खुट्टातिर दुख्ने, हातखुट्टा निदाउने, झमझमाउने, लाटो हुने, बिस्तारै हातखुट्टा तथा ढाड चलाउन नसक्ने, ढाडमा अधिक पीडा हुनेजस्ता समस्या आइपर्छ । आखिर के छ त उपचार ? पढ्नै पर्ने लेख ।

**होल बडी चेकअप : कहाँ कति ?**

होल बडी चेक गरेपछि त्यसको रिपोर्टले सामान्यतया सम्भावित रोग र रोग लाग्न नदिने उपायहरूका बारेमा समेत पूर्वजानकारी गराउँछ । होल बडी चेक अप गर्दा के-के चेक गरिन्छ र यसबापत कुन अस्पतालले कति रूपियाँ लिन्छन् ? सन्देशमूलक रिपोर्टिङ ।

**कुपोषण हटाउने सरकारी प्रयास : स्थानीय खानेकुरामा बेवास्ता**

स्वास्थ्य मन्त्रालय गर्भवतीलाई क्याल्सियम र प्रोटिन खानुपर्छ भनेर महँगो औषधि बाँडदै हिंड्छ, साथै केवल बालभिटा बाँडेर बालबालिकाको कुपोषण कम गर्न चाहन्छ । यस्ता क्याल्सियम र बालभिटाका प्याकेट होइन, वरिपरिको स्थानीय खाना खान समुदायलाई सिकाउनुपर्नेमा जोडदार कुरा उठाइएको पोषणविद् डा. अरूणा उप्रेतीको लेख ।

**पेट घटाउन योगाभ्यास**

पेट बढ्नु स्वास्थ्य र सौन्दर्य दुवैका दृष्टिकोणले राम्रो मानिदैन । खानपानमा सावधानी अपनाएर योगाभ्यास गर्ने गरेमा बढेको पेट घटाउन सकिन्छ । पेट बढेकाहरूका लागि योग चिकित्सक डा. क्षितिज बराकोटीको उपयोगी लेख ।

**स्मार्ट देखिन हेयर कट गर्नेको लर्को**

सौन्दर्यको कुरा गर्नुपर्दा अनुहार मात्र सबै थोक होइन । सुन्दर कपाल अनि उसको हेयर कट तथा स्टाइलले पनि मानिसको व्यक्तित्व अझ खुलेको देखिन्छ । त्यसैले स्मार्ट देखिन ब्युटिपार्लरमा हेयर कट गर्नेको लर्को लाग्ने गरेको छ । अनुभवी ब्युटिसियनको लेख ।

**रोग र दुःख मुक्तिका लागि बुद्ध मेडिसिन**

सुख र शान्ति प्राप्त गर्नका लागि अनुशासनहीन मनलाई नियन्त्रण गर्ने विज्ञान नै बुद्ध-मनोविज्ञान हो । यस विज्ञानको अनुशरण गर्ने हो भने मानिस सुखी र निरोगी हुन धेरै मद्दत मिल्छ । एक मनोविद्को सन्देशमूलक लेख ।

**के डाइटरी सप्लिमेन्ट लिन जरूरी छ ?**

डाइटरी सप्लिमेन्ट न खाद्यपदार्थ हो, न त औषधि नै हो ? यो एउटा उत्पादन हो, जसमा खाद्यपदार्थमा पाइने तत्व रहेको हुन्छ । के यो तत्व पाइने ट्याब्लेट खानु जरूरी छ त ? पोषण विज्ञ डा. जया प्रधानको स्वास्थ्योपयोगी लेख ।

- गर्भमा बच्चा उल्टो बसेमा ज्यानकै खतरा
- नाइटिङ्गेलको जीवनीले नर्सिङ अध्यापिका बनायो
- मधुमेहले आँखामा असर पुऱ्यायो कि ?
- स्खलनपछिको शारीरिक सम्पर्क
- बढी खान नहुने ७ पदार्थ

साथमा तपाईंका घरमा हाम्रा डाक्टर, इन्ट्रेस्टिङ हेल्थ फ्याक्टस्, हेल्थ न्यूज, हेल्थ टिप्सलगायतका स्थायी स्तम्भहरू।

# विचार

{ असफलता त्यो अवसर हो, जसले अझै सच्चिएर अघि बढ्ने मौका दिन्छ।
- हेनरी फोर्ड }

{ दीनहीन जीवन कायरले मात्र जिउने गर्छ, के तपाईं कायर हो ?।
- माइकल फराडे }

## सम्पादकीय

नेपाल समाचारपत्र

# अलमलिएको राजनीति

मुलुकको राजनीति अलमलिएको छ । आफूले चुनाव जितेपछि वाम गठबन्धनले भनेझैँ मुलुक सहज तवरले क्रमशः राजनीतिक स्थायित्वको दिशामा जानेमा आशंकाको कालो बादल मडारिएको छ। वाम गठबन्धनलाई बहुसंख्यक ठाउँमा जिताएका मतदाताहरुले चुनावपछिको राजनीति अलमलिनेछ भन्ने सोचेका पनि थिएनन् ।

राष्ट्रिय सभाको निर्वाचन प्रणाली एकल संक्रमणीय हुने वा पहिलो हुने निर्वाचन प्रणालीअनुसार हुने विषयमा राजनीतिक दलहरुबीच एकमत हुन सकिरहेको अवस्था छैन। सरकारले राष्ट्रिय सभा गठनसम्बन्धी अध्यादेश राष्ट्रपति विद्यादेवी भण्डारीले अड्काइरहेकोमा अनेक प्रश्नहरु उठाएको छ। वाम गठबन्धन वर्चश्व रहेको नेकपा (एमाले) ले अध्यादेश प्रमाणीकरण नगर्न राष्ट्रपति भण्डारीलाई दबाब दिइरहेको अवस्था छ । यसले गणतन्त्रको उपलब्धिका रुपमा रहेको राष्ट्रपतिलाई विवादमा तान्ने जोखिम बढिरहेको छ । संविधानतः मन्त्रिपरिषद्ले पठाएको अध्यादेशमा स्वीकृति दिनुपर्ने संवैधानिक प्रावधानबारे पनि विभिन्न कोणबाट बहस भइरहेको छ ।

यसै बीच वाम गठबन्धनको एउटा मुख्य घटक माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले राष्ट्रिय सभालाई प्रतिपक्षविहीन बनाउन नहुने भन्दै घुमाउरो ढंगले एकल संक्रमणीय मत प्रणाली नै अहिलेको अवस्थामा उपयुक्त हुने बताउनुभएको छ । त्यसै गरी राष्ट्रपतिसँगको भेटघाटमा संघीय समाजवादी फोरमका अध्यक्ष उपेन्द्र यादवले पनि अध्यादेश पारित गर्नुपर्ने सुझाव दिनुभएको कुरा बाहिर आएको छ । एकल संक्रमणीय मत प्रणालीका बारे कांग्रेसले पनि दोहोरो मापदण्ड अपनाएको थियो । माओवादीसँग सहकार्य गर्दा कांग्रेसले पनि बहुमतबाट राष्ट्रिय सभा गठन गर्नुपर्नेमा जोड दिएको थियो। पछि माओवादी वाम गठबन्धनमा लागेपछि सरकारले एकल संक्रमणीय मत प्रणालीबाट राष्ट्रिय सभा गठन गर्नुपर्ने अध्यादेश राष्ट्रपतिकहाँ पठाएको थियो। कुनै विषयमा राष्ट्रको दीर्घकालीन आवश्यकता, बृहत्तर हितलाई विचार गरेर सैद्धान्तिकरुपमा स्पष्ट कुरा राख्नुको साटो आफ्नो स्थिति हेरेर धारणा राख्ने द्वैधचरित्रले गर्दा पनि अहिलेको राजनीति अलमलिएको यथार्थ कसैबाट लुकेको छैन ।

फेरि राष्ट्रिय सभालाई प्रमुख प्रतिपक्षविहीन बनाउन नहुने भनाइ उत्तिकै साँच्चो रहेको छ । नेपालजस्तो विविधताले भरिएको समाजमा राष्ट्रिय सभाको बनोट सामाजिक, लैंगिक हरेक दृष्टिले प्रतिनिधित्व गराउनु आवश्यक रहेको छ। यस अर्थमा वाम गठबन्धनको मुख्य वर्चश्व रहेको नेकपा (एमाले)ले बहुमतको उन्माद वा अहंकारभन्दा पनि राष्ट्रको आवश्यकता, राष्ट्रिय सभामा सबैको प्रतिनिधित्वको विचार गरेर एकल संक्रमणीय मतको आधारमा पनि प्रतिनिधित्व हुनुपर्ने विषयमा सकारात्मक हुनु बुद्धिमानी हुनेछ । सरकारको नेतृत्व गरिरहेको दल नेपाली कांग्रेस स्वयं प्रधानमन्त्री शेरबहादुर देउवाले समेत जनमतको सम्मान गरी वाम गठबन्धनलाई सत्ता हस्तान्तरण गर्न आतुर रहेको सन्देश प्रवाह हुने गरी राजनीतिक दलहरुसँग छलफल गर्नु राष्ट्रको हितमा हुनेछ । राजनीतिक दलहरुबीच छलफल गरेर अघि बढ्नु राजनीतिक स्थायित्वको दिशामा मुलुक अघि बढाउने प्रस्थानविन्दु हुनेछ। अलमलिएको राजनीतिको गाँठो फुकाउने सूत्र पनि संवाद नै हो ।

**लेखकहरूलाई अनुरोध**

१२०० शब्दसम्मका उत्कृष्ट लेख-रचना एवम् छोटा पाठक-पत्रहरू निम्न ठेगानामा पठाउनुहुन अनुरोध गरिन्छ।

email : samacharpatrac@gmail.com, lekh_rachana@yahoo.com

# संविधानको अपव्याख्या नगरियोस्



सानुराजा पुरी

नेपालमा सघीय शासन प्रणालीलाई कार्यान्वयन गर्ने प्रतिनिधिसभा र प्रदेशसभाको ऐतिहासिक निर्वाचन सम्पन्न भई मत परिणामसमेत सार्वजनिक भएको छ। निर्वाचन आयोगले प्रदेशसभाको समानुपातिकतर्फको सिट संख्या पनि सार्वजनिक गरिसकेकाले अब लगभग प्रतिनिधिसभाले पूर्णता पाएको मान्न सकिन्छ।

नेपालको सविधान २०७२ मा प्रस्तावना, ३५ भाग, ३०८ धारा र ९ अनुसूची समावेश छन्। सविधानभित्र रहेका यी सबै मूल कानुनको नेता, कार्यकताहरू, आमनागरिक, कानुनका जानकार व्यक्तिहरूले आ-आफ्नै तरिकाले व्याख्या गरेका छन्। समय सन्दर्भअनुसार कानुनका ज्ञाताहरूले समेत सविधानवादभन्दा दलीय स्वार्थवादमा संविधानको अराजक व्याख्या गरेको पाइन्छ। आमनागरिकलाई मूल कानुनको जानकारी गराउने कानुनविद्हरूले यति बेला दुई कित्तामा व्याख्या गर्दै गरेको पाइन्छ। यी दुवै कित्ताका कानुनविद्ले सही र सत्य नागरिकलाई जानकारी गराउन सकेका छैनन्। दुवै कित्ताका कानुनका ज्ञाताले अध्ययन गर्ने र व्याख्या गर्ने संविधान एउटै हो, फरक छैन।

संघीय व्यवस्थापिका : धारा ८३- प्रतिनिधिसभा र राष्ट्रिय सभासहितको सघीय संसद् हुनेछ। धारा ८४- प्रतिनिधिसभामा २७५ जना सदस्य हुनेछन्। १६५ प्रत्यक्ष निर्वाचन प्रणाली र ११० जना समानुपातिक निर्वाचन प्रणालीबाट निर्वाचित हुनेछन्। कुनै करणबाट विगठन भएमा बाहेक कार्यकाल ५ वर्षको हुनेछ।

राष्ट्रिय सभा धारा ८६- एक स्थायी सभा, यसमा ५९ जना सदस्य रहनेछन्। प्रदेशसभाका सदस्य, गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिकाका प्रमुख र उपप्रमुख रहेको निर्वाचक मण्डलद्वारा संघीय कानुनबमोजिम प्रदेशसभाका सदस्य, गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिकाका प्रमुख र उपप्रमुखको मतको भार फरक हुने गरी प्रत्येक प्रदेशबाट कम्तीमा तीन जना महिला, एकजना दलित र एकजना अपांगता भएका व्यक्ति वा अल्पसंख्यकसहित आठ जना गरी निर्वाचित छपन्न जना, र नेपाल सरकारको सिफारिसमा राष्ट्रपतिबाट मनोनीत कम्तीमा एकजना महिलासहित तीन जना। राष्ट्रिय सभाका सदस्यहरूको पदावधि छ वर्षको हुनेछ। राष्ट्रिय सभाका एक तिहाइ सदस्यको पदावधि प्रत्येक दुई वर्षमा समाप्त हुनेछ।

> राष्ट्रिय सभा गठन अध्यादेश करिब २ महिनादेखि गाँठो परेर राष्ट्रपतिसमक्ष बसेको छ। राष्ट्रिय सभा पहिला कि नयाँ सरकार गठन पहिला ? समस्या केही छैन। यो त दलीय इगो मात्र हो। जनमतको सम्मान गर्दै नयाँ सरकार गठन गरी राष्ट्रिय सभाको गठन प्रक्रिया अगाडि बढाउँदा कुनै संवैधानिक बाधा पर्दैन।

राष्ट्रिय सभा गठनको कानुन अभावमा सरकारले पेस गरेको अध्यादेश राष्ट्रपतिमा रोकिएको छ। कारण निर्वाचन प्रणाली बहुमतीय वा एकल संक्रमणीय निर्वाचन प्रणाली ? बहुमतीय निर्वाचन प्रणाली भएमा एमाले अनि माओवादी केन्द्र (वाम गठबन्धन) ४८ र नेपाली कांग्रेस, राजपा, ससफो गरी ८ सदस्य हुनेछ। एकल संक्रमणीय निर्वाचन प्रणाली भएमा एमाले अनि माओवादी केन्द्र (वाम गठबन्धन) ३८ र नेपाली कांग्रेस १४, राजपा २, ससफो २ सदस्य हुनेछ। ठूला राजनीतिक दल राष्ट्रिय सभा अध्यादेशलाई आफ्नो अनुकूल बनाउन लागिपरेका छन्।

अध्यादेशसम्बन्धी व्यवस्था ११४ : अध्यादेश : (१) संघीय संसद्को दुवै सदनको अधिवेशन चलिरहेको अवस्थामा बाहेक अन्य अवस्थामा तत्काल केही गर्न आवश्यक परेमा मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपतिले अध्यादेश जारी गर्न सक्नेछ। (२) उपधारा (१) बमोजिम जारी भएको अध्यादेश ऐनसरह मान्य हुनेछ। तर त्यस्तो प्रत्येक अध्यादेश-

(क) जारी भएपछि बसेको संघीय संसद्को दुवै सदनमा पेस गरिनेछ र दुवै सदनले स्वीकार नगरेमा स्वतः निष्क्रिय हुनेछ (ख) राष्ट्रपतिबाट जुनसुकै बखत खारेज हुन सक्नेछ र

(ग) खण्ड (क) वा (ख) बमोजिम निष्क्रिय वा खारेज नभएमा दुवै सदनको बैठक बसेको साठी दिनपछि स्वतः निष्क्रिय हुनेछ।

स्पष्टीकरण : यस उपधाराको प्रयोजनका लागि 'दुवै सदनको बैठक बसेको दिन' भन्नाले संघीय संसद्का दुवै सदनको अधिवेशन प्रारम्भ भएको वा बैठक बसेको दिन सम्झनुपर्छ र सो शब्दले संघीय संसद्का सदनहरूको बैठक अघि-पछि गरी बसेको अवस्थामा जुन सदनको बैठक पछि बसेको छ सोही दिनलाई जनाउँछ।

राष्ट्रिय सभा गठन अध्यादेश संवैधानिक कि असंवैधानिक ? सदन नभएको अवस्थामा मन्त्रिपरिषद्ले पेस गरेको अध्यादेश संवैधानिक छ तर यसका अन्तरवस्तुहरू के-कसरी तयार गरिएका छन्, त्यति बेलाका संसद्का दलहरूले बुझेका होलान् ?

नयाँ सरकार गठन : प्रतिनिधिसभाले मन्त्रिपरिषद्को गठन गर्ने व्यवस्था संविधानको धारा ७६ मा गरिएको छ। यस धारामा कहीं-कतै राष्ट्रिय सभाको आवश्यकता महसुस गरिएको छैन। राष्ट्रिय सभाविना नै मन्त्रिपरिषद् गठन हुन सक्छ। धारा ७६ को उपधारा २ देखि १० सम्ममा मन्त्रिपरिषद् गठनको व्यवस्था गरिएको छ। ७६ (१) मा राष्ट्रपतिबाट बहुमत प्राप्त दलको संसदीय दलको नेता प्रधानमन्त्रीमा नियुक्त हुनेछ। अब बन्ने नयाँ सरकार गठनमा यो धारा आकर्षित हुँदैन। धारा ७६ (२) उपधारा (१) बमोजिम प्रतिनिधिसभामा कुनै पनि दलको स्पष्ट बहुमत नरहेको अवस्थामा प्रतिनिधिसभामा प्रतिनिधित्व गर्ने दुई वा दुईभन्दा बढी दलहरूको समर्थनमा बहुमत प्राप्त गर्न सक्ने प्रतिनिधिसभाको सदस्यलाई राष्ट्रपतिले प्रधानमन्त्री नियुक्त गर्नेछ। यस धाराको व्यवस्थाबमोजिम प्रतिनिधिसभाको सदस्य प्रधानमन्त्री नियुक्त हुनसक्छ। धारा ७६ (१) को अवस्था विद्यमान नभएकोले वा कुनै पनि राजनीतिक दलले बहुमत प्राप्त गर्न नसकेकोले धारा ७६ (२) को सरकार गठन हुनेछ। यसमा वाम गठबन्धनको सरकार बन्नेछ। मन्त्रिपरिषद् गठनको मार्ग निर्वाचन आयोगले प्रतिनिधिसभाको निर्वाचन परिणाम घोषणा गरेको ३० दिनभित्र नयाँ सरकार गठन गर्नपर्ने बाध्यात्मक संवैधानिक व्यवस्था हो। निर्वाचन आयोगले प्रतिनिधिसभा निर्वाचनको मत परिणाम घोषण गरेपछि तत्काल नयाँ सरकार गठन प्रक्रिया शुरु हुन्छ।

राष्ट्रिय सभाविना सरकार गठन हुन सक्दैन भन्नु दुनियाँ हँसाउने काम मात्र हो। राजनीति भनेको झुटको खेती हो, सपना बाँड्ने व्यापार हो, आश्वासनमा चल्ने हो, यस्ता नेता शासकले शासन गरेको लोकतन्त्र कसरी चल्न र बलियो हुनसक्छ ? तमाम विशेषणबाट नेताले मुक्ति पाउने कहिले ? राष्ट्रिय सभा गठन अध्यादेश करिब २ महिनादेखि गाँठो परेर राष्ट्रपतिसमक्ष बसेको छ। राष्ट्रिय सभा पहिला कि नयाँ सरकार गठन पहिला ? समस्या केही छैन। यो त दलीय इगो मात्र हो। जनमतको सम्मान गर्दै नयाँ सरकार गठन गरी राष्ट्रिय सभाको गठन प्रक्रिया अगाडि बढाउँदा कुनै संवैधानिक बाधा पर्दैन।

धारा ८८ सपथ : संघीय संसद्को प्रत्येक सदनका सदस्यले सदन वा त्यसको कुनै समितिको बैठकमा पहिलोपटक भाग लिनुअघि संघीय कानुनबमोजिम सपथ लिनुपर्नेछ।

सपथ नलिई कुनै पनि विजय उम्मेदवार सांसद हुन सक्दैन। अतः सांसदको हैसियत पाउन उहाँहरूले सपथ खान आवश्यक छ। संविधानको परिकल्पना भनेको धारा ८८ बमोजिम सपथ खाएपछि मात्र सांसद हुने परिकल्पना गरेको छ। तसर्थ विजयी उम्मेदवारहरूले सांसद हुनको लागि सपथको प्रक्रिया शुरु गर्न जरुरी छ।। प्रतिनिधिसभाले पूर्णता पाउनासाथ यसको बैठक बस्नको लागि रोक्दै र सरकार पनि गठन गर्न सकिन्छ।

संविधानको भाग ३३ संक्रमणकालीन व्यवस्थाका लागि धारा २९६ : संविधानसभा व्यवस्थापिका-संसद्मा रूपान्तरण हुने : (१) यो संविधान प्रारम्भ हुँदाका बखत कायम रहेको संविधानसभा यो संविधान प्रारम्भ भएपछि व्यवस्थापिका-संसद्मा स्वतः रूपान्तरण हुनेछ र त्यस्तो व्यवस्थापिका-संसद्को कार्यकाल संवत् २०७४ साल माघ ७ गतेसम्म कायम रहनेछ।

तर त्यस्तो कार्यकाल पूरा हुनुअगावै यस संविधानबमोजिमको प्रतिनिधिसभाको निर्वाचन हुने भएमा त्यस्तो निर्वाचनका लागि उम्मेदवारको मनोनयनपत्र दाखिला गर्ने अघिल्लो दिनसम्म व्यवस्थापिका-संसद् कायम रहनेछ।

यति बेला संविधानले निर्देश गरेको कार्य हामीले पूरा गरी प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचन सम्पन्न गरिसकेका छौं। २०७४ माघ ७ अर्थात् अबको एक महिनापछि आउँदै छ। यसबीचमा नयाँ सरकार बनाउन सकिएन भने वा प्रतिनिधिसभालाई पूर्णता दिन निर्वाचन आयोगले ढिला गर्‍यो भने के यी सबै काम स्वतः बदर भागी हुने हो ? सविधान अलपत्र हुने हो ? के हो ? तसर्थ गलत तथ्यका आधारमा बहस छलफल गरियो भने निष्कर्षमा पुग्न सकिन्छ, अन्यथा राजनीतिक किचलो भैरहनेछ।

*(लेखक अधिवक्ता हुनुहुन्छ।)*

## पाठक पत्र

# अस्पतालबाट निस्कने फोहोरको व्यवस्थापन अति जरुरी

स्वास्थ्य सेवामा आमजनताको पहुँच बढ्दै जानु, निःशुल्क स्वास्थ्य सेवा, सामुदायिक स्वास्थ्य सेवा आदिको विकास तथा प्रवर्द्धन हुने कार्य सराहनीय भैरहेको छ। देशभर करिब ५ सय मझौलादेखि ठूला र विशेष सुविधासम्पन्न सरकारी तथा निजी स्वास्थ्य संस्थाहरूमा रहेका छन्। यहाँ करिब ३० हजार शय्याहरूसहितको बढ्दो अस्पताल एवं स्वास्थ्य संस्थाहरूको विकासले स्वास्थ्य सेवामा पहुँच बढिरहेको छ। तर अस्पतालबाट निस्कने साधारण फोहोर, तरल फोहोर, खानेकुरा, प्लास्टिक, सिरिन्ज, कपास, ग्लोभ, म्याद गुज्रिएका औषधिहरू, प्याथोलोजिकल फोहोर, संक्रामक फोहोर, मर्करीजन्य फोहोर, धारिलो फोहोर आदिको उचित व्यवस्थापन हुन सकेको देखिँदैन। अस्पतालमा अझै पनि धेरै प्रयोग गरिने मर्करीयुक्त रसायनहरू, मर्करीयुक्त उपकरणहरू जस्तै- तापक्रम नाप्ने थर्मामिटर, रक्तचाप नाप्ने ब्लड प्रेसर मिटर, विभिन्न भ्याक्सिन तथा औषधिमा प्रयोग भएका मर्करीयुक्त प्रिजरभेटिभ झोललगायत मर्करीयुक्त ट्युबलाइट, सीएफएल चिमको प्रयोगपश्चात् उचित व्यवस्थापनका अभावमा स्वास्थ्यकर्मी, बिरामी, बिरामी कुरुवा, नजिकैको समुदायको स्वास्थ्यलगायत वातावरणमा निकै ठूलो नकारात्मक प्रभाव पारिरहेको छ।

यसका साथै धेरैजसो आयुर्वेदिक औषधिमा प्रयोग हुने मर्करी अर्थात् पारोको प्रयोगबारे यस्ता औषधिहरूमा पारोको अवशेष रहेको वा नरहेको र यसको जनस्वास्थ्यमा पर्ने असरबारे सम्बन्धित पक्षले जान्नुपर्ने र चनाखो हुनुपर्ने हुन्छ। हाल मर्करीमुक्त दन्तचिकित्साको विकास हुँदै गए पनि अझै निकै ठूलो मात्रामा प्रयोग गरिने मर्करी (पारो) को प्रयोग र यसबाट स्वास्थ्यमा पर्ने नकारात्मक असरबारे चिकित्सक समुदायहरूबाट बिरामीलाई सबै किसिमको जानकारी दिने र माग्ने प्रक्रियाको शुरूवात गर्नुपर्ने देखिन्छ।

अस्पताल, स्वास्थ्य चौकी, क्लिनिक, ल्याब, औषधि पसल, औषधि उद्योगहरूबाट निस्कने स्वास्थ्य संस्थाजन्य फोहोरलाई प्रायजसो अस्पतालमा स्रोतमै छुट्याउने व्यवस्था देखिँदैन। यस्ता संक्रामक फोहोरलगायत अन्य फोहोर नगरपालिका, महानगरपालिका तथा उपमहानगरपालिकाले उठाउने गरेको फोहोरमा मिसिन गई खुल्ला ठाउँ, नदीकिनार वा अल्पकालीन ल्यान्डफिल साइटमा फालिने गरिन्छ। अर्कोतर्फ कैयौं अस्पतालको हाताभित्रै खुल्लारुपमा वा टिनको ड्रममा वा स्थानीयस्तरमा बनाइएका भष्मीकरण यन्त्र वा विभिन्न दातृ निकायबाट अनुदानस्वरुप प्राप्त भएका भष्मीकरण यन्त्रहरूमा सबै खाले फोहोरलाई जलाउने गरेकोबाट त्यहाँको हावा, पानी, माटोलगायत वरिपरिको वातावरण प्रदूषित भैरहेको छ।

यसरी प्लास्टिक जस्तै- सिरिन्ज, ग्लोभ, स्लाइन ट्युब आदि मिश्रित विभिन्न फोहोरलाई जलाइने गरेकोबाट अति विषाक्त रसायनहरूमा पनि खासगरी डाइक्सिन र फ्युरानको उत्सर्जन हुने गर्दछ, जुन विश्व स्वास्थ्य संगठनका अनुसार मानवजातिमा क्यान्सरसम्म लगाउन सक्दछ। यसलाई पप्स रसायन अर्थात् दीर्घायी प्रदूषक पनि भनिन्छ। यसले जल, थल तथा वायु प्रदूषित गरी वातावरण तथा जनस्वास्थ्यमा दूरगामी प्रतिकूल प्रभाव पारिराख्छ। खासगरी, यसले स्नायु प्रणाली, पाचन प्रणाली, स्वासप्रश्वास प्रणाली तथा प्रजनन प्रणालीमा ठूलो असर पार्दछ। पप्सहरू प्राकृतिक वा मानव निर्मित यस्ता रसायनहरू हुन्, जसको विखण्डन प्रकाशीय, रासायनिक तथा जैविक प्रक्रियाबाट सजिलै हुन सक्दैन।

यी रसायनहरू पानीमा कम घुलनशील तथा लिपिडमा बढी घुलनशील हुन्छन्। तसर्थ, यी रसायनहरू शरीरको बोसो तन्तुमा जम्मा हुँदै जान्छन्। यी रसायनहरू वातावरणमा पानी तथा हावाको माध्यमबाट एक ठाउँबाट अर्को ठाउँमा फैलिँदै जान्छन्। बिस्तारै सम्पूर्ण पृथ्वीभरि नै यसका अवशेषहरू पाइएका तथ्यहरू छन्। अर्थात् यी रसायनहरू वातावरणमा छिट्टै नष्ट नहुने र एक ठाउँबाट अर्को ठाउँमा सजिलै जान सक्ने भएर यस्ता रसायन कहिल्यै प्रयोग नभएको ठाउँमा पनि फैलिएर गएको पाइन्छ।

यसरी मानवजाति तथा वातावरणीय अन्य जीवजन्तुहरू यी रसायनबाट कुनै न कुनै रुपमा धेरै समयसम्म प्रभावित भइरहेका हुन्छन्। अन्तर्राष्ट्रियस्तरमा हालसम्म यस्ता २२ वटा रासायनिक तत्व अथवा रासायनिक समूहलाई संयुक्त राष्ट्र पप्स महासन्धिअन्तर्गत सूचीकृत गरिएका छन्। नेपालका धेरैजसो अस्पतालमा पहिले-पहिले फोहोर व्यवस्थापनको खासै राम्रो व्यवस्था नभएकाले सबै फोहोर, संक्रमित तथा साधारण फोहोर सबै एक-दुई प्रकारको समूहमा मात्र संकलन गरिन्थ्यो। केही ड्रममा राखेर खुल्लारुपमा जलाइने गरिन्थ्यो त केही बाहिर पठाइन्थ्यो। जुन अन्ततः बाहिर जलाउने वा खुल्लारुपमा फालिने वा गाडिने गरेकोबाट पप्स अर्थात् दीर्घायी प्रदूषणहरूको उत्सर्जन भैरहेकामा केही अस्पतालहरूमा हाल फोहोर व्यवस्थापनको राम्रो अवस्था देखिएको छ। जस्तै- ललितपुरको अल्का अस्पतालमा फरक-फरक फोहोरलाई अलग-अलग रंगको भाँडामा स्रोतमै छुट्याउने, अलग्गै संकलन, ओसारपसार र जलाउनुको सट्टा निर्मलीकरण (स्टेरेलाइजेसन) गरी मात्र बाहिर पठाउने गरेकाले पप्सको उत्सर्जन पूर्णतया नियन्त्रण गरेको देखिन्छ।

साथै यस अस्पतालका हरेक वार्डहरूमा मर्करी थर्मामिटर र मर्करीयुक्त रक्तचाप नाप्ने यन्त्र हटाएर डिजिटल थर्मामिटर र एनोरोइड रक्तचाप नाप्ने यन्त्र प्रयोगमा ल्याएकोबाट मर्करी पोखिने वा वातावरणमा मिसिने वा काम गर्ने चिकित्सक, नर्स, कर्मचारी, बिरामी तथा बिरामी कुरुवा मर्करीको प्रभावबाट पूर्णतया मुक्त भएका छन्। त्यसै गरी, दन्तचिकित्सा सेवामा मर्करी अमलगमको सट्टा विभिन्न उपलब्ध मर्करीमुक्त सुरक्षित कम्पोजिट फिलिङ्स, ग्लास आइनोमर आदिको प्रयोग गरी मर्करीमुक्त दन्तचिकित्सातर्फ हामी सबै उन्मुख हुनुपर्दछ। दन्तचिकित्सा शिक्षाका पाठ्यक्रममा पनि मर्करी अमलगममा आधारित सैद्धान्तिक र प्रयोगात्मक अभ्यासको सट्टा वैकल्पिक कम्पोजिट फिलिङ्स, ग्लास आइनोमर आदिका बारे बढी ज्ञान, अभ्यासको साथै परीक्षामा पनि अनिवार्यरुपमा सोधिने मर्करी अमलगमको ठाउँमा कम्पोजिटलगायतका वैकल्पिक अभ्यासहरूबारे समावेश गरी मर्करीमुक्त दन्तचिकित्सा र मर्करीमुक्त दन्तचिकित्सा शिक्षा बनाउने अभियानमा सबै जुट्नुपर्दछ। दन्त अस्पताल र क्लिनिकहरूबाट निस्कने फोहोरको पनि उचित व्यवस्थापन सबै अस्पताल र क्लिनिकहरूबाट हुनु जरुरी छ।

*– सुजन काफ्ले, चितवन, हाल : काठमाडौं*

## सामाजिक सञ्जाल



अलिकति सम्झौता तिमी गर, अलिकति सम्झौता म गरौंला। अलिकति त्याग तिमी गर, त्यत्ति नै त्याग म पनि गर्छु।

**एलिजा ढकाल**
**@aliza_prithak**



पहिले आफ्नो संस्कृतिको रक्षा त गर्न सिक। अनि अरू संस्कृतिको जति नक्कल गरे पनि केही फरक पर्दैन।

**shraddha aryal**
**@ShraddhaAryal**



नेपालको राष्ट्रिय जनावर गाई हुँदाहुँदै पनि हामीले गाईको उचित संरक्षण, सडक गाईको व्यवस्थापन ताथ गौहत्या निरूत्साहित गर्न सकेका छैनौं।

**PAudel RObin**
**@paudelrobin**

{ अधिकांश भूकम्पपीडितले पोख्ने गुनासो एउटै हो- चिसो मौसम शुरु भइसक्दासमेत सरकारले भूकम्पपीडितका लागि स्थायी आवास पुनर्निर्माणमा विभिन्न कारण देखाउँदै अल्झाउने गरेको छ।

पुनर्निर्माणले गति लिन सकेन

# जाडोयाममा भूकम्पपीडित अस्थायी टहरामै बस्न बाध्य

पुष्कर बुढाथोकी, भक्तपुर

सूर्यविनायक नगरपालिकाका बासिन्दाले राष्ट्रिय भूकम्प पुनर्निर्माण प्राधिकरण भक्तपुरका प्रमुख र इन्जिनियरलाई अनुदान सम्झौता भए पनि अनुदान नपाएको गुनासो गरेका छन्।

सूर्यविनायक नगरपालिका-७ गुण्डुमा अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) को आयोजना तथा मानव अधिकार सञ्जाल भक्तपुर र गुण्डु कार्यालयको सहकार्यमा सम्पन्न भूकम्पपीडितका लागि राहत तथा पुनर्निर्माणको सवाल विषयक सार्वजनिक सुनुवाइ कार्यक्रममा सहभागी भूकम्पपीडितले अनुदान नपाएको गुनासो राखेका थिए।

सहभागी अधिकांश भूकम्पपीडितले अनुदान सम्झौता भए पनि रकम नपाएको, इन्जिनियर नआउँदा समस्या भोग्नुपरेको, गुनासो फारम भर्दा पनि वास्तविक पीडित छुटेको गुनासो राखेका थिए।

स्थानीय कविता थापामगर, सुनीता केसी, डल्ली श्रेष्ठ, झुनु खड्का, अप्सरा राजभण्डारीलगायतका सहभागीले अनुदान सम्झौता भए पनि अहिलेसम्म पहिलो किस्तासमेत पाउन नसकेको भन्दै सोध्नुभयो- 'हाकिम साहेब, सम्झौता सकिएको २ महिना बित्न लागिसक्यो, हामीले अनुदान कहिले पाउँछौं।'

जिल्लाभरका अधिकांश पीडितले पोख्ने गुनासो एउटै हो- चिसो मौसम शुरु भइसक्दासमेत सरकारले भूकम्पपीडितका लागि स्थायी आवास पुनर्निर्माणमा विभिन्न कारण देखाउँदै अल्झाउने गरेको छ।

जाडोयाम शुरु भएसँगै जस्ताको अस्थायी टहरामा शीत चुहिने, जमिनको चिसो बढेर बिरामीसमेत हुन थालेको भूकम्पपीडित सिपाडोलका रामबहादुर लामा बताउनुहुन्छ। आर्थिक अभाव, नक्सापास, मापदण्ड, जग्गाको स्वामित्व नहुनुका कारणले समयमै घर निर्माण गर्न नसकेको गुनासो भूकम्पपीडितहरू राख्छन्।

भूकम्प गएको ३१ महिना लाग्दासमेत सरकारको पुन:स्थापनाको आशमा बसिरहेका विस्थापित जस्ताको टहरामा नै जीवन गुजारिरहेका छन्। अहिले सबै क्षेत्रका भूकमपीडितले चिसोमा कष्टकर जीवन बिताउँदासमेत सरकार मौन छ। भूकम्पपीडित चिसोको त्राससँगै जोखिममा रात बिताउन बाध्य छन्। घर भूकम्पले भत्काएपछि पाल टाँगेर बस्दै आएका सयौं मानिस चिसोसँगै हावाहुरी र पानीको त्रासमा रात गुजार्ने गरेका छन्। न शरीर तन्काएर सुत्न सकिन्छ, न त आनन्दले निदाउनै सकिन्छ, भूकम्पपीडित लालबहादुर श्रेष्ठले भन्नुभयो- 'त्रासले निद्रा लाग्दैन भने चिसोले त्यत्तिकै सताएको छ।'

खाली ठाउँ नपाएपछि बाध्य भएर सडककिनारमा बस्दै आएका सल्लाघारीका पीडितको गुनासो र वास्तविकता कम पीडादायक छैन। ओत लाग्ने पाल र राहतसमेत नपाएको उनीहरूले गुनासो गरेका छन्।

कतिपय पीडितहरू राहत सामग्री नपाएकोमा गुनासो गर्दैनन् तर पाल दिए हुन्थ्यो भन्ने उनीहरूको एउटै माग रहेको छ। २०७२ साल वैशाखको विनाशकारी भूकम्पसँगै घरबारविहीन भएर टहराबाट नै कष्टकर जीवन गुजारेका पीडित यो वर्ष पनि एकसरो टिनको छानाको भरमा जीवन बिताउन बाध्य छन्।

हिमाली क्षेत्रमा वर्षा र हिमपातका कारण चिसो बढेकाले अब कसरी दिन बिताउने भन्ने अन्योलमा भूकम्पपीडित छन्। चिसो मौसम मध्य भइसक्दासमेत सरकारले भूकम्पपीडितका लागि स्थायी आवास पुनर्निर्माणमा विभिन्न कारण देखाउँदै अल्झाउने गरेको भक्तपुरका पीडित बताउँछन्।

गुण्डुकी कैलाश थापामगरले घर भत्किएर सेतो, रातो परिचयपत्र पाए पनि अनुदानबाट वञ्चित गरिएको बताउनुभयो भने प्रभाकर राजभण्डारीले भूकम्पले आफ्नो घर चिरा-चिरा परे पनि भूकम्पपीडितको नामबाटै हटाएर अनुदानबाट वञ्चित गरिएको बताउनुभयो। स्थानीय जयश्वरी नगरकोटीले भूकम्पले सँगै भत्किएको दाजुको परिवारले अनुदान पाए पनि आफूले भने अनुदान नपाएको बताउँदै गुनासो फाराम भर्दा पनि सम्बोधन नभएको बताउनुभयो।

स्थानीय सविता थापामगरले घर भत्किएर टहरामा बस्दै आए पनि आफ्नो नाम पीडितको सूचीमा नपर्दा अनुदान नपाएको बताउनुभयो। उहाँले भन्नुभयो- 'कि त भूकम्पले तेरो घर भत्किएको होइन भन्नुपर्‍यो कि त गुनासो फाराम भरेको छु अनुदान दिनुपर्‍यो, पक्षपात किन।' कार्यक्रममा अनुदान पाएकाले पनि नगरपालिकाले नक्सापास नगरिदिँदा दोस्रो किस्ता नपाएको गुनासो गरेका थिए।

स्थानीय राजु खत्री, दुर्गाबहादुर देउबन्जार, लक्ष्मण धौबन्जार, प्रदीप घिमिरेलगायतले १३ फिटको बाटो छैन भन्दै गोरेटो बाटोमा नगरपालिकाले नक्सापास नगरिदिँदा घर बनाउन र अनुदान लिन नपाएको गुनासो राख्नुभयो।

कतिपयले भने भूकम्प पुनर्निर्माण प्राधिकरणले खटाएको इन्जिनियर अझै पनि गाउँमा नआएको र बोलाउँदा ट्याक्सी लिएर लिन र पुर्‍याउन आउ भन्ने गरेकाले पनि काम गर्न नपाएको गुनासो गरेका थिए। कार्यक्रममा वडा नं. ७ का वडा अध्यक्ष रवीन्द्र सापकोटाले गुण्डुमा १ हजार ४ सय ८३ भूकम्पपीडितले रातोकार्ड पाए पनि २ सय ९९ घर अनुदान पाउनबाट छुटेपछि वडा कार्यालयले समन्वय गर्दै अगाडि बढेको बताउनुभयो।

पुन: सर्वेक्षणमा भूकम्पपीडित भनेर गएका ४६ वटा फाइल फिर्ता आउँदा समस्या परेको बताउँदै सधियारको सहमति ल्याएमा भूकम्पपीडितको हकमा गोरेटो बाटोमा पनि नक्सापास गर्न सकिने बताउनुभयो।

यस क्षेत्रमा ४ सय वटा भूकम्पपीडितको घर नक्सापास नभई बनेकाले समस्या परेको बताउँदै वडामा खटिएका इन्जिनियर ३ महिनादेखि नगरपालिकामा हाजिर गरेर बस्ने र वडामा फर्केर नआउने गर्दा समस्या परेको बताउनुभयो।

कार्यक्रममा राष्ट्रिय भूकम्प पुनर्निर्माण प्राधिकरण भक्तपुरका प्रमुख शिवराम गेलालले सम्झौता भए पनि कागजपत्र नपुगेकाको फाइल फिर्ता हुने र कागजी प्रक्रिया पुगेपछि अनुदान सम्झौता हुने बताउँदै सम्झौता भएकाको केही दिन भित्रै बैंकको खातामा पैसा जाने बताउनुभयो।

भूकम्पपीडितले आगामी असार मसान्तसम्म तेस्रो किस्तासमेत लिइसक्नुपर्ने बताउँदै गत मंसिरसम्म पनि गुनासो फाराम नभरेकाको हकमा अब केही गर्न नसकिने बताउनुभयो। कार्यक्रममा मानव अधिकार सञ्जाल भक्तपुरका अध्यक्ष रोशनराज अर्याल, इन्सेक भक्तपुर प्रतिनिधि सविना केसीलगायतले भूकम्प पीडितको समस्यालाई सरोकारवाला निकायले तत्काल सम्बोधन गर्नुपर्नेमा जोड दिनुभयो।

भूकम्प गएको ३१ महिना भइसक्दा पनि पुनर्निर्माणले गति लिन नसक्दा यो जाडोयाममा भक्तपुरका धेरैजसो पीडित अस्थायी टहरामै बस्न बाध्य छन्। निजी आवास पुनर्निर्माणका लागि पहिलो किस्ता पाए पनि अरू पैसाको अभावका कारण घर बनाउन नसक्दा भक्तपुरका भूकम्पपीडितले यसपटकको जाडोयाम अस्थायी टहरामै बिताउनुपरेको सिपाडोल ठूलेगाउँका आइते तामाङले बताउनुभयो।

भक्तपुरमा भूकम्पले २७ हजार ६ सय ४४ परिवार पूर्णरूपमा घरवारविहीन भएका थिए। जिल्लामा अहिलेसम्म पहिलो किस्ता २२ हजार २ सय ३१ लाभग्राही, त्यस्तै घर निर्माण शुरु गरेर १ हजार ४ सय ५ लाभग्राहीले दोस्रो किस्ता प्राप्त गरेका छन् भने घर निर्माण सम्पन्न गरेर तेस्रो किस्ताको रकम लिने लाभग्राहीको संख्या भने ३ सय ६२ मात्र रहेको राष्ट्रिय पुनर्निर्माण कार्यालय भक्तपुरले जनाएको छ।

टहरामा दुई वटा चिसो कट्यो, यो वर्ष पनि सकसमा बाँच्नुपर्ने स्थिति रहेको भन्दै पुनर्निर्माणका लागि सरकारले एकमुष्ठ रकम नदिँदा यस्तो समस्या भएको भूकम्पपीडित बताउँछन्।




**संस्कारको शुरुआत** : काठमाडौंको रत्नपार्कमा सार्वजनिक सवारीसाधन चढ्न लामबद्ध यात्रु

तस्वीर : उजोल डंगोल/काठमाडौं

## डा. देवकोटाको स्वास्थ्य लाभको कामना

काठमाडौं, (नेस)



वरिष्ठ न्युरोसर्जन डा. उपेन्द्र देवकोटा बेलायत भ्रमणकै क्रममा अकस्मात् बिरामी परेपछि किंग्स कलेज हस्पिटल, डेनमार्क हिल, अस्पतालमा भर्ना हुनुभएको छ। उहाँको रोगका बारेमा यकिन जानकारी नभएको लन्डनस्थित दूतावासले जाएको छ।

भ्रमणकै क्रममा अकस्मात् बिरामी परेपछि देवकोटाको उपचार भइरहेको लन्डनस्थित दूतावास जानकारी दिएको छ। देवकोटाको रोगबारे भने यकिन बताइएको छैन। अहिले उहाँ सामान्य अवस्थामा रहनुभएको छ। सन् १९८९ मा बेलायतमा अध्ययनपछि देवकोटा नेपाल फर्किनुभएको थियो। शाही सरकारमा स्वास्थ्य, विज्ञान तथा प्रविधिमन्त्रीसमेत भएका डा. देवकोटा वीर अस्पतालको पहिलो न्युरोलोजिकल ट्रमा युनिटका संस्थापक हुनुहुन्छ। पछिल्लो समय उहाँ न्युरो हस्पिटल, बाँसबारीका सञ्चालक हुनुहुन्छ।

यता नेपालमा भने सर्वसाधारणदेखि चिकित्सकसमेत अन्योलको अवस्थामा डा. देवकोटाको स्वास्थ्य लाभको कामनासहित पशुपति मन्दिर अगाडि दीप प्रज्वलन गरेका थिए। वरिष्ठ प्रसूति तथा स्त्रीरोग विशेषज्ञ डा. भोला रिजाल तथा उनकी पत्नी सरला रिजालको अगुवाइमा दीप प्रज्वलन कार्यक्रम भएको हो। डा. रिजालले हजारौं नेपाली बचाउने डाक्टर देवकोटा बिरामी भएको कुरा सार्वजनिक भएपछि शीघ्र स्वास्थ्य लाभको कामनाका लागि दीप प्रज्वलन कार्यक्रम गरिएको बताउनुभयो।

'तर, केको उपचार हुँदै छ भन्नेबारेमा भने आफू पनि अनविज्ञ छु' -उहाँले भन्नुभयो। यता नेपाल चिकित्सक संघका अध्यक्ष डा. मुक्तिराम श्रेष्ठले डा. देवकोटाको उपचार भइरहेको हो तर कुन समस्या र कुन अवस्था भन्नेबारेमा मेडिकल भाषामा भन्नुपर्दा परिवारले कन्फिडेन्सिल राख्न पाउने अधिकारभित्र पर्छ अरूले अनुमानका भरमा बोल्न मिल्दैन भन्नुभयो।

## अबको केही दिनमा नयाँ सरकार : राई

काठमाडौं, (नेस)

नेकपा एमालेका नेता शेरधन राईले अबको केही दिनभित्रै नयाँ सरकार बन्ने ठोकुवा गर्नुभएको छ। राजधानीमा आयोजित एक कार्यक्रममा नेता राईले सहमतिमा अध्यादेशको विवाद टुंगो लागेर निर्वाचनको सम्पूर्ण नतिजा आएपछि नयाँ सरकार बन्ने बताउनुभएको हो। उहाँले भन्नुभयो- 'राष्ट्रपतिलाई विवादमा ल्याउने काम वर्तमान सरकारले गरेकाले यो मुद्दालाई राजनीतिक तहबाटै समाधान गरिनुपर्ने बताउनुभयो। नेता राईले मुलुकलाई स्थिर, सुशासन र शान्तिको बाटोमा लैजान जनताले वाम गठबन्धनलाई बहुमत दिएको भन्दै नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीको नेतृत्वमा नयाँ सरकार बन्ने स्पष्ट पार्नुभयो।

पूर्वमन्त्री राईले नेकपा एमाले र नेकपा माओवादी केन्द्रबीच पार्टी एकताबारे छलफल अगाडि बढिसकेको भन्दै पार्टी नेतृत्व कसले गर्ने भन्नेबारे समझदारीमा निर्धारण हुने स्पष्ट पार्नुभयो।

प्रदेश नं. १ को मुख्यमन्त्रीका रूपमा समेत हेरिनुभएका नेता राईले उक्त प्रदेशमा भएका प्राकृतिक सम्पदाको प्रयोग गरेर नमुना प्रदेश बनाउने बताउनुभयो।

## निर्वाचन परिणाम सार्वजनिक गर्न माग

काठमाडौं, (नेस)

नेकपा एमालेका नेता तथा पूर्वप्रधानमन्त्री माधवकुमार नेपालले चाँडोभन्दा चाँडो निर्वाचन परिणाम सार्वजनिक गरी राष्ट्रपतिसमक्ष पेस गर्न निर्वाचन आयोगलाई आग्रह गर्नुभएको छ। संयुक्त वाम गठबन्धन काठमाडौं क्षेत्र नं. २ ले सोमबार थलीमा आयोजना गरेको बधाई तथा धन्यवाद ज्ञापन कार्यक्रममा प्रतिनिधिसभातर्फको समानुपातिक परिणाम सार्वजनिक गर्न आयोगले बिलम्ब गर्न नहुनेमा जोड दिनुभयो।

वरिष्ठ नेता नेपाले प्रत्यक्षतर्फको निर्वाचन परिणाम सार्वजनिक भएपछि प्रधानमन्त्री शेरबहादुर देउवाले राजीनामा दिएर नैतिकता देखाउनुपर्नेमा राष्ट्रियसभा गठनको बखेडा निकालेको बताउनुभयो।

संविधानमा उल्लेख नै नभएको एकल संक्रमणीय प्रणालीलाई स्वीकार गर्न नसकिने बताउँदै उहाँले राष्ट्रिय सभा बहुमतीय प्रणालीमा नै गठन गर्नुपर्नेमा जोड दिनुभयो। दुनियाँको जुनसुकै शक्ति लागे पनि एमाले र माओवादी केन्द्रबीचको एकता नरोकिने चर्चा गर्दै नेता नेपालले एउटै कम्युनिस्ट केन्द्रले मुलुकको विकास गर्ने भएकाले दुवै पार्टीका कार्यकर्तालाई बहकाउ र भ्रममा नपर्न आग्रह गर्नुभयो।

## सिनेमा कर्नर










**अग्नि यातायात प्रा. लि.**

दिवा सेवा काठमाडौंबाट बिहान ८ बजे पोखरा ८ बजे
रात्री सेवा काठमाडौं काँकड्भिट्टा र धरान
फो. नं. ०१-४२८५६३३
मो. नं. ९८४१५७९६९७ ( शम्भु )

**माउन्ट मकालु यातायात सेवा**

काठमाडौं-बिर्तामोड-ताप्लेजुङ
प्रस्थान दिउँसो २ बजे
केन्द्रीय कार्यालय, कलंकी
सम्पर्क फोन : ४२७७५५२, ४२७९६१३

## आजको राशि

ज्यो. चन्द्रेश शर्मा

**मेष** : आर्थिक नोक्सानी, दुर्घटनाको भय, विवाद, निरर्थक खर्च।
**वृष** : द्रव्यलाभ, विविध प्राप्ति, उत्तम भोजन, पारिवारिक सुख।
**मिथुन** : सुख-सन्तोष, कार्य सफल, शारीरिक स्वस्थता, मन प्रफुल्लित।
**कर्कट** : राज्यबाट लाभ, इज्जत-प्रतिष्ठामा वृद्धि, व्यापारिक लाभ, यशवृद्धि।
**सिंह** : रोगव्याधिको भय, आर्थिक नोक्सानी, काममा बाधा-व्यवधान।
**कन्या** : धन आर्जन, अधुरा कार्य पूरा, मान-सम्मान, समस्याको समाधान।
**तुला** : द्रव्य लाभ, परीक्षा प्रतियोगितामा विजय, गौरव वृद्धि, सुख-सन्तोष।
**वृश्चिक** : धन प्राप्ति, सुख-सन्तोष, गरेका कार्य सफल, सन्तुष्टि।
**धनु** : पेटमा गडबडी, दौडधुप, परिवारमा विवाद, दिनचर्या अस्तव्यस्त।
**मकर** : द्रव्यलाभ, सम्मानित हुने अवसर, जागिर-व्यापारमा सफलता।
**कुम्भ** : आर्थिक लाभ, शुभ खबर, मित्रजनबाट सहयोग, आत्मसन्तुष्टि।
**मीन** : खाद्यान्न प्राप्ति, भाग्योदय, उपहारादि वस्तु प्राप्ति, कार्य सफल।

# नेपाल

> खाना पनि सुख्खा नुनसँग खानुपर्छ, गाई भैंसीलाई घाँस हामीले काटेको खुवाउन हुन्छ तर हामीले दूध, दही र महि खान मिल्दैन, यसको अन्त्य गर्न हामी महिलाले अहिले सामूहिक अभियान गर्न थालेका हौं' -उनले बताइन्।

# एकै गाउँमा १ सय ३५ छाउपडी गोठ

**ललित सिंह, बझाङ**



## छाउपडी प्रथा कायम राख्ने परिवारलाई सामूहिक बहिष्कार

छाउपडी प्रथा उन्मूलन गर्न महिलाहरू सामूहिक अभियानमा जुटेका छन्। महिलामाथि हुने हिंसामध्येको छाउपडी प्रथा पनि एक भएको भन्दै छाउपडी प्रथा कायम राख्ने परिवार र महिलालाई सामूहिकरूपमा बहिष्कार गर्न भन्दै जय खप्तडछान्ना गाउँपालिकाका महिला सामूहिक अभियानमा जुटेका हुन्।

'गाउँमा छाउपडी प्रथा कुसंस्कारको रूपमा कायमै रहेको छ, छाउ भएको ६ दिनसम्म घरभित्र त के आँगनसमेत छुन पाइँदैन, गाउँभन्दा पर गोठमा सुत्नुपर्ने हुन्छ, महिलालाई शारीरिक र मानसिक दुवै समस्या हुने गरेको छ' -खप्तडछान्ना गाउँपालिका-७ की उत्तरादेवी सिंहले बताइन्।

उनले आफू धनगढी जन्मेहुर्केको मान्छे गाउँमा विवाह गरेर ल्याएपछि छाउपडी भएको भन्दै दुर्व्यवहार गरेर घर भन्दै टाढा गोठमा राखेको बताइन्। विरोध गर्दा समेत केही सीप नलागेपछि अहिले यसको विरोधमा सबै महिला उतारेको उनको भनाइ थियो। 'सदरमुकाम चैनपुरसँगै जोडिएको गाउँपालिका भए पनि कसैको नजर पुगेको छैन। खाना पनि सुख्खा नुनसँग खानुपर्छ, गाई भैंसीलाई घाँस हामीले काटेको खुवाउन हुन्छ तर हामीले दूध, दही र महि खान मिल्दैन, यसको अन्त्य गर्न हामी महिलाले अहिले सामूहिक अभियान गर्न थालेका हौं' -उनले बताइन्।

छाउपडी भएको समयमा घरभित्र सुत्दा देवी देबता रिसाउने हुन्छन्, त्यस्ता महिला बिरामी हुनाका साथै सन्तान र श्रीमान्मा हानि हुन्छ भनेर गाउँमा सबैले डराउने गर्छन्, मन नभए र पनि घरभन्दा छुट्टै टाढाको गोठमा सुत्नुपर्छ, गोठमा हिउँदमा चिसो हुनुका साथै बाघ, भालु र बलात्कारमा परिने डर हुन्छ भने बर्खायामा सर्प र बिच्छीजस्ता विषालु किराको डर हुने गरेको निर्मला रोकायाले बताइन्।

'महिलाको समस्या कसैले बुझ्दैन। काखमा भएको दुधे बालकदेखि नवजात शिशु चिसोको कारण बिरामी भए उपचार गर्न समस्या हुन्छ। गएको वर्ष गोठमा सुतेकै अवस्थामा छिमेकी गाउँका दुई जना महिला बलात्कारको शिकार भए। पुरुषलाई कारबाही गुर्नको साटो महिलालाई विभिन्न अपशब्द प्रयोग गरेर घर निकाला गरिन्छ। 'छाउपडी प्रथाविरुद्ध अहिले हामीले सामूहिक अभियान सञ्चालन गर्न सोच गरेका छौं। सफल भइन्छ भइन्न थाहा छैन' -उनको भनाइ थियो

'अहिले गाउँका लोग्ने मान्छे र स्वास्नीलाई एकै ठाउँमा राखेर छलफल गर्ने कामहरू भइरहेका छन्। गडरायमा मात्रै एक परिवारको एक छाउगोठ गरी १ सय ३५ वटा छाउपडी गोठ छन्। 'पहिला छाउपडी गोठ भत्काउने योजना छ त्यसपछि छाउ भएकी महिलालाई घरभित्र सुत्न नदिए, त्यस्तो परिवारलाई सामूहिक बहिस्कार गर्न र प्रशासनिक कारबाही गराउने योजना छ' -कालिका महिला सुहकी अध्यक्ष उर्मिलादेवी रोकायाले बताइन्।

उनले भनिन्- 'महिला छाउ हुनु भनेको फुल फल्नु हो। प्रकृतिको नियम हो यसलाई कसैले रोक्न सक्दैन। हामी महिला अधिकारबाट वञ्चित भएका छौं। स्थानीय प्रशासन र महिला विकाससँगै महिला अधिकारलाई समेत हाम्रो अभियानको लिखित जानकारी दिएको छौं। एक हप्तासम्म संयक्तरूपमा जनचेता दिएका छौं। भोलिदेखि बस्ती अभियान सञ्चालन हुन्छ।'

छाउपडी भएको समयमा महिलालाई विभिन्न बहाना बनाएर सजाय दिएको छ यसका विरुद्ध अभियान सञ्चालन गरेको महिला तथा बालबालिका कार्यालयकी प्रमुख लीला घलेले बताइन्। उनले भनिन्- 'जिल्लाका अधिकांश गाउँमा छाउपडी प्रथा कायमै छ। हामीले खप्तड छानान्ना गाउँपालिकाको माझिगाउँमा छाउपडी गोठ भत्काएका छौं। अब जिल्लाभरिका महिलालाई सचेत गराई छाउपडीप्रथाविरुद्ध लाग्ने योजना बनाएका छौं।'

# ज्यान हत्केलामा राखेर हिमालपारिको यात्रा

**नवीन लामछिाने, मनाङ**



माथि हेर्दा आकाशै छोएझैं लाग्ने अग्लो चट्टाने पहरा, तलहेर्दा आङै सिरिङ हुने छडाछुर भीर अनि मसिनो धागोजस्तै देखिने नागबेली बगेको नीलो मर्स्याङ्दी नदी। मर्स्याङ्दी नदीको किनारै किनार बेंसीशहरदेखि हिमालपारिको मनाङ पुग्ने अत्यन्तै जोखिमपूर्ण सडक। सोही सडकमा दैनिक सयौं यात्रु ज्यान हत्केलामा राखेर यात्रा गर्छन्।

लमजुङ सदरमुकाम बेंसीशहरदेखि मनाङसम्म पुग्ने सडकको स्तरोन्नति हुन नसक्दा सो बाटोमा ओहोरदोहोर गर्ने यात्रु जोखिमपूर्ण यात्रा गर्न बाध्य छन्। लमजुङको खुदी, भुलभुले, स्याँगे, जगत, च्याम्चे हुँदै मनाङको तालबजार, तिमाङ हुँदै मनाङ सदरमुकाम चामेबजार, भ्राताङ, पिसाङ, माथिल्लो मनाङ र त्यसमाथिको खाङसारसम्म जिपयात्रा गर्ने सुविधा छ। बेंसीशहर-चामे ६५ किलोमिटर, चामे-माथिल्लो मनाङ ३५ किलोमिटर र माथिल्लो मनाङदेखि खाङसारसम्म करिब ७ किलोमिटर सडकखण्ड गरी करिब १ सय ७ किलोमिटर यात्रा निकै जोखिमपूर्ण रहेको यात्रुहरू बताउँछन्। व्यक्तिगत कामकाज, घुमफिरदेखि व्यापार-व्यवसाय गर्ने, सरकारी तथा गैरसरकारी निकाय र विद्यालयका शिक्षक, कर्मचारीहरू यस सडकका नियमित यात्रु हुन्। अधिकांश सडकखण्ड चट्टाने पहरो काटेर बनाइएकाले निकै जोखिमपूर्ण छन् भने अग्लो भीर, स-साना मोडहरू, ग्रेडिङ नमिलेको र साँघुरो भएकाले थप जोखिमपूर्ण भएको लोकप्रिय मावि चामेका शिक्षक सुरेश थापा बताउँछन्।

लमजुङतर्फका ताघृङ, स्याँगे, अर्खले, च्याम्चे र जगतखण्ड र मनाङतर्फका तालबजार आसपास, म्यार्दीभीर, तिमाङ छहरा, तिमाङभीर, भ्राताङ-स्वर्गद्वारीखण्ड सो सडकका उच्च जोखिमयुक्त 'प्वाइन्ट' भएको डिभिजन सडक कार्यालय दमौलीका इञ्जिनियर गौतम श्रेष्ठ बताउँछन्। सडकखण्डका अप्ठ्यारा केही ठाउँमा कंक्रिट गरिएको र कतिपय स्थानमा ढुंगा 'सोलिङ' गरेर सजिलो बनाइएको उनी बताउँछन्। ठूलो सवारी गुडाउन निकै असहज हुने भएकाले सो सडकमा मुख्य गरी जिपहरू नै चल्ने गर्दछन्। नेपाली सेनाको सडक निर्माण कार्यदल गणले ट्र्याक खुलाएपछि ०६९ सालदेखि सो सडकमा गाडी गुडाइएको भए पनि सडक कतै निकै साँघुरो, कतै छडाछुर भीर त कतै पहरो कोपेर बनाइएको सानो गल्छी र उकालो जस्ता अनेकौं अप्ठ्याराहरू भएकाले सो सडकको यात्रा निकै जोखिमपूर्ण रहेको जिपचालक चालक टीकाराम नेपाली बताउँछन्। तत्कालीन नेपाली सेनाको सडक निर्माण कार्यदलले २०६९ सालमा निमार्ण कार्य सम्पन्न गरी सडक डिभिजन कार्यालय दमौलीलाई हस्तान्तरण गरेको हो। त्यसयता सो सडकको स्तरोन्नति हुन नसक्दा विशेष गरी मनाङका स्थानीयवासी निकै निराश बनेका छन्।

लमजुङ-मनाङ सडकमा दैनिक कम्तीमा ७० वटा जिप गुड्ने गरेका मर्स्याङ्दी यातायात एन्ड ट्रान्सपोर्ट कम्पनीका कार्यालय प्रमुख जीबी घिमिरे बताउँछन्। राजमार्गमा गुड्ने ठूला बस गुड्न नसक्ने भएकाले सो सडकमा साना सवारी साधनले यात्रु तथा सामान ढुवानी गर्दै आएको उनले बताए। आफ्नो कम्पनीमा बोलेरो जिप ७० वटा, एलएक्स र एक्सएलएक्स १० वटा गरी कुल ८० थान सवारीसाधन दर्तामा रहेको घिमिरे बताउँछन्। नियमित गुडाउने चालकबाहेक बाहिरबाट आउने चालकले सो सडकमा सवारी गुडाउन निकै जोखिम ठान्ने भएकाले पनि सोही रुटका सवारीले नै यात्रु आवतजावत गर्ने गरेको चालक यामबहादुर गुरुङ बताउँछन्।

ठाउँ-ठाउँमा रहेका मोडलाई फराकिलो बनाउने, खोलाखोल्सीमा आवश्यकताअनुसार कजवे, कल्भर्ट र पुलहरू निर्माण गर्नुपर्ने, ग्रेडिङ मिलाउने र आवश्यकताअनुरूप केही स्थानमा फराकिलो बनाउनेजस्ता कार्य गरेमा सडक सुविधाजनक र जोखिममुक्त हुने भएकाले सडक विभागले ध्यान दिनुपर्ने मनाङ तालका बासिन्दा राजन गुरुङ बताउँछन्। लमजुङ-मनाङ सडकखण्डमा हालसम्म एक दर्जन सवारी दुर्घटना भएकामा ६ जना यात्रुले ज्यान गुमाएको मनाङ प्रहरीले जनाएको छ।

# मधेसवादीको पनि बन्न सक्छ सरकार

**कृष्णउदास खनाल, वीरगन्ज**

खास गरी नेपालको प्रदेश नम्बर २ मा अहिले को मुख्यमन्त्रीको दौडाहामा राष्ट्रिय जनता पार्टी र फोरम नेपालका प्रदेश सांसदरूको दौडधूप चलेको छ। प्रदेश २ मा कुनै पनि दलको एकल बहुमत नभएकै कारण यी दलका नेताहरूको दौडधुप बढेको हो। मधेसवादी दलहरूको गठबन्धनले संयुक्त सरकार बनाउने तयारी गरिरहेको २ नम्बर प्रदेशमा फोरम र राजपाबाट नै मुख्यमन्त्रीका आकांक्षीहरूको संख्या थुप्रै रहेको सोही दलका नेताहरूले बताएका छन्।

प्रदेशको कुल १ सय ७ सिटमा मधेसकेन्द्रित दुई दल मिलेको अवस्थामा प्रत्यक्ष र समानुपातिकसहित ५४ सिट पुग्दा बहुमत पुग्नेछ। तर, मुख्यमन्त्रीमा राजपासँग कुरा नमिले २९ सिट जितेर प्रदेशमा ठूलो दल बनेको फोरम अध्यक्ष उपेन्द्र यादवले वाम गठबन्धनसँग पनि समानान्तर छलफल गरिरहेको बुझिएको छ। यदि राजपाले मुख्यमन्त्री पद छाड्न तयार नभए वाम गठबन्धन र फोरमको सरकार बन्ने र मुख्यमन्त्री फोरमलाई दिने सम्भावना पनि रहेको राजनीतिक वृत्तमा अहिले चर्चा भइरहेको पाइएको छ।

प्रदेश २ मा राजपाले २५, एमालेले २१ र कांग्रेसले १९ सिट जितेका छन्। अहिलेसम्म फोरमबाट पर्साबाट विजयी लालबहादुर राउत, सिरहाका विजय यादव तथा सप्तरीबाट विजयी राजपा महामन्त्री मनीषकुमार सुमन तथा बाराबाट विजयी नेता जितेन्द्र सोनल दाबेदार छन्। एमालेबाट सप्तरीबाट विजयी प्रदेश संयोजक सत्यनारायण मण्डल पनि दाबेदार रहेको बुझिएको छ। यद्यपि मधेसी गठबन्धन एक भएमा भने वाम दल प्रतिपक्षमा पुग्ने निश्चित छ तर मधेसवादी दल फुटेमा वा फुटाउन सफल भएमा भने मण्डलको सम्भावना पनि रहेको एमाले नेताहरूले बताएका छन्।

अहिले मधेस प्रदेशमा राजपा र फोरम गठबन्धन फुटाउनका लागि वाम खास गरी एमालेको कसरत भइरहेको स्रोतको भनाइ छ। यदि राजपा र फोरम दुवैले मुख्यमन्त्रीको दाबी जारी रहे एमाले र मधेसी गठबन्धनको एक दल मिलेर सरकार बन्ने सम्भावना पनि छ। उपेन्द्र यादवसँग केपी ओलीको पछिल्लो भेटघाट पनि यसैका लागि भएको एमाले स्रोतहरूको दाबी रहेको छ। यद्यपि मधेसवादी दलहरू भने जतमतको कदरका लागि भने पनि मधेसवादी दल एक हुनुको विकल्प नभएको तर्क गर्दै आइरहेका छन्।

राजनीतिमा अनेक सम्भावना नरहेकाले गैर मधेसवादी वा मधेसवादी र गैर मधेसवादीको सरकार मधेसमा बने त्यो आश्चार्यको कुरा नहुने राजनीतिक विश्लेषक वीरेन्द्र यादवले बताए।


## वर्गीकृत डिस्प्ले

बोरिङ्ग इनारको रातो पहेलो पानीलाई शुद्ध र सफा गरिन्छ।



जलपादेवी वाटर सोलुशन
फोन नं:- ९८५१०६९३९२, ९८५१०२१०३८

**जग्गा विक्रीमा**

का.म.पा १९ कंकेश्वरी मन्दिरसँगै, डल्लु पुलबाट टेकु जाने लिंकरोडमा जोडिएको स्कुल, कलेज, अस्पताल, व्यापारिक मल, हलको लागि अति उपयोगी ५ रोपनी जग्गा विक्रिमा छ।

सम्पर्क नं.:- ९८४१३१४७८१

**वर्गीकृत डिस्प्ले**

आइतबार, मंगलबार, बिहीबार र शुक्रबार
रू. १००० ।-
मूअकबाहेक
विस्तृत जानकारीका लागि
कामना न्युज पब्लिकेशन प्रा.लि. भीमसेनस्थान
फोन : ४२१९९८४, ४२१९०२६ ४२१९६२२, ४२१९४४५

## वर्गीकृत विज्ञापन

**डिप्रेशन र माईग्रेनको सफल उपचार !!!**

- टाउको दुख्ने, चस्कने-घोच्ने, झुम्म हुने, रिङटा लाग्ने, कान कराउने डम्म हुने
- निन्द्रा नलाग्ने, झस्कने, निन्द्रामा बरबराउने, सपना नराम्रो देख्ने,
- डरलाग्ने, मुट हल्लने, आत्मबलको कमी, नर्भस हुने
- हातगोडा गल्ने, कमजोर महसुस हुने, हिनताबोध हुने
- डाह, छटपटि हुने, के गरौं कसो गरौं हुने, मर्न मनलाग्ने
- नकरात्मक सोच आउने, टोलाउने, हुलमा जान नसक्ने
- झर्को लाग्ने, चाँडै रिस उठ्ने, चाँडै बिर्सने
- धेरै आलस्य लाग्ने, रमाइलो गर्ने मन नलाग्ने, धेरै सुत्ने
- श्वास रोकिएला जस्तो हुने, गाह्रो हुने, केही भैहाल्ने होकी भनेर आत्तिने।
- हातखुट्टा पोल्ने, झमझम्याउने, निदाउने
- ग्यास्ट्रिक र स्टुलमा म्युकस देखिने समस्या
- पढ्नमा कन्सनट्रेशन नहुने र मेमोरी पावरको कमी पूर्ति गरिने
- पिसाब चाँडे चाँडो लाग्ने, मुख वा शरिर हप्प ताल्ने, घाँटीमा अप्ठ्यारो भइरहने, हात वा शरिर काम्ने हुने
- औषधि खाँदा पनि निको नभएको प्रेशर समस्या ठिक पारिने
- औषधी खाँदा वा इन्सुलिन लिंदासमेत ठिक नभएको सुगर रोगी ठिक हुने
- आँखा पोल्ने, बिझाउने, सुख्खा हुने
- ढाड दुख्ने, नसा च्यापिएको, छाती मुटु दुख्ने, पेट दुख्ने, पोल्ने, डम हुने, खाएको नपच्ने निको हुने।

नोट : **कहींबाट नभएकाहरूलाई पनि निको पारिने।**

उपचारमा नयाँ आविस्कार सम्बन्धी NTV+ बाट प्रत्येक सोमबार प्रसारण हुने कार्यक्रम बिहान ८:०० देखि ८:३० सम्म र प्रत्येक मंगलबार दिउँसो २:०० देखि २:३० बजेसम्म आउने कुरा सबैमा अवगत गराइन्छ।

युनिक मेडिटेशन सेन्टर
नारायणी पेट्रोल पम्प
रिङरोड, बाफल
४२७९५९५, ९८४९२२८०५९, ९८१३१२५५५८

**मर्मत**

अमूल्य समय, अनावश्यक खर्च र झन्झटबाट छुट्टकारा पाउन पन्चरसिल पन्चरप्रुफ प्रयोग गर्नुहोस् साथै लोडसेडिङको विकल्पको लागि ९५० VA देखि ६.५ KVA सम्मको I र III फेज जेनेरेटरहरु धमाधम बिक्री भइरहेको छ । डिलर चाहनेले र BULKमा लट नै उठाउँन चाहनेले पनि सम्पर्क राख्नुहोला ।

**उपलब्धी सुविधाहरू**

(१) मोटरसाइकल खरिद बिक्री।
(२) जेनेरेटर मर्मत होम सर्भिस।
(३) नयाँ जेनेरेटर बिक्री।
(४) इन्जिन मर्मत १०,००० किमि ग्यारेन्टी।
(५) डेन्टपेन्ट र रंगरोगन

**चाहियो**

मोटरसाइकल मिस्त्री र हेल्पर चाहियो।
खान बस्नको सुविधासहित।
If you are satisfied, tell others
If not tell us.
**राजु मो-बाइक कन्सर्न**
न्यूप्लाजा, पुतलीसडक, काठमाडौं
फोन नं. ४४३१२८९, ५०१०५५०

**बाथ तथा दमको अचुक उपचार**

हिमाली जडीबुटीहरुको ११ वर्षको लगातार अनुसन्धानपश्चात् साध्य तथा असाध्य रोगमा अपूर्व सफलता।

बाथ एवं नसारोग : स्यालको बोसो, चौरीको घियू, मूला बीउ, रायो बीउको तेलमा ५१ जडीबुटीलाई सिद्ध गरिएको मालिस तेल र ८१ जडीबुटीबाट निर्मित खाने औषधीबाट बाथमा सफलता।

दम : रूद्राक्षको जराको सत्व, कागतीको जराको सत्व, कण्टकारीको जराको सत्व, दशौं वर्ष पुरानो सख्खर (गुड) का साथमा १३ जडीबुटीलाई सिद्ध गरिएको औषधीबाट दममा सफलता।

मधुमेह : मधुमेह धातु (वीर्य क्षीण हुने) रोग पनि भएकाले वीर्य पुष्टिका लागि- गुर्जोको सत्व, कृष्णब्राम्ही, विमिरोको जराको सत्व, ओखरको तेल, बाँसको जराको सत्व, नीर बाबरीको दानालगायत ११ जडीबुटीबाट वीर्य पुष्टि एवं मधुमेहमा सफलता साथै ग्यास्ट्रिक, अल्सर, पुरानो आउँ, अल्काई, पिनास, पुरानो खोकी, प्यारालाईसिस, साइटिका, कम्मर-घुँडा दुख्ने, नसा च्यापिएको, हड्डी खिइएको, महिनावारीमा तल्लो पेट दुख्ने, श्वेतप्रदर, शीघ्रपतन, यौन अक्षमता, गानोगोला जस्ता सबै खाले पुराना रोगको सफल उपचार गरिन्छ।

**विशाल आयुर्वेद तथा ध्यान-दर्शन योगाभ्यास प्रशिक्षण आश्रम**
**महाराजगन्ज चक्रपथ, नारायणगोपाल चोक परमेश्वर मार्ग, आस्था कला केन्द्रसँगै (अमेरिकन एम्बेसीको अपोजिट साइडबाट ५-७ घर माथि आएपछि परमेश्वर मार्गमा छिर्ने)**
**फोन : ४७२००४६**
**मोबाइल : ९८५१०७३५००**

## नेपाल समाचारपत्र NEPAL SAMACHARPATRA को वर्गीकृत विज्ञापन तथा ग्राहक संकलन काउन्टरहरू

**काठमाडौं** गोर्खा न्यूज एण्ड स्टेशनरी सोह्रखुट्टे, नयाँबजार, फोन : ४३५५७६०, ९८४१८८७७१६, फ्याक्स नं. : ४३८५३९९ ● स्मार्ट इन्भेष्टमेन्ट प्रोमोशन नेपाल, जोरपाटी, फोन नं. : ०१४९१३०१०, ९७४१०१७२५३ ● एस.एस. स्टेसनरी, बालाजु, ४३८०२३०, ४३८७२७५ ● बी.एन्ड.बी. स्टेशनरी एन्ड कम्युनिकेसन सेन्टर महाराजगन्ज फोन: ३७०७०५, फ्याक्स: ३७२७९९ ● जय बागेश्वरी कम्युनिकेसन जयबागेश्वरी, फोन : ४४६७०३४, २०१३९११, ४४६६६११, ४४७६८१७ ● योज्जन कम्युनिकेसन विशालनगर ४-४१६५६१, ४-४३५१८७ ● वीडलिक मिडिया प्रा.लि. पुरानो बानेश्वर चोक, ४४९२३०९/२०१४९३२, ९८४३१०५७३८ ● किपु बुक प्वाइन्ट कीर्तिपुर ३३१७७५ ● कार्य विनायक बुक एन्ड स्टेसनरी ४२६७३२४ वसन्तपुर ● मनकामना कम्युनिकेसन चावहिल ४४६७८४७, फ्याक्स : ४४८६८९९ ● डी.के. बुक, भोटाहिटी २५२३२० ● माउण्टेन एयर एक्सपोर्ट एण्ड ट्रेडर्स जावलाखेल, बागडोल फोन : ५५५४७५५, ५५४३७९९ ● होराइजन कम्युनिकेसन गोंगबु नयाँ बसपार्क, फोन: ३५३९४१, फ्याक्स: ३५३९९६ ● ध्रुवको पसल डिल्लीबजार, फोन: ४३९२०१ ● पञ्चावती बुक्स एण्ड स्टेसनरी चावहिल चोक, फोन: ४८६५१३, ४-४८१४३६ ● पिपल्स बुक्स, पकनाजोल, २१८०४४, ४-२१२३८५ ● सार्वजनिक टेलिफोन, पब्लिक कन्ट्याक्ट प्वाइन्ट कालीमाटी चोक, फोन नं. : ४-६७४८०१ ● मनकामना गिफ्ट ग्यालरी वनस्थली ४३६४९२४ ● काष्ठमण्डप डिस्ट्रिव्युसन प्रा.लि. टेकु, काठमाडौं, फोन : २०१०८२१, ०१६२२०७८५, मो. ९८५१०७२००४ ● साइ म्युजिक एन्ड मुभिज नयाँ बानेश्वर, फोन : ४४६१३५५, ४४९३५१२ ● बाबा सपिङ प्वाइन्ट महाराजगन्ज फोन: ४-४२६५४५ ● न्यू पी.पी. बुक्स एन्ड ट्रेडर्स कलंकी चोक फोन: २८२४५१, २८०६७३, फ्याक्स: २८१८०२ ● कान्तिपुर फोटोकपी एण्ड स्टेसनरी सप्लाईर्स स्वयम्भु किमडोल, राईजी फोन: २८१०४५, मोबाइल : ९८१०-७०४३५ ● कम्युनिकेशन प्लस, क्षेत्रपाटी ढल्को फोन : २०२१९४८, ४-२६६७५१ सनम स्टेसनरी एण्ड जनरल सप्लाईर्स, सोह्रखुट्टे फोन: ३५८६४१ ● स्टुडेन्ट बुक्स एण्ड स्टेसनर्स जोरपाटी चोक (मिनिबस स्टप) फोन: ४७६६२८ ● विद्या बुक्स एन्ड स्टेसनरी लेखनाथमार्ग, ठमेल, फोन : ४४१३९५४ ● मिडिया एन्ड कम्युनिकेसन नेटवर्क पेप्सीकोला, फोन : ६६३७९१९, ४२४६१३५, ९८५११०६५७५ ● सन्ध्या बुक्स सेन्टर ४३१२५३१ (स्पेन्ट्) थानकोट, इमाखेल (बसपार्क) नवीन बुक्स एन्ड स्टेशनरी, अनामनगर (गौशाला बुक्स एन्ड स्टेशनरी, गौशाला, फोन: ४-४८३६१४ ● एमएस सेढाइ स्टेसनरी एन्ड बुक्स सेन्टर बसुन्धरा-९, काठमाडौं, ४३५६४७५ ● SEVEN EDUCATIONAL CONSULTANCY (P) Ltd . Putalisadak, Kathmandu, Phone : 4238020, 4-424615, P .O . Box : 24829 l Nepaltar Cyber &Communation Nepaltar, Kathmandu, Contact No : 01-4384875, 9841-419658 ● शिक्षा बुक्स एन्ड स्टेसनर्स सामाखुसी, काठमाडौं, ४३६५७७६, मोबाइल : ९८४१-४८३०९६ (नवराज अधिकारी) ● क्वीक कम्यूनिकेशन प्रा.लि., बालाजु, फोन नं. : ४-३८३४५२, फ्याक्स : ४-३८५४२६ स्वयम्भु कम्युनिकेशन, डल्लु, आवास, दयामान वज्राचार्य ९८४१२१९१७३ फोन : ४२७४६३३, ४२८९२६०

**ललितपुर** हाम्रो टेलिफोन सेवा (ग्वार्को) ५५५०१२४, ५५२४०९८, ५५५५०९८, ९७४१०५१८६० ● ज्ञान स्टेनसरी, पाटनढोका, फोन: ५४५५९२ ● ललित म्यागजिन एन्ड स्टेसनरी लगनखेल, ललितपुर, ५५५३९३१, ५५५३४३४० ● श्रेष्ठ स्टेसनरी सेन्टर ठैव, ललितपुर, फोन : ९८४१५१६१५७ ● लालित्य प्रिन्टर्स लगनखेल, फोन : ५५४३५८२ ● दिगो स्टेसनरी लगनखेल, फोन: ५४२२१२, प्रधान कमिनिकेशन ललितपुर, फोन: ९८४१७६१५९२ ● निशा बुक्स एण्ड स्टेशनरी, लगनखेल, ५५३१९५७, ९८४१६२७४८९

**भक्तपुर** सुन्दर पुस्तक, ठिमी, ६३१४७३, ● मल: स्टेसनरी गठाघर, फोन: ६३०७५७ ● बेबिस आर्ट इटाछें : ६१२७२४

२०७४, पुस
मंगलबार
११




एक खण्डमा राष्ट्रियस्तरका समाचार, दोस्रो खण्डमा अन्तराष्ट्रिय समाचार र तेस्रो खण्डमा विद्यार्थीहरूका सिर्जनाहरू कविता, गीत, चित्रकला आदिले सजाउने गरिएको वीरभक्ति माविको पूर्व विद्यार्थी समाजका अध्यक्ष विष्णुलाल श्रेष्ठले बताउनुभयो।

## 'मेरो स्कुलको भित्तो' सञ्चालनमा

लमजुङ, (नेस)

लमजुङको एक माविमा विद्यार्थीको बौद्धिक क्षमता विकासका लागि मेरो स्कुलको भित्तो कार्यक्रम सञ्चालन गरिएको छ। रागिनास नगरपालिका- ८ को तार्कुघाटस्थित वीरभक्ति माविको हातामा सोही विद्यालयको पूर्वविद्यार्थी समाजद्वारा उक्त कार्य गरिएको हो।

उक्त भित्तोलाई तीन तहमा विभाजन गरिएको छ। एक खण्डमा राष्ट्रियस्तरका समाचार, दोस्रो खण्डमा अन्तराष्ट्रिय समाचार र तेस्रो खण्डमा विद्यार्थीहरूका सिर्जनाहरू कविता, गीत, चित्रकला आदिले सजाउने गरिएको वीरभक्ति माविको पूर्व विद्यार्थी समाजका अध्यक्ष विष्णुलाल श्रेष्ठले बताउनुभयो। उहाँका अनुसार समाचारहरू राष्ट्रियस्तरका पत्रिकाहरूबाट लिने गरिएको छ।

'केही महत्त्वपूर्ण भए स्थानीय पत्रिकाका समाचारलाई पनि स्थान दिन्छौं' -श्रेष्ठले भन्नुभयो। उहाँका अनुसार त्यस्ता समाचारलाई प्रतिदिन फेर्ने काम गरिन्छ भने विद्यार्थीका रचनालाई हप्तामा दुई पटक अर्थात् तीन-तीन दिनमा फेर्ने गरिएको छ। यसले समाचारप्रति विद्यार्थीको रुचि जागृत गर्नुका साथसाथै उनीहरूको सिर्जनशील प्रतिभाको विकास भएको श्रेष्ठले बताउनुभयो।

आफ्नो नेतृत्व आएको तीन महिनामा केही रचनात्मक काम विद्यालयमा गर्न सकेको बताउँदै उहाँले देख्ने गरी विद्यालय हातामा सरसफाईका लागि आठ वटा डस्टबिन पनि राखिएको छ। साथमा मेरो विद्यालयको भित्तो सञ्चालन गर्न लागेको डेढ महिनाको अवधिमा विद्यार्थीको चेतनास्तरमा वृद्धि हुनुका साथै सिर्जनामा रुचि जागृत भएको उहाँले बताउनुभयो।

यस विद्यालयमा पहिलोपटक पूर्वविद्यार्थी समाज सक्रिय भएर देखापरेको छ। यसले गरेदेखि हुँदो रहेछ भन्ने सन्देश दिन यो छोटो अवधिमा सफल देखिएको सो विद्यालयका प्रधानाध्यापक श्यामचरण कुर्मीले बताउनुभयो। उहाँका अनुसार यहाँ समाचार हेर्न पाइन्छ भनेपछि अभिभावकहरू पनि आउन थाल्नुभएको छ।

# पथलैया-परवानीपुर सडक विस्तार अन्योलमा

**गोकुल घोरसाइने, बारा**

पथलैयादेखि परवानीपुरसम्मको ६ लेनको बाटो विस्तारका लागि जितपुरका स्थानीय बासिन्दाले सरकारसँग क्षतिपूर्तिको माग गरेका छन्। सडक विस्तार आयोजनाको आग्रहविपरीत सडकमा परेका घरटहरा हटाउन स्थानीयले क्षतिपूर्तिको माग गरेपछि विस्तार अयोजना निर्धारित समयमा पूरा नहुने भएको छ।

सरकारले पथलैयादेखि परवानीपुरसम्मको ६ लेनको बाटो ३० महिनाभित्र सम्पन्न गर्न २०७३ असार मसान्तमा निर्माण कम्पनीहरूसँग सम्झौता गरे पनि बाटो विस्तारको मुख्य क्षेत्र जितपुरमा काम नहुँदा बाटो विस्तारको काम पनि धेरै ढिलो हुने देखिएको छ। जितपुरका स्थानीय बासिन्दाहरूले भने आफूहरूले क्षतिपूर्ति नपाएसम्म काम अगाडि बढाउन नदिने अडान लिएका छन्। सरकारले तत्कालीन समयमा मूल सडकदेखि दायाँबायाँ २५ गजभित्र बस्ती बसाउन तथा व्यापार गर्न नमिल्ने भनिए पनि हाल त्यसलाई बढाएर २५ मिटर पुर्‍याएको जितपुरका स्थानीय व्यापारीको आरोप छ। सडक विस्तारका लागि मूल सडकदेखि २५ गजबाट बढाएर २५ मिटर पुर्‍याउँदा सो क्षेत्रमा साढे ७ फिट जग्गा आफ्नो पर्न गएकाले उनीहरूको गुनासो आएको हो।

जितपुरसिमरा नगर उद्योग वाणिज्य संघका अध्यक्ष तथा स्थानीय व्यापारी घनश्याम गिरीले यसअघि २०६३ सालमा बाटो विस्तारका क्रममा

### स्थानीयको अवरोध

सडकदेखि १५ मिटर क्षेत्रमा भवन पर्नेले क्षतिपूर्ति पाएकोले यसपटक बिनाक्षतिपूर्ति बाटो विस्तार गर्न नदिने बताउनुभयो। उहाँले सरकारले क्षतिपूर्तिका लागि सहमति भए बाटो विस्तारको काममा कुनै अवरोध नगर्ने बताउनुभयो।

क्षतिपूर्ति कति कायम गर्ने भन्ने विषयमा भने हाल चलेको दरभाउअनुसार साढे ७ फिट जग्गा र भवनको मूल्याकंन हुनुपर्ने र ठेकेदार कम्पनीले तोकेको मितिभित्र बाटोको काम सम्पन्न गनुपर्ने उहाँको भनाइ छ। जितपुरको डेढ किलोमिटरको घनाबस्ती क्षेत्र झण्डै ५ दशक पुरानो हो। थलैयादेखि परवानिपुरसम्मको बाटो विस्तारको जिम्मेवारी लिएको सडक विभाग कार्यालयका सहायक इन्जिनियर सरोजप्रसाद साहले मूल सडकदेखि २५ मिटर दायाबायाँ क्षेत्रमा परेका भवन तथा जग्गाको क्षतिपूर्ति दिनु नपर्ने बताउनुभयो। उहाँले नेपाल सरकारको राजपत्रमै २५ मिटर क्षेत्रभित्र पर्ने भवन र जग्गाको क्षतिपूर्ति दिनु नपर्ने उल्लख भएकाले यो विषयमा विवाद गर्नु निरर्थक हुने जानकारी दिनुभयो।

बाटो विस्तारका लागि ३० महिनाभित्र सम्पन्न गर्ने सम्झौता भए पनि हालसम्म २० प्रतिशत मात्रै काम सम्पन्न भएको सूर्य नेपालदेखि गढीमाई मन्दिरसम्मको करिब ४ किमी सडक निर्माणको जिम्मा लिएको शर्मारयुनाइटेड बिल्डररविवा जेभी कम्पनीका प्रमुख रामहरि खनालले बताउनुभयो। कम्पनीले छिटोभन्दा छिटो काम सम्पन्न गर्न चाहेको तर जितपुर बजार क्षेत्रमा काम शुरू गर्न अवरोध भएपछि समस्या परेको बताउनुभयो।

## संक्षेप समाचार

### जबरजस्ती करणीको आरोपमा पक्राउ

नुवाकोट, (नेस)

गाउँकै एक महिलालाई जबरजस्ती करणी गर्न खोजेको अभियोगमा तादी गाउँपालिकाका एक युवकलाई प्रहरीले नियन्त्रणमा लिएको छ। प्रहरीले तादी गाउँपालिका-६ नर्जाका २२ वर्षीय मनकुमार दर्जीविरुद्ध जिल्ला अदालत नुवाकोटमा मुद्दा दर्ता गरी आवश्यक अनुसन्धान प्रक्रिया अघि बढाएको छ। पीडित नर्जाजीको जाहेरीको आधारमा इलाका प्रहरी कार्यालय खरानीटारबाट खटिएको प्रहरी टोलीले बलात्कार आरोपित दर्जीलाई पुष ६ गते पक्राउ गरेको थियो।

### शिक्षक कुटिए

दैलेख, (नेस)

दैलेखको नौमूले गाँपालिका वडा न. ६ मा रहेको शिवशक्ति माविमा कार्यरत शिक्षकमाथि कुटपिट भएको छ। आइतबार कक्षामा पढाइरहेका बेला शिवशक्ति माविका सहायक शिक्षक नमराज नेपालीमाथि आइतबार कुटपिट भएको हो। कुटपिटमा परेका शिक्षक नेपालीले आफूलाई नेपाल तरुण दलका जिल्ला सभापति लालबहादुर चन्दले कुटपिट गरेको आरोप लगाएका छन्। आइतबार बिहान सवा ११ बजेतिर विद्यालयको चौरमा विद्यार्थीहरूलाई वरिपरि राखेर घाम ताप्दै पढाइरहेको बेला एक्कासि चन्दले आफूलाई आक्रमण गरेको नेपालीले बताए।

### बराललाई ९० हजार सहयोग

लमजुङ, (नेस)

लमजुङकी दुवै मृगौला फेल भएर उपचाररत एक महिलाको उपचारार्थ मकाउँबाट ९० हजार ५ सय रुपियाँ सहयोग प्राप्त भएको छ। मर्स्याङ्दी गाउँपालिका- ९ सिम्पानी टारगाउँ निवासी २७ वर्षीया सरिता बराललाई राष्ट्रिय भलिबल खेलाडी दीपक थापाको अगुवाइमा सो रकम संकलन भएको हो। बेंसीशहरस्थित सम्पदा साकोसमा गरिएको सहयोग हस्तान्तरण कार्यक्रम बेंसीशहर नगरपालिकाका प्रमुख गुमानसिंह अर्याल गुमानसिंह अर्याल र दीपकका भाइ रवि थापाले संयुक्तरूपमा मृगौला पीडित सरिताका पति इन्द्र बराललाई हस्तान्तरण गर्नुभएको छ। रकम हस्तान्तरणपछि नगरका मेयर अर्यालले अहिले जिल्लाबाहिर गएर डायलासिस गर्नुपर्ने अवस्था रहेकोमा अब छिट्टै जिल्लाभित्रै डायलासिस गर्ने व्यवस्था मिलाउन नगरपालिकाकाले पहल गरी रहेको जानकारी दिनुभयो।

### पसलमा आगलागी

डोटी, (नेस)

अछामको विनायक बजारमा रहेको समीक्षा एन्ड सम्वेग पसलमा आगलागी हुँदा करिब १५ लाखबराबरको क्षति भएको छ। उक्त पसलको गोदाममा आइतबार राति आगलागी हुदाँ सबै सामान जलेर नष्ट भएको ७ नम्बर प्रदेश प्रहरी कार्यालय दिपायलले जनाएको छ। उक्त पसलसँगै जोडिएको एउटा मासु पसल समेत आगलागीले क्षति भएको छ। राति करिब १ बजेबाट लागेको आगो बिहान ५ बजे इलाका प्रहरी कार्यालय विनायक र स्थानीयबासीहरूको सक्रियतामा आो नियन्त्रणमा आएको ७ नम्बर प्रदेश प्रहरी प्रमुख माधव नेपालले बताउनुभयो।

### मातृभाषाको स्तर पहिचान गर्न विकट गाउँमा

हेटौंडा, (नेस)

मकवानपुरको राक्सिराङ गाउँपालिकामा स्थानीयस्तरको मातृभाषा प्रयोग सम्भाव्यता तथा मातृभाषाको स्तर पहिचानका लागि अनुसन्धान गर्न भाषा आयोगको टोली पुगेको छ। स्थानीयस्तरमा मातृभाषा कति प्रयोग भएको छ भन्ने विषयमा बुझ्न स्थानीयस्तरमा टोली पुगेको हो। भाषा आयोग, काठमाडौंको आयोजनामा शिक्षामा मातृभाषासम्बन्धी एकीकृत अध्ययन कार्यक्रमअन्तर्गत मकवानपुरको राक्सिराङमा दुई दिन अध्ययन र अनुसन्धान गरिएको हो।

## म्यादी हत्या घटनाको उच्चस्तरीय छनविन कार्य शुरू

कालिकोट, (नेस)

जिल्ला प्रहरी कार्यालय कालिकोटमा प्रहरीले चलाएको गोली लागेर मृत्यु भएका रास्कोट नगरपालिका-२ का विवेक ऐडीको घटना छनविन समितिले सोमबार जिल्ला सदरमुकाम पुगेर आफ्नो कार्य शुरूआत गरेको छ।

गृहमन्त्रालयका सहसचिव मानबहादुर विकको संयोजकत्वमा नेपाल प्रहरीका डीआइजी रमेश खरेल, सशस्त्र प्रहरीका डीआइजी प्रवीण श्रेष्ठ र राष्ट्रिय अनुसन्धानका डीआइजी लक्ष्मण गुरुङसहितको उच्चस्तरीय टोली घटना छानविनका लागि कालिकोट पुगेको हो। टोलीले प्रारम्भिक चरणमा पीडित पक्षसँग छलफल गरिरहेको प्रमुख जिल्ला अधिकारी वद्रीनाथ गरैले बताए। आफूले पाउने तलब सुविधा कटौती गरेको भन्दै म्यादी प्रहरीले प्रहरी कार्यालयअगाडि प्रदर्शन गर्ने क्रममा प्रहरीले गोली चलाउँदा २५ वर्षीय म्यादी प्रहरी विवेक ऐडीको पुस ७ गते मृत्यु भएको थियो। म्यादी प्रहरी मृतकका आफन्त र स्थानीयले परिवारलाई क्षतिपूर्ति दिनुपर्ने, मृतकलाई शहीद घोषणा गर्नुपर्ने, गोली चलाउने र आदेश दिनेलाई कारबाहीको माग गर्दै लगातार आन्दोलन गर्दै आएका छन्।

आन्दोनबाट जिल्लामा शान्ति सुरक्षामा खलल पुग्ने भन्दै स्थानीय प्रशासनले सोही दिनबाट सदरमुकाम क्षेत्रमा कर्फ्यु लगाउँदै आएको थियो। छानविन टोली पुगेपछि कर्फ्यु हटाइएको प्रमुख जिल्ला अधिकारी गैरेले बताए।

## चार जिल्लाका बाढीपीडित संगठित

# फ्रिज भएर गएको रकम तत्काल पठाउन माग

**कुमार श्रेष्ठ, बाँके**

बाँके, बर्दिया, दाङ र सुर्खेतका बाढीपीडितले गत वर्ष फ्रिज भएको रकम तुरुन्त जिल्लामा पठाउन माग गरेका छन्।

सुर्खेतका बलबहादुर थापाको संयोजकत्वमा बाढीपीडित क्षेत्रीय समन्वय समिति गठन गरेका चार जिल्लाका बाढीपीडितले आगामी दिनका संघर्षका कार्यक्रमसमेत बनाएका छन्। २०७१ सालमा बाँके, बर्दिया, दाङ र सुर्खेतमा भीषण बाढी र पहिरो जाँदा हजारौं मानिस घरबारविहीन बनेका थिए। तीमध्ये अधिकांश अहिले पनि शिविरहरूमा बस्दै आएका छन्।

सरकारले बाढीपीडितलाई पूर्ण र आंशिकमा वर्गीकरण गरेर राहतको कार्यक्रम अगाडि बढाएको थियो। त्यसमध्ये पूर्ण क्षति व्यहोरेका बाढीपीडितका लागि गत जेठमा सरकारले राहत प्याकेज पठाएको थियो। आर्थिक वर्षको अन्तिममा आएको राहत सबै बाढीपीडितले पाउन सकेनन्। धेरै रकम फ्रिज भएर गएको थियो।

सरकारले बाढीपीडितका लागि जग्गा नभएकालाई ३ लाख ५० हजार र जग्गा भएकालाई ३ लाख रुपियाँ दिने घोषणा गरेअनुसार जिल्लामा राहत पठाएको थियो।

सबैभन्दा धेरै रकम बाँकेबाट फ्रिज भएको थियो। ३ हजार २ सय १२ जना बाढीपीडितमध्ये १ सय २० जनाले मात्रै पहिलो किस्ताको रकम बुझेको बाढीपीडित क्षेत्रीय समन्वय समितिका सदस्य एवं लक्ष्मणपुर बाँध पीडित संघर्ष समिति बाँकेका अध्यक्ष जगदीशबहादुर सिंहले जानकारी दिनुभयो।

बर्दियामा ३ हजार ८ सय ५९ जनामध्ये ३ हजार २ सय २० जनाले पहिलो किस्ता बुझेको समन्वय समितिका सचिव डिल्लीराज खनालले बताउनुभयो। दाङमा ३ सय ९५ जनामध्ये ३ सय ३५ जनाले पहिलो किस्ता पाएका छन्। सुर्खेतमा पनि अधिकांश छुटेका छन्। सरकारले पहिलो किस्तामा ५० हजार दिएको थियो।

आर्थिक वर्षको अन्तिममा रकम आएको र बाढीपीडितले कागजपत्र तयार गर्दागर्दै रकम फ्रिज भएर गएको समन्वय समितिका उपाध्यक्ष धर्मराज खड्काले बताउनुभयो। बाढीपीडितहरूले सरकारले समयमा रकम पठाएर वितरण गर्न जोडदार माग गरेका छन्।

१५ सदस्यीय समितिले तत्काल नै स्थानीय निकायलाई सोबारेमा ज्ञापनपत्र बुझाउने निर्णय गरेको छ। केन्द्रमा सरकार बनेपछि डेलिगेसन जाने र त्यसको अवस्था हेरेर संघर्षका कार्यक्रम तय गर्ने समितिले जनाएको छ।

२०७१ सालका बर्दिया र दाङका बाढीपीडितले आ-आफ्नै ठाउँमा घर बनाइसकेका छन्। सुर्खेत र बाँकेका बाढीपीडित अहिले पनि शिविरमा बसेका छन्। सुर्खेतमा गिरिघाट र बाँकेमा विभिन्न सामुदायिक वनको छेउमा बसिरहेका छन्। बर्दिया र दाङका बाढीपीडितले घर बनाइसकेकाले त्यहींलाई मान्यता दिनुपर्ने बताउँछन्। 'हामीले घर बनाइसकेका छौं। त्यहींलाई मान्यता दिएर एकमुष्ट रकम दिनुपर्छ' -दाङका धर्मराज खड्का र बर्दियाका डिल्लीराज खनालले भन्नुभयो। बाढीपीडितहरूले अस्थायी पुर्जालाई पनि मान्यता दिन माग गरेका छन्।

## अधिकारमाथि हस्तक्षेप नगर्न चेतावनी

**नेपाल समाचारपत्र**

काभ्रे

नयाँ संविधानले व्यवस्था गरे अनुसार स्थानीय सरकारहरूले आफ्नो अधिकार प्रयोग गरी आउँदो चैत्र मसान्तमा हुने जिल्लास्तरीय आधारभूत तहको कक्षा ८ को परीक्षा आफै सञ्चालन गर्ने भएका छन्।

जिल्ला शिक्षा समितिले आयोजना गरेको बैठकमा बोल्दै १३ वटै स्थानीय सरकारका प्रमुखहरूले स्थानीय तहमा आएको अधिकार पुनः जिल्लाले प्रयोग गर्न नपाउने धारणा राखेका हुन्। जिल्ला शिक्षा समितिका प्रमुख जिल्ला समन्वय समितिका प्रमुख हुने व्यवस्था छ।

प्रमुख उद्धव केसीको अध्यक्षतामा सम्पन्न बैठकमा बोल्दै सरकारका प्रमुखहरूले शिक्षा कार्यालयले गरेको बेथितिको अन्त्य गर्न र शिक्षा अधिकारीलाई कानुनअनुसार कारवबाही गर्न माग गरेका थिए। स्थानीय सरकार गठन भइसकेपछि मनलाग्दी ढंगबाट सरुवा गरिएका शिक्षकहरूको यथास्थानमै पदस्थापन गराउन र मनलाग्दी गरिएका निर्णय खारेजीको माग गरेका थिए। 'हामी शिक्षा कार्यालयमा शिक्षा अधिकारी डा. दीपेन्द्र गुरुङमार्फत् भएका तमाम गलत निर्णयको खारेजीको माग गर्दछौं', बैठकमा सहभागी रोशी गाउँपालिकाका प्रमुख डीबी लामाले भने- 'स्थानीय सरकारले स्थानीय सरकारको क्षेत्रभित्र रहेका सबै अधिकार प्रयोग गर्छौं। हस्तक्षेप कतैबाट नहोस्।' अब कक्षा ८ को आधारभूत तहको प्रमाणपत्रमा स्थानीय सरकार प्रमुखले हस्ताक्षर गर्नेछन्।

बैठकमा ६ वटा नगरपालिका प्रमुख र ७ वटा गाउँपालिकाका प्रमुखहरूको सहभागिता रहेको थियो। साथै प्रमुख जिल्ला अधिकारी शिवप्रसाद सिंखडा, जिल्ला समन्वय अधिकारी कोमलप्रसाद धमला, शिक्षक संघ, संगठनका प्रमुखहरू, नागरिक समाज, नेपाल पत्रकार महासंघलगायतको सहभागिता रहेको बैठकमा बोल्दै सरकार प्रमुखहरूले २०४१ सालदेखि थाती रहेको शिक्षक दरबन्दी मिलान पनि आफैं गर्ने बताए।

# जथाभावी नाला खन्दा खानेपानीको समस्या

**उत्तम नेपाल, भद्रपुर**



झापाको भद्रपुर नगर क्षेत्रमा खानेपानीको पाइप लाइन जथाभावी काटिएपछि नगर क्षेत्रका उपभोक्ता समस्या परेका छन्। भद्रपुर नगरपालिका कार्यालय र नेपाल खानेपानी संस्थान भद्रपुरले एकआपसमा सहकार्य नगर्दा नगरका उपभोक्ताले सास्ती खेप्नुपरेको हो।

नगरका अधिकांश वडामा सडकसहितको नाला बनाउने काम शुरू भएको छ। उपभोक्ता समितिमार्फत् बनाउँदै आएको निर्माण कार्यमा प्रयोग गरिने जेसीभीले जथाभावी नाला खन्न थालेपछि खानेपानी संस्थानले ओछ्याएको पाइप काटिन थालेको छ। यसतर्फ भद्रपुर नगरपालिकाले कुनै चासो देखाएको छैन। खानेपानीको पाइप लाइन काट्दा उपभोक्ता पानी पिउनबाट वञ्चित भएका छन्। भद्रपुर-६ स्थित भानुचोक छेउमा ३ इन्च नाला खन्दा जेसीभीले एक इन्चको सीआई खानेपानीको पाइप काटिदिएको छ। पानीको पाइप काटिँदा नगरवासी खानेपानी सेवाबाट वञ्चित भएका छन्। नेपाल खानेपानी संस्थान भद्रपुरका प्रमुख शिरीषराज भण्डारीले खानेपानीको पाइप काटिएपछि संस्थानबाट वितरण हुने सबै वडामा खानेपानी ठप्प भएको बताए। नगरबासीको सेवासुविधालाई मध्यनजर गर्दै बिहान तीन घण्टा पानी सुचारु गरिए पनि फेरि पानी बन्द गरेर खानेपानीका कर्मचारीले पाइप लाइन मर्मत सम्भार गरेका थिए। कर्मचारी पाइप मर्मत गरेपछि दिउँसो १ बजेबाट पानी सुचारु भएको उनले बताए। नगर क्षेत्रमा २ हजार ३ सय घरधुरीले यस संस्थाबाट खानेपानीको पाइप जडान गरेको छ। यसै गरी भद्रपुर ३ स्थित आपगाछी छेउमा रहेको झिलमिलिया खोला छेउमा खानेपानी पाइप लाइन काटिएपछि दुई दिनदेखि त्यस क्षेत्र २५ घरपरिवार पानी पिउनबाट वञ्चित भएका छन्।

नेपाल खानेपानी संस्थान भद्रपुरले नगर क्षेत्रमा विस्तार गरेको खानेपानीको पाइप लाइनमा भल्व प्रयोग गरेको बारेमा कर्मचारीलाई थाहा नभएको पाइएको छ। करिब ३५ वर्षअघि विस्तार गरेको खानेपानी पाइप लाइन जडान गर्दा ठाउँ- ठाउँमा भल्व गरिएको थियो। तर, अहिले कार्यरत नयाँ कर्मचारी पाइप लाइनको भल्वबारे थाहा नहुँदा नगरबासीले समस्या खेप्नुपरेको छ। ठाँउ-ठाँउमा भल्व प्रयोग हुँदा पनि एक ठाउँमा पाइप लाइन काटिँदा सम्पूर्ण खानेपानीका ग्राहकलाई मर्का परेको छ। भल्वबारे कर्मचारीलाई जानकारी भएको भए यस्तो समस्या हुँदैन थियो। संस्थाका प्रमुख शिरीषराज भण्डारीले भने- 'पाइप लाइनमा भल्व छैन, जसले पाइप लाइन काटिँदा खानेपानी वितरणमा समस्या भइरहेको छ।' कार्यालय प्रमुखलाई नै भल्वको तथ्यांकबारे थाहा नहुँदा थप समस्या परेको नगरवासी बताउँछन्।

नगर क्षेत्रमा सडकसहितको नाला निर्माण कार्य गर्दा नेपाल खानेपानी संस्थानलाई कुनै पूर्व जानकारी नदिने गरेको संस्थाका प्रमुख शिरीषराज भण्डारीले गुनासो पोखेका छन्। नगरपालिकाले नाला खन्दा कहाँ खानेपानीको पाइप लाइन छ, कति खन्दा हुन्छ भन्ने जानकारीबिना जथाभावी जेसीभी प्रयोग गर्दा संस्थालाई हैरानी बेहोर्नुपरेको उनले आरोप लगाए। यसले गर्दा नगरवासीले खानेपानी पिउनबाट वञ्चित हुनुपरेको उनले बताए। अबदेखि नाला खन्दा संस्थालाई पूर्व जानकारी गराउन खानेपानी संस्थानले भद्रपुर नगरपालिकामा लिखित पत्रचार गरिसकेको उनको भनाइ छ। यता भद्रपुर नगरपालिकाका कार्यकारी अधिकृत काजीमान राईले खानेपानी पाइपको यकिन तथ्यांक नहुदाँ समस्या भइरहेको छ। यस बारेमा संस्थानका कर्मचारीसँग छलफल गरी टुंगो लगाउने उनले बताए।

सारा नेपाली मिलेर अन्याय, अत्याचारको विरुद्धमा लड्नु पर्छ र यस्ता अन्याय, अत्याचारबाट मुक्त हुनु पर्छ भन्ने आजको मागलाई हामी सबैले बुझ्नु पर्दछ ।
नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सूचना विभाग

# विश्व

**धुमधाम**

भियतनामको राजधानी हनोइमा क्रिसमसका अवसरमा विशेष आकर्षक पोसाक लगाएका बच्चाहरूसँग नृत्य गर्दै। क्रिसमसको दिन बिदा नभए पनि यहाँ क्रिसमस पर्व धुमधामसँग मनाउने गरिन्छ।



**दुर्घटना**

अमेरिकाको फ्लोरिडा राज्यको पोक काउन्टीस्थित एक विमानस्थलमा अवतरणका क्रममा दुर्घटनाग्रस्त भएको ट्विन इन्जिन विमान। उक्त विमान दुर्घटनामा एकै परिवारका ४ सदस्यसहित ५ जनाको मृत्यु भएको छ।



2017, DEC
Tuesday
26

## विश्व २ मिनेट

### ग्वाटेमाला

#### राष्ट्रपतिको आदेश

ग्वाटेमाला सिटी, (एजेन्सी)

ग्वाटेमालाका राष्ट्रपति जिम्मी मोरालेसले सोमबार इजरायलस्थित आफ्नो देशको दूतावास जेरुसेलेममा सार्न आदेश दिएका छन्। आफ्नो फेसबुक पोस्टमार्फत् मोरालेसले इजरायलका प्रधानमन्त्री बेन्जामिन नेतान्याहुसँग छलफल गरेरै आफूले यो निर्णय गरेको जानकारी दिएका छन्। गत साता अमेरिकाको जेरुसेलेमलाई इजरायलको राजधानीको मान्यता दिने निर्णयको पक्षमा संयुक्त राष्ट्र संघमा भएको मतदानमा मत दिने केवल नौ वटा राष्ट्रमध्ये ग्वाटेमाला पनि एक हो। मध्यअमेरिकास्थित गरिब राष्ट्र ग्वाटेमालालाई सहयोग गर्ने अमेरिका महत्त्वपूर्ण दातृ राष्ट्र हो।

### जर्मनी

#### कार ठोक्काइयो

वर्लिन, (एजेन्सी)

क्रिसमसको पूर्वसन्ध्यामा जर्मनीको वर्लिनस्थित सोसियल डेमोक्रेटिक पार्टी (एसपीडी) को मुख्यालयमा एक जना ड्राइभरले कार ठोक्काउन पुगेको प्रहरीले जनाएको छ। स्थानीय समयअनुसार आइतबार मध्यराति घटेको यस घटनामा नाम नखुलाइएका ती ५८ वर्षीय ड्राइभर घाइते भएका छन्। स्थानीय सञ्चार माध्यमका अनुसार अधिकारीहरूले कारभित्र पेट्रोल राखिएका भाँडाहरू र एउटा लाइटर फेला परेको बताएका छन्। अनुसन्धानकर्ताहरूले ती ड्राइभरको उद्देश्य आगजनी गर्नु हुनुपर्ने अनुमान गरेका छन्। ड्राइभरले प्रहरीलाई आफूले आत्महत्या गर्न खोजेको बयान दिएका छन्।

### थाइल्यान्ड

#### पशु यातना

बैंकक, (एजेन्सी)

थाइल्यान्डको एक चिडियाखानामा पर्यटकका नाममा जनावरलाई अनावश्यक प्रताडना दिने गरेको घटना बाहिर आएको छ। पटायास्थित उक्त चिडियाखानामा बाघ गर्जेको प्रत्यक्ष देखाउनका लीग त्यहाँका एक कमचारीले बाघलाई डण्डाले घोच्ने गर्थे। त्यसबाट आक्रोशित हुँदै बाघ गर्जिन्थे। यो क्षणमा पर्यटकहरू परफेक्ट फोटो खिचाउन पाउँथे। बाघलाई हुने गरेको उक्त प्रताडनाको एउटा भिडियो सामाजिक सन्जालमा भाइरल भएको छ। यद्यपि उक्त घटना विश्वसामु आएपछि ती कर्मचारीलाई सरुवा गरिसकेको एक अधिकारीले जानकारी दिएका छन्।

### रूस

#### आईएसएसमा विलासी होटल

मस्को, (एजेन्सी)

अमेरिकी निजी कम्पनीहरू पैसा तिर्न सक्ने ग्राहकहरूका लागि अन्तरिक्षको छोटो यात्रा व्यवस्था गर्न प्रविधि विकासमा काम गरिरहेको बेला रुसले ठूलै अन्तरिक्ष कार्यक्रमको योजना बनाइरहेको सार्वजनिक भएको छ। रुसी अन्तरिक्ष कम्पनी रोस्कोस्मोसले आईएसएस (अन्तर्राष्ट्रिय अन्तरिक्ष केन्द्र)मा विलासी होटलको निर्माण गर्ने योजना बनाइरहेको छ। जसको खर्ची धेरै नै भारी छ त्यसले एक वा दुई हप्ताको यो अन्तरिक्ष बसाइका लागि कम्तीमा ४ करोड डलर खर्चेर यो अनुभव बटुल्न सक्नेछ। केही वर्षअगाडि पनि रुसी अन्तरिक्ष एजेन्सीले अन्तरिक्ष पर्यटकहरूलाई २ करोड डलरमा आईएसएसमा पुऱ्याइसकेको छ।

# पेरूका पूर्वनेता फुजिमोरीलाई क्षमादान



लिमा, (एजेन्सी)

पेरुका राष्ट्रपति पेड्रो पाब्लो कुस्जिन्स्कीले पूर्वनेता अल्वर्टो फुजिमोरीलाई नाजुक स्वास्थ्य स्थितिका कारण क्षमादान दिई कैद मुक्त गरेका छन्। उनको यस कदमका विरुद्ध आक्रोशित जनसमूहले विरोध प्रदर्शन गरेको छ। मानव अधिकार उल्लंघन र भ्रष्टाचारको अभियोगमा ७९ वर्षीय फुजिमोरीले २५ वर्ष लामो काराबास सजाय भुक्तानी गर्दै आएका थिए।

स्वास्थ्यकै कारण उनलाई शनिबार कारगारबाट अस्पतालमा पुऱ्याइएको थियो। तर राष्ट्रपति कुस्जिन्स्कीले भने आफूविरुद्धको महाभियोगबाट बच्ने उद्देश्यले गत साता आफ्नो पार्टीसँग गरेको एक सम्झौताअनुरूप फुजिमोरीलाई क्षमा नदिइएको स्पष्ट पारेका छन्।

फुजिमोरीलाई क्षमादान दिइएको खबर सार्वजनिक हुनासाथ राजधानी लिमामा प्रहरी र प्रदर्शनकारीहरूबीच भीडन्त भएको थियो। यसैबीच राष्ट्रपतिको यस कदमको विरोध गर्दै उनको पार्टी पेरुभियन कांग्रेसका दुईजना सदस्य भिसेन्टे जेवाल्लोस र अल्वर्टो डी बिलान्डेले राजीनामा दिएका छन्।

अर्कातर्फ सन् १९९० देखि २००० सम्म पेरुको सत्ताको नेतृत्व गरेका फुजिमोरीलाई भर्ना गरिएको अस्पतालबाहिर उनका समर्थकहरूले खुसीयाली मनाएका थिए। केही पेरुभियनहरूले फुजिमोरीलाई माओवादी लडाकूहरूसँग भिडेका कारण प्रशंसा गर्ने गरेका छन् भने केहीले उनलाई भ्रष्ट तानाशाहका रूपमा लिने गरेका छन्।

फुजिमोरीका छोरा केन्जीले भिडियो ट्विट गर्दै आफ्ना पिता जेलमुक्त भएको खबर सार्वजनिक गर्दै पितालाई क्रिसमसको शुभकामना पनि दिएका थिए। राष्ट्रपति कुस्जिन्स्कीले एक विज्ञप्ति प्रकाशित गर्दै फुजिमोरीलगायत अन्य ७ जनालाई मानवताका आधारमा मुक्त गरिएको जानकारी दिएका छन्। अन्य ७ जनाको नाम भने खुलाइएको छैन।

चिकित्सकहरूले फुजिमोरीलाई उपचारै हुन नसक्ने रोग लागेकाले कारगारमा उनको ज्यानलाई थप खतरा रहेको जनाएका छन्। कम रक्तचाप र मुटुको घड्कन अनियमित हुन थालेपछि उनलाई कारगारबाट अस्पताल लगिएको डाक्टरहरूले बताएका छन्। केन्जि फुजिमोरीले लामो समयसम्म आफ्ना पिता अस्पतालमै बस्नुपर्ने जानकारी दिएका छन्।

सन् २००७ मा उनलाई पदीय अधिकार दुरूपयोग गरी भ्रष्टाचार गरेको आरोपमा ६ वर्ष लामो काराबास सजाय सुनाइएको थियो। त्यसको २ वर्षपछि आफ्नो कार्यकालमा मानव अधिकार उल्लंघन गरेको अभियोगमा उनलाई अर्को २५ वर्ष कारबास सजाय सुनाइएको थियो।

# वर्षौंपछि मोसुलमा क्रिसमस मनाए

मोसुल (एजेन्सी)

इराकको मोसुलमा वर्षौंपछि पहिलो पटक क्रिसमस पर्व मनाइएको छ। मोसुल विगत केही वर्षदेखि इस्लामिक कट्टरपन्थी समूह इस्लामिक स्टेट (आईएस)को कब्जामा रहेको थियो। केही महिनाअगाडि मात्रै इराकी सरकारी फौजले उक्त शहरमाथि पूर्ण कब्जा गर्न सफलता हासिल गरेको हो।

आईएसको नियन्त्रणमा छँदा इसाईहरूमाथि धार्मिक क्रियाकलापमा प्रतिबन्द थियो र धेरैजसो इसाई उत्पीडनका डरले शहर छाडेर पलायन भएका थिए।

मोसुलमा जिहादीको शासनका क्रममा सेन्ट पल चर्च नराम्रोसँग क्षतिग्रस्त भएको थियो। सहरमा कतिपय इसाई नागरिकको घरहरू इस्लामिक स्टेटका लडाकूहरूले नष्ट गरेका थिए।

क्रिसमसका अवसरमा इराकका काल्डियन क्याथोलिक चर्चका बयो वृद्ध धर्मगुरु लुइस रफाएल साकोले ती इसाई पुनः आफ्नो घर फर्कने अपेक्षा गरेका छन्। मोसुलको पश्चिममा अल मुहान्दसिन जिल्लास्थित उक्त चर्चलाई पुनःनिर्माण गरिएको हो। धर्मगुरुले यसलाई एक चमत्कारभन्दा कम नभएको ठान्छन्।

धर्मगुरु साकोले भने- 'यो चमत्कारजस्तै हो। जसले चर्च बनाए, उनीहरू मुसलमान थिए, यसै शहरका युवा मुसलमान। तर यो अवसरमा चर्च मुसलमान र इसाई दुवैले भरिएकाछन्। उनीहरू सँगसँगै शान्तिका लागि प्रार्थना गरिरहेका छन्। यहाँ मुस्लिम धर्मगुरू पनि उपस्थित छन्।'

प्रार्थनापछि धर्मगुरु साकोले उपस्थित सभालाई मोसुल र विश्वमा शान्तिका लागि प्रार्थना गर्नका लागि आग्रह गरेका थिए।

प्रार्थनामा सहभागी एक नागरिकले ईसा मसीहको जन्मदिन मनाउन आफूहरू एकसाथ भेला भएर इस्लामिक स्टेट समूहलाई जवाफ दिएको बताए।



# गुप्तचर निकायमा लक्षित विस्फोट




काबुल, (एजेन्सी)

अफगानिस्तानको राजधानी काबुलस्थित गुप्तचर निकाय परिसरनजिक सोमबार भएको एक शक्तिशाली आत्मघाती बम विस्फोटमा कम्तीमा १० व्यक्तिको ज्यान गएको सरकारी अधिकारीहरूले बताएका छन्। हिँडेरै आएका आक्रमणकारीले अचानक विस्फोट गराउँदा अन्य ५ जना घाइते भएको बताइएको छ।

उक्त आक्रमण हुँदा सो निकायका कर्मचारीहरू अफिस आउँदै गरेका थिए। मारिनेमा विस्फोटको बेला सोही क्षेत्रबाट गइरहेको एउटा कारमा सवार महिलाहरू पनि रहेका छन्। सुन्नी मुस्लिम लडाकू समूह इस्लामिक स्टेटले यस आक्रमणको जिम्मेवारी लिएको छ।

काबुलस्थित सरकारी अस्पतालका निर्देशकले मृतकको संख्या बढ्न सक्ने बताएका छन्। पछिल्ला केही महिनायता अफगानिस्तानमा यस्ता आत्मघाती विस्फोटका घटना बढिरहेका छन्।

गत अक्टाबरमा सिया अल्पमत मुस्लिम समुदायको एक मस्जिदमा भएको बम आक्रमणमा कम्तीमा ३९ व्यक्ति मारिएका थिए। गत साता पनि इस्लामिक स्टेट लडाकूले गुप्तचर निकायको एउटा तालिम केन्द्रलाई आक्रमणको लक्ष्य बनाएको थियो।

# आरोपित जासुसले परिवार भेटे



इस्लामावाद, (एजेन्सी)

पाकिस्तानमा भारतका लागि जासुसी गरेको अभियोगमा मृत्यु दण्ड सुनाइएका एक जना भारतीय पूर्वनौसैनिक अधिकारीलाई आफ्नो परिवारसँग भेट्ने अनुमति दिइएको छ। दुई राष्ट्रबीच कुलभूषण जाधव नामक ती अधिकारीको आधिकारिकताबारे विवाद चलिरहेका बेला सोमबार उनलाई इस्लामावादमा आफ्ना आमा र पत्नीसँग भेट्ने अनुमति पाकिस्तान सरकारले दिएको छ।

पाकिस्तानले सन् २०१६ मा बालोचिस्तानमा पक्राउ गरिएका राधवले अपराध कवुल गरेका २ वटा भिडियो पनि सार्वजनिक गरेको छ। भारतले भने उनलाई इरानबाट अपहरण गरी पाकिस्तानले उनीविरुद्ध झुठो मुद्दा चलाएको आरोप लगाएको छ। जाधवलाइ भेट्न उनकी आमा अवान्ती र पत्नी चेतनकुल भारतीय कुटनीतिज्ञहरसँग पाकिस्तानी विदेश मन्त्रालयमा पुगेका थिए। तिनीहरूलाई ४० मिनेटसम्म भेट्न दिइएको विदेश मन्त्रालयले जनाएको छ। हिजो साँझ नै उनको परिवारको दिल्ली फर्कने कार्यक्रम रहेको छ। ती दुई महिलालाई अत्यन्तै कडा सुरक्षाबीच मन्त्रालय ल्याइएको बताइएको छ।

# ट्युनिसियाद्वारा यूएईका विमान अवतरणमाथि रोक






ट्युनिस, (एजेन्सी)

ट्युनिसियाली सरकारले संयुक्त अरब इमिरेट्सको इमिरेट एयरलाइन्सका विमानलाई राजधानी ट्युनिसमा अवतरण गर्न रोक लगाएको छ। ट्युनिसियाली महिलालाई विमानमा यात्रा गर्न अनुमति नदिएकोले ट्युनिसियाले उक्त कदम उठाएको हो।

ट्युनिसियामा यूएईको उक्त व्यवहारलाई लिएर नागरिकहरूमा आक्रोश फैलिएको थियो भने कैयौं संगठनले त्यसको विरोध गर्दै आइरहेका थिए।

ट्युनिसियाको यातायात मन्त्रालयले एक विज्ञप्ति जारी गरी इमिरेट्सले अन्तर्राष्ट्रिय सम्झौता र कानुन पालन गरी विमान सेवा उपलब्ध नगराएसमम यो प्रतिबन्ध जारी रहने उल्लेख गरेको छ।

इमिरेट एयरलाइन्सले सुरक्षाका कारण उसले ती कदम चालेको जनाएको छ। संयुक्त अरब इमिरेटका विदेशमन्त्री अनवर गार्गसले आइतबार ट्विटरमा भने- 'हामी ट्युनिसियाली दाजुभाइसँग विशिष्ट प्रक्रियाका लागि आवश्यक सुरक्षाको जानकारीका बारेमा कुरा गरेका छौं। हामी ट्युनिसियाली महिलाको सम्मान गर्दछौं।'

यसअघि ट्युनिसियाली सरकारले यूएईले ट्युनिसियाली महिलालाई विमान यात्रा गर्न र आफ्नो सीमा भएर जान प्रतिबन्ध लगाएको जनाएको थियो।

ट्युनिसियाली सरकारले शुक्रबार यूएईका राजदूतलाई यस मामिलामा स्पष्टीकरण मागेको थियो। त्यसको जवाफमा यूएईले प्रतिबन्ध अस्थायी भएको र त्यसलाई हटाइसकेको बताएको थियो।

स्थानीय सञ्चार माध्यमले ट्युनिसियाली महिलालाई दुबईबाट फ्लाइट बोर्ड गर्न कैयौं दिनदेखि रोक लगाएको जनाएको थियो। केही ट्युनिसियाली महिलाले उनीहरूलाई यूएई फ्लाइटबाट यात्रा गर्न ढिलाइ गरिरहेको र केहीले आफूलाई भिसाबाहेक अतिरिक्त जाँच हुने गरेको बताएको एएफपीले जनाएको छ।

सन् २०११ मा भएको क्रान्तिपछि संयुक्त अरब इमिरेट्ससँग ट्युनिसियाले सम्बन्ध राम्रो बनाउने प्रयास गरिरहेको छ। ट्युनिसियाको सत्तारुढ एन्नाहडा पार्टी कतारको नजिक मानिन्छ। केही महिनाअगाडि कतारमाथि यूएई, सउदी अरेबिया र बहराइनले कट्टरपन्थीको समर्थन गरेको आरोप लगाउँदै आर्थिक प्रतिबन्ध लगाएका थिए।

खानेपानीकै अभावमा छटपटाइरहेका भूकम्पपीडितका लागि घर ठड्याउन पनि पानीको समस्या बिकराल बनिरहेको छ। पुनर्निर्माणका लागि सरकारी अनुदानको पहिलो किस्ता लिए पनि अधिकांश लाभग्राहीले पुनर्निर्माण शुरु गरेका छैनन्।

## पुनर्निर्माणमा पानीको अभाव

# पानी खेप्दै घर बनाउँदै भूकम्पपीडित



नानीराम नेपाल, सिन्धुपाल्चोक

चौतारा साँगाचोकगढी नगरपालिका-१२ की रीता गिरीका लागि बिहान ३ बजे नै बिउँझनुपर्छ। नत्र त पानी नै खान नपाइएला भन्ने पीर। सबेरै कुवामा नपुगे एक गाग्री पानीका लागि घण्टौं लाइनमा बस्नुपर्छ, पालो पर्खिएर। त्यसो त भूकम्पअघि पनि खानेपानीको अभाव नै थियो। तर वर्षौंदेखि उपभोग गर्दै आएको खानेपानीको मुहान भूकम्पले च्याप्पै सुकाइदिएपछि साँगाचोकका ४ सयभन्दा बढी घरपरिवार खानेपानी अभावको चपेटामा छन्। 'पहिलेदेखि नै समस्या थियो, भएको मुहान पनि भुइँचालोले लग्यो', रीता भन्छिन्- 'आधा घण्टा हिँडेर कुवामा पुग्यो, पालो पर्खिएरै बिहान जान्छ।' 'बिहान ६ बज्नुअघि नै पँधेरो (कुवा)मा पुग्दा रित्ता गाग्रीहरूको लाइन लामै भइसकेको हुन्छ', उनी थप्छिन्- 'कोही त ३ बजे नै पँधेरोमा पुग्छन्।'

साँगाचोक कोल्टा गाउँको सुख्खा डाँडो। उसै त पानीको हाहाकार हुने ठाउँ। त्यसमाथि पनि भूकम्पमा पानीका मुहान हराएपछि यस भेगका स्थानीयले भूकम्पपछिका साढे दुई वर्ष खानेपानीकै चरम समस्या झेले। भूकम्पले बस्तीनजिकका पानीका मुहान सुकाइदिएपछि साँगाचोक कोल्टा, रानाथोक र खर्कका ४ सय घर परिवारलाई पानीको अभाव टार्न यतिबेला हम्मे हम्मे परिरहेको छ। 'खानेपानी नै छैन, पानी नहुँदा घर बनाउन समस्या परिरहेको छ', कोल्टाका स्थानीय जयराम गिरी भन्छन्- 'कि त धेरै तलबाट पानी खेप्नुपर्छ कि त किन्नुपर्छ, घर बनाउनका लागि पानीको जोहो गर्नै गाह्रो भयो।' केही दिन अघिदेखि घर बनाउन शुरू गरेका जयरामले चार हजार रुपियाँ तिरेर दुई हजार लिटर पानी किन्नुपरेको गुनासो गरे। 'बरु पैसा जोड्न सकियो, तर पानीको जोहो गर्न नसक्ने भएँ।' -उनी थप्छन्।

खानेपानीकै अभावमा छटपटाइरहेका भूकम्पपीडितका लागि घर ठड्याउन पनि पानीको समस्या बिकराल बनिरहेको छ। पुनर्निर्माणका लागि सरकारी अनुदानको पहिलो किस्ता लिए पनि अधिकांश लाभग्राहीले पुनर्निर्माण शुरू गरेका छैनन्। निर्माण सामग्रीको चर्को मूल्य र कामदार अभावको अवस्था एकातिर छ, अर्कातिर पानीकै अभावका कारण पनि पुनर्निर्माणमा ढिलाइ भइरहेको चौतारा साँगाचोकगढी नगरपालिका-१२ का वडाध्यक्ष ध्रुवराज गिरी बताउँछन्। 'खानलाई नै पानी छैन, घर बनाउन पानी कहाँबाट ल्याउनु?', वडाध्यक्ष गिरी भन्छन्- 'पानीको ठूलो समस्या भएपछि हामीले लिफ्ट बोरिङ प्रविधिबाट कोल्टा गाउँमा पानी तान्न लागेका छौं।' शनिबारदेखि कोल्टामा लिफ्ट बोरिङको काम शुरू भएको र केही दिनमै पानीको अभाव सुल्झाउन आफूहरू लागिपरेको उनी बताउँछन्।

# रोल्पा र सल्यानको सिमाना छुट्याउँदा स्थानीय खुसी

सरिता चलाउने, सल्यान



सल्यान छत्रेश्वरी गाउँपालिकाले धेरै लामो विवादमा मुछिएको आफ्नो सिमाना छुट्याइएको छ।

सिमानाको विषयले विवादमा मुछिएको सल्यानको छत्रेश्वरी गाउँपालिका १ र रोल्पाको सुकिदह गाउँपालिका ३ को बीचमा पर्ने चामीगाउँमा सल्यानले बोर्ड टाँसेर सिमाना छुट्याएको हो। जनताको मागअनुसार आफूसहितको टोली गएर बोर्ड टाँगेर सिमाना छुट्याएको छत्रेश्वरी गाउँपालिका-१ का वडा सदस्य प्रकाश हमालले बताउनुभएको छ। स्थानीयहरूले आफू सल्यानी नै भएको तर रोल्पाले दबाएर राखेको भन्ने गुनासो गरेपछि उनीहरूकै आग्रहमा सिमाना छुट्याउन आफूले वडा सदस्यसहितको टोली त्यहाँ पठाएको छत्रेश्वरी गाउँपालिका अध्यक्ष सन्तोष केसीले बताउनुभयो।

२०३५ सालअघिको राजपत्रमा मनिमारेको ढिकदेखि चामीको खोला हुँदै कुवापानीसम्मको पश्चिम भागमा पर्ने चामीगाउँ सल्यान भएको त्यहाँका स्थानीयहरूले बताएका छन्। २०३५ सालपछि चामीको खोलापारी रोल्पाका केही राजनीतिक दलहरूले आफूले राजनीति गर्न सजिलो हुन्छ भनेर आफ्नो भूभाग रोल्पातिर लगेको स्थानीयहरूले गाउँका ठूलाबडा नेताहरूलाई आरोप लगाएका छन्।

अहिलेसम्म रोल्पाबाट कुनै सेवा सुविधा नपाएको र विकास निर्माणका कामहरूमा पनि सधैं ठगिएको स्थानीय पूर्णबहादुर वलीले दुखेसो गरेका छन्। जहिले पनि रोल्पा जिल्लाबाट आएको जुनसुकै बजेटमा ठूलाबडाले गोजी भरेर शहरतिर ठूलाठूला महल बनाउने तर आफूहरू सधैं दबिएर बसेको अर्का स्थानीय लोकबहादुर डाँगीले दु:ख व्यक्त गरे। अहिलेसम्म आफ्नो गाउँमा सबै सल्यानले विकास गरेको र आफू सल्यानी भएको स्थानीय पञ्चाराम डाँगीले बताउनुभयो।

आफूहरूले नै गाउँपालिकाबाट जनप्रतिनिधि बोलाएर सिमानामा बोर्ड टाँस्न लगाएको अर्का स्थानीय बुद्धिजीवी तथा शिक्षक टोपबहादुर केसीले बताएउनुभयो। सल्यानले सिमाना छुट्याई बोर्ड टाँगेपछि आफूहरू खुसी भएको उनीहरूको भनाइ छ।

# नि:शुल्क आँखा शिविर शुरू



गणेश घिमिरे, इलाम

एक सयभन्दा बढी मोतियाबिन्दु भएकाहरूको शल्यक्रिया गर्ने उद्देश्यका साथ सोमबारबाट इलाम सदरमुकामस्थित इलाम अस्पतालमा ३ दिने नि:शुल्क आँखा शिविर शुरू भएको छ। विराटनगर आँखा अस्पतालको प्राविधिक सहयोगमा नेपाल नेत्रज्योति संघ इलामले आँखा शिविरको आयोजना गरेको हो।

शिविरमा विराटनगर आँखा अस्पतालका डाक्टर मनिष पाण्डेको नेतृत्वमा ६ जना स्वास्थ्यकर्मीको टोलीले सेवा दिइरहेका छन्। इलाम अस्पतालमा आँखा शिविर राख्नुअघि आयोजक नेपाल नेत्रज्योति संघले जिल्लाका साविकका पाँचवटा गाविसमा आँखाको स्क्रिनिङ शिविर सञ्चालन गरेको थियो।

साबिकका साँखेजुङ, शान्तिडाँडा, सुम्बेक, बरबोटे र सोयाक गाविसमा सञ्चालन गरिएको स्क्रिनिङ शिविरबाट मोतियाबिन्दु भएका ६० जना बिरामीहरू छनोट गरी उनीहरूलाई यस ३ दिने शिविरमा शल्यक्रियाका लागि बोलाइएको आयोजक संस्थाका सचिव बिष्णु कार्कीले जानकारी दिए। मानवको संसार देखाउने अत्यन्तै संवेदनशील मानिने आँखा भएकाले साना समस्या हुँदा झारफुकतर्फ नलागी आँखा उपचार केन्द्रमा आई आँखा जचाउन आयोजक संस्थाले आग्रहसमेत गरेको छ।

शिविरमा मोतियाबिन्दुको शल्यक्रिया गर्ने बिरामीका लागि औषधि उपचार नि:शुल्क वितरण गरिनेछ। यसैगरी बिरामीको १ जना कुरुवाका लागि खाने बस्नेको व्यवस्था आयोजकले गरेको संघकी सदस्य तथा शिविर सञ्चालन समितिका संयोजक पुष्पा खनालले जानकारी दिइन्। शिविरमा इलाम नगरपालिका र माइजोगमाई गाउँपालिकाका विभिन्न गाउँबाट आँखाका बिरामीहरू स्वास्थ्य जाँचका लागि आएका छन्। मोतियाबिन्दुको शल्यक्रियापछि जीवनको धेरै समय अन्धकारमा बसेकाहरूले संसार देख्न पाउने भएका छन्।

## भाषाका लागि हाजिरी जवाफ

खोटाङ, (नेस)

खोटाङको हलेसी तुवाचुङ नगरपालिका-७ हलेसीमा चाम्लिङ भाषामा हाजिरी जवाफ प्रतियोगिता गर्ने तयारी गरिएको छ। चाम्लिङ राईको भाषा संरक्षण, समृद्धि र विकासका लागि महेन्द्रोदय मावि महादेवस्थानमा चाम्लिङ भाषामा हाजिरी जवाफ प्रतियोगिता गर्ने तयारी गरिएको हो। चाम्लिङ राई भाषाको समृद्धिका लागि प्रकाशन हुँदै आएको सिंतिमी मासिक पत्रिकाको तेस्रो वार्षिक स्थापना दिवसको अवसरमा पुस १५ गते हाजिरी जवाफ प्रतियोगिता गर्ने निर्णय गरिएको पत्रिकाका सम्पादक तिलक चाम्लिङले बताउनुभयो।

# वन अतिक्रमण बढ्यो

राम धामी, डडेल्धुरा

डडेल्धुरा जिल्लाको भित्रीमधेस क्षेत्रमा काठ तस्करी र वन अतिक्रमण बढ्दै गएको स्थानीयको गुनासो छ। सो क्षेत्रका परशुराम नगरपालिका र आलिताल गाउँपालिकाका विभिन्न वन क्षेत्रबाट अवैध ढंगले काठ तस्करी हुने गरेको स्थानीय वन उपभोक्ताहरू बताउँछन्। सामुदायिक वन र राष्ट्रिय वनमा रहेका हरिया सालका रूख काटेर चोरीछिपी डडेल्धुरासहित प्रदेश नं. ७ का विभिन्न जिल्लामा काठ तस्करी बढ्दै गएकाले आलिताल गाउँपालिका-४ का बासिन्दा भरत खड्काले बताए। उनले सामुदायिक वन र राष्ट्रिय वन क्षेत्रमा अतिक्रमणसमेत बढ्दै गएको जानकारी दिए।

भित्रीमधेस क्षेत्रको अति संवेदनशील मानिने चुरे क्षेत्रमा वन अतिक्रमण बढ्दै गएको स्थानीय बताउँछन्। चुरे क्षेत्रमा वन अतिक्रमण गरेर ऐलानी जग्गा बनाउने क्रम बढ्दै गए पनि स्थानीय इलाका वन कार्यालयहरूले नियन्त्रणका लागि चासो नदिएको स्थानीय अगुवाहरूको गुनासो छ। भित्रीमधेस क्षेत्रमा काठ तस्करी र वन अतिक्रमण बढ्दै गएको सन्दर्भमा वन प्रशासनलाई जानकारी गराए पनि वास्ता नगरेको परशुराम नगरपालिका-८ का स्थानीय अगुवा वीरबहादुर धामीले बताए।

बिगतदेखि नै काठ तस्करीका लागि चर्चामा रहेको भित्री मधेस क्षेत्रका विभिन्न वन क्षेत्रबाट चोरीछिपी ठूलो परिणाममा काठ तस्करी र संवेदनशील वन क्षेत्र मानिने चुरे क्षेत्रमा वन अतिक्रमण बढ्दै गरेको सन्दर्भमा गुनासो आउने गरेको जिल्ला वन कार्यालय डडेल्धुराका जिल्ला वन अधिकृत इन्द्रमणि भण्डारीले बताए।

पछिल्लो समयमा भित्रीमधेस क्षेत्रबाट काठ तस्करी नियन्त्रण गर्न चेकजाँचमा कडाइ गरिएपछि ठूलो परिणाममा अवैध काठ बरामद गरिएको र काठ चोरीमा संलग्नलाई कारबाही गरिन थालिएकाले तस्करीका घटनामा कमी आउन थालेको जिल्ला वन कार्यालय डडेल्धुराले जनाएको छ। भित्रीमधेस क्षेत्र पहिलादेखि नै वन अतिक्रमणको जोखिममा रहेको बताउँदै जिल्ला वन अधिकृत भण्डारीले सो क्षेत्रमा वन अतिक्रमण नियन्त्रण गर्न स्थानीय तह र सामुदायिक वनहरूसँग समन्वय गरी काम गर्न मातहतका वन एकाइहरूलाई निर्देशन गरिएको बताए।

वन क्षेत्रमा नयाँ अतिक्रमण नियन्त्रण गर्ने र पुरानो अतिक्रमण गरिएको वन क्षेत्र खाली गराउन जिल्ला वन कार्यालयले पहल गर्ने जिल्ला वन अधिकृत भण्डारीले बताए। उनले वन अतिक्रमण न्यूनीकरण गर्ने जिल्ला वन कार्यालयको वार्षिक कार्ययोजनाअनुसार सबै सरोकारवालासँग समन्वय गरेर अतिक्रमण गरिएको वन क्षेत्र खाली गराइने र वन अतिक्रमणकारीलाई कडा कारबाही गरिने जानकारी दिए।

भित्रीमधेस क्षेत्रका १०८ ओटा सामुदायिक वनहरूले अनियमित ढंगले काठ बिक्री गरेको भन्दै अख्तियार दुरुपयोग अनुसन्धान आयोगले ५ वर्ष पहिले दायर गरेको भ्रष्टाचारसम्बन्धी मुद्दा हाल सर्वोच्चमा विचाराधीन छ।

# ८४ वर्षीया जेष्ठ नागरिकलाई नयाँ जीवन

चिरञ्जीवी मास्के, दोलखा



सदरमुकाम चरिकोटमा रहेको प्रस्तावित चरिकोट अस्पतालले पाठेघर खसेको जटिल शल्यक्रिया गरी ८४ वर्षीया जेष्ठ नागरिकलाई नयाँ जीवन दिएको छ।

पाठेघर र मूत्रथैलीको समस्याबाट पीडित दोलखा विगु गाउँपालिका वडा नम्बर ५ लादुककी ८४ वर्षीया जेष्ठ नागरिक बालकुमारी भुजेलको प्रस्तावित चरिकोट अस्पतालमा सफल शल्यक्रिया भएपछि उनले नयाँ जीवन पाएकी हुन्। 'झन्डै ४० वर्ष अघिदेखि म पाठेघर खस्ने रोगबाट पीडित थिएँ, हिँड्न, बस्न र पिसाब गर्न साह्रै समस्या थियो', जेष्ठ नागरिक बालकुमारीले भनिन्- 'उपचारपछि अहिले राम्रोसँग हिँड्न सक्ने भएकी छु।' उनले झन्डै ४० वर्षपछि आफू पीडाबाट मुक्त भएर नयाँ जीवनमा प्रवेश गरेको बताइन्।

लामो समयदेखि पाठेघर खस्ने समस्याबाट पीडित जेष्ठ नागरिक उपचारका लागि अस्पताल आएपछि पुस ३ गते प्रस्तावित चरिकोट अस्पतालका डाक्टर विनोद दंगाल, डाक्टर तुलाकृष्ण गुप्ता र नर्सिङ इन्चार्ज खेमा स्वाँरको टोलीले पाठेघर र मूत्रथैलीको सफल शल्यक्रिया गरिदिएको थियो।

'जेष्ठ नागरिक बालकुमारीलाई ४०/४५ वर्षको उमेरदेखि नै पाठेघर खस्ने समस्या रहेछ। शुरू शुरूमा रिङ राखे पनि थप उपचार गर्नेतिर चासो नदेखाएको कारण पाठेघर पूर्णरूपमा खसेर मूत्रथैलीसमेत बाहिर आइसकेको थियो।' -डाक्टर विनोद दंगालले भने। करिब ६ महिना अघिदेखि हिँड्न, बस्न र पिसाब गर्नसमेत समस्या भएको र विभिन्न स्वास्थ्य चौकी तथा पाठेघर रोगसम्बन्धी क्याम्पहरूमा जाँदा अब उपचार हुँदैन भनेर फर्काएपछि उनलाई उपचारका लागि चरिकोट अस्पताल ल्याइएको दंगालले बताए। अस्पतालले तत्कालै शल्यक्रिया गरिदिएपछि अहिले उनलाई हिड्न, बस्न र पिसाब गर्नसमेत सहज भएको डाक्टर विनोद दंगालको भनाइ छ।

चरिकोट अस्पतालका डाक्टर विनोद दंगालले जेष्ठ नागरिक बालकुमारीको शल्यक्रिया निक्कै जटिल प्रकृतिको भए पनि अस्पतालका सबै स्वास्थ्यकर्मीको साथ र सहयोगले सफलता मिलेको बताए। उनले भने- 'अस्पतालमा २१ जनाभन्दा बढीको पाठेघरको शल्यक्रिया गरिसकिएको छ।' सामान्यतया पाठेघर खस्ने समस्या भएका बिरामीलाई शुरूको चरणमा रिङ राखिदिने र त्यसलाई तीन/तीन महिनामा परिर्वतन गरिरहनुपर्ने भए पनि दोलखाका अधिकांश पाठेघरका बिरामीले रिङ एकपटक राखेपछि बेवास्ता गर्ने कारण समस्या हुने गरेको स्वास्थ्यकर्मीको भनाइ छ।

दोलखा जिल्लाको ग्रामीण क्षेत्रमा अहिले पनि धेरै महिलाहरू पाठेघर खस्ने समस्याबाट पीडित रहेको र उनीहरूले रिङ राखेर थप उपचारमा बेवास्ता गरिरहेको पाइएकाले उनीहरूलाई स्वास्थ्य चौकीसम्म ल्याउने कुरामा नागरिक समाज, पत्रकार, राजनीतिज्ञ र परिवारका सदस्यहरूले सहयोग गर्नुपर्ने डाक्टर विनोदले बताए।

जेष्ठ नागरिक बालकुमारीको छोरा चेतबहादुर भुजेलले पनि चरिकोट अस्पतालले आमाको सफल उपचार गरी नयाँ जीवन दिएको बताए। 'पाठेघरको समस्याले गर्दा आमालाई हिँड्नमात्र होइन, पिसाब गर्नसमेत कष्ट हुने गरेको थियो। आमाको पीडाले हामीलाई समेत कष्ट हुन्थ्यो', चेतबहादुरले भने- 'चरिकोट अस्पतालले नि:शुल्क उपचार गरेर आमालाई नयाँ जीवन दिएको छ।'

पाठेघरको समस्याका कारण आमालाई पिसाब गर्नसमेत कठिन भएपछि धेरै स्वास्थ्य चौकी र क्याम्पहरूमा लगेको तर सबैतिरबाट उपचार सम्भव छैन भनेर फर्काए पनि चरिकोट अस्पतालले सफल उपचार गरेर गुन लगाएको चेतबहादुरले बताए।

## प्रतिनिधिसभा...

तर, राष्ट्रियसभा गठनबिना संघीय संसद्ले पूर्णता नपाउने र सांसदको शपथ ग्रहणबिना प्रधानमन्त्रीको नियुक्ति कसरी हुन्छ भन्ने प्रश्न पनि खडा भएको पाइएको छ।

त्यस्तै, धारा ८४(८) मा संघीय संसद्मा प्रतिनिधित्व गर्ने प्रत्येक दलबाट निर्वाचित कुल सदस्य संख्याको कम्तीमा एकतिहाइ सदस्य निर्वाचित हुने व्यवस्था गरेकाले राष्ट्रियसभा गठनविना मत परिणाम सार्वजनिक गर्ने कि नगर्ने अर्को संवैधानिक प्रश्न खडा भएको छ।

मतपरिणाम सार्वजनिक नभएसम्म संविधानमा जे-जस्तो व्यवस्था भए पनि प्रधानमन्त्रीको नियुक्ति र संसद् बैठक बोलाउनेलगायतका कुनै पनि प्रक्रिया अघि बढ्न सक्ने स्थिति देखिएको छैन।

## जनकपुर..

रेल विभागले २०७५ कात्तिक दोस्रो सातासम्म अन्तिम म्याद थप गरेर त्यो अवधिभित्र रेल वे सञ्चालनमा ल्याउने तीव्र तयारी गरिरहेको छ।

नेपालमा विसं १९९४ मा भारत सरकारकै सहयोगमा राम-जानकी विवाह महोत्सवको अवसर पारेर जनकपुर-जयनगर रेल्वेको सञ्चालन गरिएको थियो। नेपालको एक मात्र रेल वे सेवा विविध कारणले ३ वर्ष अघिदेखि बन्द भएको छ।

रेल सञ्जाललाई नेपालमा विस्तार गर्नेबारे नेपाल सरकार र भारत सरकारबीच सन् २०१० मा भएको द्विपक्षीय सम्झौता भएको थियो। सोहीअनुसार २०११ माघ महिनामा निर्माणको थालनी भएको थियो।

भारत सरकारको आर्थिक सहयोगमा भइरहेको निर्माणका लागि शुरुआतमा भारत सरकारले ५ अर्ब ३९ करोड भारु सहयोग गरे पनि त्यो रकम परिमार्जित भएर हाल ७ अर्ब २० पुगेको छ।

विभागका अनुसार पहिलो चरणमा जयनगरदेखि कुर्थासम्म ३५ किलोमिटर, दोस्रो चरणमा कुर्थादेखि भंगहासम्म र तेस्रो चरणमा बर्दिबाससम्म गरी जम्मा ७० किलोमिटर ब्रोडगेज निर्माणको काम भइरहेको छ। विभागले पहिलो चरणअन्तर्गत जयनगरदेखि कुर्था ३५ किलोमिटर खण्डमा फागुनसम्ममा रेल चलाउने लक्ष्य लिई काम गरिरहेको थियो। तर देशको तराई भेगमा आएको विपत्तिले गर्दा लक्ष्य पूरा हुन सकेन। अहिले लिकमा माटो भर्ने, ग्राभेलिङ गर्ने तथा साना-ठूला पुलपुलेसाको निर्माण कार्य लगभग सम्पन्न गरेर फलामको लिकहरू बनाउने, ढुंगाहरू बिछ्याउने काम भइरहेको विभागले जनाएको छ।

जयनगरदेखि जनकपुरसम्म ७० प्रतिशत सम्पन्न भइसकेको विभागले जनाएको छ। अहिले विभिन्न स्टेसन तथा हल्टहरूमा स्टेसन निर्माणका साथसाथै कर्मचारीको आवासका लागि फ्ल्याटसहितको क्वार्टर निर्माण भइरहेको छ।

नयाँ निर्माण भइरहेको रेलको लिक पहिलेभन्दा ठूलो (ब्रोडगेज) रहेको छ। सानो आकारको रेलको लिकलाई विस्थापित गरेर ठूलो आकारको लिक निर्माण गरिएको विभागले जनायो। त्यस्तै रेल वे निर्माणको काम हुँदै गर्दा विभागले अर्थ मन्त्रालयसँग डेढ वर्षअघि रेलको इन्जिन र डब्बा किन्न २ अर्ब रुपियाँ माग गरेको थियो। तर मन्त्रालयले भने रेलको लिक तयार नभईकन बजेट मागिएको भन्दै बजेट दिन नमिल्ने प्रतिक्रिया जनाएको थियो।

विभागले अर्डर दिएको १ वर्ष वर्षपछि मात्रै डब्बा तयार हुने भन्दै रेल वेको लिक तयार हुनुअघि नै रेल किन्न मन्त्रालयमा बजेट माग गरिएको जनाएको छ



# अर्थ

चालू आवको पहिलो ५ महिनामा मलेसियापछि धेरै नेपाली कामका लागि जाने मुलुकमा कतार दोस्रो स्थानमा रहेको छ। यद्यपि, मंसिर महिनामा कतार नेपाली कामदारको पहिलो रोजाइ बनेको छ।

## चालू आवमा डेढ लाख विदेशिए

नेपाल समाचारपत्र

काठमाडौं

चालू आर्थिक वर्षको पहिलो पाँच महिनामा वैदेशिक रोजगारीमा जाने नेपालीको संख्या अघिल्लो वर्षको सोही अवधिको तुलनामा कम देखिएको छ।

गत आवको पहिलो पाँच महिनामा विदेशिने कामदारको संख्या १ लाख ४७ हजार रहेकोमा चालू आर्थिक वर्षको मंसिरसम्म रोजगारीका क्रममा विदेशिने संख्या १ लाख ४० हजार ८ सय ५४ जना नेपाली रहेको छ।

वैदेशिक रोजगार विभागले सार्वजनिक गरेको तथ्यांकले व्यक्तिगत तर्फ श्रम स्वीकृति लिनेको संख्या पनि घटेको छ। चालू आवको कात्तिकमा ३१ हजार ७ सय जनाले व्यक्तिगत श्रम स्वीकृति लिई वैदेशिक रोजगारीमा गएकोमा मंसिरमा त्यो घटेर २४ हजार ४ सय ९ पुगेका छन्।

विभागका अनुसार चालू आर्थिक वर्षको मंसिरमा संस्थागत रूपमा श्रम अन्तिम स्वीकृति लिई २७ हजार ९ सय ६५ जना विदेशिएका छन्। अघिल्लो महिनामा यो संख्या २८ हजार ५ सय २२ रहेको थियो। चालू आवमा रोजगारीको क्रममा विदेशिनेमध्ये १ लाख ३१ हजार ८ सय ७० जना पुरुष रहेका छन् भने ८ हजार ३ सय ९३ जना महिला छन्। असोज महिनामा २४ हजार ५ सय ६९ जना संस्थागत रूपमा वैदेशिक रोजगारीमा गएका थिए।

कात्तिकमा विदेशिने महिला कामदारको संख्या १ हजार ५ सय २२ रहेको छ जुन अघिल्लो महिनाको तुलनामा १ सय ८१ जनाले कम हो।

**सबैभन्दा बढी मलेसियामा**

पछिल्लो समय मलेसिया जाने नेपाली कामदारको संख्यामा उच्च वृद्धि हुन थालेको भने साउदी र कतार जानेको संख्यामा उल्लेख्य कमी आउन थालेको छ। गत वर्ष साउदीमा देखिएको आर्थिक समस्या र कतारमाथि खाडी मुलुकले लगाएको आर्थिक नाकाबन्दीका कारण नेपालबाट रोजगारीका मलेसिया जाने कामदारको संख्या बढेको श्रम तथा रोजगार मन्त्रालयले जनाएको छ।

कात्तिकमा पनि चालू आवको अघिल्ला महिनामा जस्तै सबैभन्दा बढी नेपाली कामदार मलेसिया गएका छन्। खाडी मुलुकमा देखिएको मन्दी र मलेसियन रिंगिटमा आएको केही सुधारले मलेसियामा रोजगारीमा जाने कामदारको संख्यामा सुधार देखिएको विश्लेषण गरिएको छ।

चालू आवको पहिलो ५ महिनामा मलेसियापछि धेरै नेपाली कामका लागि जाने मुलुकमा कतार दोस्रो स्थानमा रहेको छ। यद्यपि, मंसिर महिनामा कतार नेपाली कामदारको पहिलो रोजाइ बनेको छ। यस महिना सबैभन्दा धेरै ८ हजार ५ सय ९५ जना नेपाली कामदार कतार गएका छन्। चालू आवको पहिलो ४ महिना अगाडि रहेको मलेसिया यस महिना भने दोस्रो स्थानमा झरेको छ। मंसिरमा मलेसिया जाने नेपाली कामदारको संख्या ८ हजार ३ सय ६५ रहेको छ जुन अघिल्लो महिनाको तुलनामा ५ सय ८ जनाले कम हो।

तेस्रो स्थानमा रहेको यूएईमा मंसिरमा ४ हजार ४ सय ९८ जना रोजगारीका लागि गएका छन्। त्यस्तै आर्थिक मन्दीपछि आरोलो लागेको साउदी जाने क्रममा केही सुधार आउँदै मंसिरमा ३ हजार ३ सय ९० जना कामदार साउदी अरब गएका छन्। साउदी अरबमा विदेशी कामदारलाई नयाँ विभिन्न कानुन बनाउन थालेपछि साउदी जाने नेपालीको संख्यामा पनि कमी आउन थालेको हो। त्यस्तै मंसिरमा कुवेत जाने नेपाली कामदारको संख्या १ हजार १ सय १६ जना रहँदा बहराइन जानेको संख्या ४ सय २१ रहेको छ।



त्यस्तै चालू आवको मंसिरसम्म २ सय ६९ जना अल्जेरिया, १ सय ७ जना साइप्रस, १ सय ६१ जना जार्डन, १ सय ७३ जना ओमन, १ सय १ जना पोल्यान्ड र १ सय २८ जना टर्की गएका छन्। हाल नेपालले विश्वका १ सय १३ देशमा रोजगारीका लागि श्रम स्वीकृति दिने गरे पनि करिब ९५ प्रतिशत कामदार खाडी मुलुक र मलेसिया नै जाने गरेका विभागको तंथ्याकमा उल्लेख छ।

## रेमिट्यान्स वृद्धिदर ऋणात्मक

काठमाडौं, (नेस)

नेपाली अर्थतन्त्रको मेरुदण्ड मानिएको रेमिट्यान्स नेपाल भित्रिने क्रम घट्न थालेको छ। चालु आर्थिक वर्षको कात्तिकमा रेमिट्यान्स आप्रवाह पौने ५ अर्ब रुपियाँले घटेको हो। चालु आर्थिक वर्षको ४ महिनामा विप्रेषण आप्रवाह ४ अर्ब ८१ करोड रुपियाँ अर्थात् १ दशमलव ४ प्रतिशतले घट्दै २ खर्ब २८ अर्ब ९५ करोड रुपियाँमा झरेको छ। गत आवको सोही अवधिमा विप्रेषण आप्रवाह २ खर्ब ३२ अर्ब १४ करोड रुपियाँ रहेको थियो। अघिल्लो वर्षको सोही अवधिमा पनि रेमिट्यान्स ७ दशमलव ८ प्रतिशतले बढेको थियो।

वैदेशिक रोजगारीका लागि बाहिरिने नेपालीको संख्या घटेकोले रेमिट्यान्स भित्रने क्रम घटेको राष्ट्र बैंकले जनाएको छ। श्रम स्वीकृतिका आधारमा वैदेशिक रोजगारीमा जाने नेपालीको संख्या चार महिनामा अघिल्लो वर्षको तुलनामा सोही अवधीको तुलनामा १ प्रतिशतले घटेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो संख्या ७ दशमलव ९ प्रतिशतले घटेको थियो।

समीक्षा अवधिमा मलेसिया जाने कामदारको संख्यामा उच्च वृद्धि भएको तर साउदी अरेविया जानेको संख्यामा उल्लेख्य गिरावट आएको छ। साउदी अरेबियामा पछिल्लो समय देखिएको मन्दिको कारण त्यहा रोजगारीको लागि जाने नेपालीको संख्यामा कमि आएको देखिन्छ।

समीक्षा अवधिमा खुद ट्रान्सफर आय शून्य दशमलव ३ प्रतिशतले घटी २ खर्ब ६४ अर्ब ५७ करोड रुपियाँमा सीमित भएको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो आय ६ दशमलव ७ प्रतिशतले बढेको थियो।

घट्दो रेमिट्यान्स र व्यापार असन्तुलन कायमै रहँदा देशको आय व्यय (शोधानान्तर स्थिती) मा दबाब पुगेको राष्ट्र बैंकले जनाएको छ। यस अवधीमा शोधानान्तर बचत २ अर्ब ४० करोड रुपियाँ मात्रै रहेको छ।अघिल्लो वर्षको सोही अवधीमा शोधनान्तर बचत २१ अर्ब ९८ करोड रुपियाँ रहेको थियो। त्यस्तै अपघल्लो वर्षको चार महिनामा १ अर्ब ८६ करोड रुपियाँले बचतमा रहेको चालू खाता समीक्षा अवधिमा २५ अर्ब ८१ करोड रुपियाँले घाटामा रहेको छ।

## क्लिंकर आयात रोकियो

कृष्णउदास खनाल, वीरगन्ज

वँतँवरणीय कारण देखाइ भारतीय रेलवेले रक्सौलका लागि क्लिंकरको लोडिङ अनिश्चितकालका लागि रोकेपछि नेपाली सिमेन्ट उद्योग मारमा परेका छन्। वीरगन्ज-रक्सौल नाका हुँदै भित्रिने सिमेन्टको कच्चा पदार्थका कारण प्रदूषण भएको भन्दै नाका बन्द गर्ने भारतीय सीमावर्ती शहर रक्सौलबासीको चेतावनीसहितको आन्दोलन चलिरहेका बेला रेलवेले शनिबारदेखि लोडिङ बन्द गरेको हो।

भारतीय रेलवेले यार्डको विकल्प दिन नसक्दा स्वदेशी आयातकर्तालाई मार परेको हो। भारतबाट क्लिंकर आयात बन्द भएपछि नेपालका सिमेन्ट उद्योगी प्रत्यक्ष मारमा परेपछि सिमेन्ट उद्योग लगभग बन्द हुने अवस्थामा पुगेको वीरगन्जस्थित त्रिशक्ति सिमेन्टका सञ्चालक सज्जन चाचानले बताउनुभयो। 'क्लिंकर लोड तथा अनलोडको व्यवस्था मिलाउने काम रेलवेको हो। तर, समस्या समाधानमा उसको असफलताको मार हामीले भोग्नु न्यायोचित होइन।' चाचानले भन्नुभयो।

क्लिंकर आयातमा समस्या देखिएपछि व्यवसायीले क्लिंकर लोडिङमा लगाइएको प्रतिबन्ध फुकुवा गराउन सरकारसमक्ष माग गरेका छन्। नारायणी सिमेन्ट उद्योगका प्रबन्ध निर्देशक सतीश चाचानले नेपाल सरकारले भारतसँग तत्काल पहल गर्नुपर्ने बताउनुभयो। 'रेलवेका अधिकारीले जिम्मेवारी पन्छाउने कुरा गरेपछि आयातकर्तामा झन् अन्योल थपिएको छ।' चाचानको भनाइ छ। सरकारीस्तरबाटै तत्काल प्रभावकारी प्रयास नहुने हो भने यो क्षेत्रका सिमेन्ट उद्योग समस्यामा पर्ने उहाँ दाबी गर्नुहुन्छ।

हाल बारा र पर्साका १३ ओटा सिमेन्ट उद्योगले यस नाकाबाट कच्चा पदार्थ आयात गर्छन्। नेपालका लागि आयात हुने क्लिङ्कर, कोइला, फ्लाइयास, जिप्सम, स्ल्याग, आइरन ओरलगायत धूलो उड्ने कार्गो लोडअनलोड हुँदा प्रदूषण बढेको भन्दै रक्सौलका बासिन्दाले लामो समयदेखि विरोध गर्दै आए पनि रेलवेले विकल्प खोज्न सकेको छैन। त्यसैको विरोध गर्दै उनीहरूले आफ्नो माग पूरा नभए सोमबारदेखि नाका बन्द गर्ने धम्की दिएका थिए। रक्सौलका बासिन्दाको मुख्य विरोध क्लिंकरमा रहेको छ।

## मुलुकको समृद्धिका लागि उद्योगको विकास आवश्यक

हेटौंडा, (नेस)

उद्योगी व्यवसायीले मुलुकको समृद्धिका लागि उद्योगहरू फस्टाउँदै जानुपर्नेमा जोड दिएका छन्। उद्योग संघ मकवानपुरको १६ औं वार्षिक साधारणसभामा सहभागी उद्योगी, व्यवसायी तथा नवनिर्वाचित जनप्रतिनिधिले मुलुकको समृद्धिका लागि उद्योगको ठूलो भूमिका हुने बताएका हुन्।

संघको साधारणसभा उद्घाटन गर्नुहुँदै नेपाल उद्योग परिसंघका अध्यक्ष हरिभक्त शर्माले नेपालमा रहेका उद्योग उचित व्यवस्थापन नभएको भन्दै उद्योगका लागि सरकारको स्पष्ट नीति नआए उद्योगहरू धरासयी हुने बताउनुभयो। अध्यक्ष शर्माले मुलुकमा समृद्धि र सुशासन लागु गर्न जनप्रतिनिधिको महत्वपूर्ण भूमिका हुने पनि बताउनुभयो।

उहाँले भन्नुभयो- 'हाम्रो पुस्ताले सुरु गरे भावी पुस्ताले त्यसको प्रतिफल प्राप्त गर्न सकून् भन्ने हाम्रो आकांक्षा हो। त्यसैले हामी विगतमा जस्तै रुमल्लियौं भने हाम्रा पुस्ता हामीजस्तै संघर्ष, अविकास र पछौटेपनको शिकार हुनेछन्।'

## जोमसोम–कोरला सडक निमार्ण कार्य रोकियो

पर्वत, (नेस)

उत्तर–दक्षिण व्यापारिक मार्ग विस्तारित आयोजना, कालिगण्डकी करिडोरअन्तर्गत जोमसोम-कोरला सडक खण्डको काम स्थगित भएको छ। अत्याधिक चिसोका कारण काम गर्नै नसक्ने अवस्था आएपछि आयोजनको काम बन्द गरिएको हो। आयोजनका इन्जिनियर जगत प्रजापतिका अनुसार अत्याधिक चिसो भएर काम गर्न सक्ने अवस्था नरेहपछि जोमसोम-कोरला खण्डअन्तर्गत १ सय १० किलोमिटर सडकको निर्माण कार्य स्थगित भएको हो।


ज्योति — हिमाल स्टील आजको भाउ

| | टोरस्टिल | | | टि. एम. टि. टेम्पकोर | | | टोरकारी | एनिल्ड |
|---|---|---|---|---|---|---|---|---|
| | ८ मि.मि. | १०-२० मि.मि. | २५-३२ मि.मि. | ८ मि.मि | १०-२० मि.मि | २५-३२ मि.मि. | ४.७५-७ मि.मि. | |
| काठमाडौं | ७७.८५ | ७६.८५ | ७९.३५ | ७८.३५ | ७५.३५ | ७७.८५ | ७७.६५ | ८७.२२ |
| वीरगंज | ७५.९५ | ७४.९५ | ७७.४४ | ७६.४५ | ७३.४५ | ७५.९४ | ७५.७५ | ८५.४२ |
| विराटनगर | ७६.४५ | ७५.४५ | ७७.९४ | ७६.९५ | ७३.९५ | ७६.४४ | ७६.२५ | ८६.०२ |

• अन्त: शुल्क/भ्याट बाहेक प्रति किलो मूल्य • १००० के.जी. माथि नेपालभरि फ्रि होम डेलिभरी
• अन्य ठाउँको मूल्य नजीकको डिपोबाट लिनु होला । तौलमा हुक र चुरा समावेश छ ।

RHINO GUARANTEED DUCTILITY 500D

बिक्री मूल्य रु. प्रति किलोग्राम

| स्थानहरु | राईनो स्टील | | | |
|---|---|---|---|---|
| | ८ एम.एम | १०-२० एम.एम | २५ एम.एम | २८-३२ एम.एम |
| काठमाडौं, भक्तपुर, ललितपुर, बनेपा | ७८ | ७५ | ७८ | ७८ |
| सिमरा, वीरगञ्ज, कलैया, हेटौंडा | ७६/४० | ७३/४० | ७६/४० | ७६/४० |
| मलंगवा, जनकपुर, नारायणघाट | ७७ | ७४ | ७७ | ७७ |
| लाहान, विराटनगर, धरान, इटहरी, बुटवल, भैरहवा, कृष्णनगर | ७७ | ७४ | ७७ | ७७ |
| विर्तामोड, दमक, नेपालगञ्ज, धनगडी | ७८ | ७५ | ७८ | ७८ |
| पोखरा, स्याङजा | ७८ | ७५ | ७८ | ७८ |

नोट: उपरोक्त मूल्यमा १ रुपैयाँ प्रति के. जी. अन्तशुल्क र १३% मु.अ.कर थप लाग्नेछ ।

नेपालमा पहिलो पटक, नेपालकै लागि

NS:191 IS:1786

Available at : Kantipur Hardware Centre, Samakhushi (01-4384786), D.P Hardware Centre, Synobharang (9841356008), B.S Baniya, Satungal (9841687562), Jai ShivaShankar Hardware Centre, Dhumbarai (01-4446169), Sangachhe Trade Concern, Sanepa (01-5525049), Kantipur Hardware, Sanepa (01-5555259), Bhaktapur Mini Hardware, Bhaktapur (01-6616205), Jai Maa Chandeswori Hardware, Banepa (9851054994), NGT (056-570695), Parsa Chitwan (9855055795), Bardibas (044-550702), Birtamode 9842871718, Indrayani Kathmandu (01-4450166, 9851120096), Jai Jagadamba Hardware, Pokhara (9845494757), Lalitpur Hardware, Gwarko (01-5200333, 9851027694), Suva Tara Suppliers, Dakshindhoka, Jorpati (9851007467), Khwopa Mini Hardware, Sallaghari (9851118515), Janakpur (9844104194), Dharan (9852056372), Biratnagar (9852020186, 9842360444), Itahari (9852020953), Ridhisidhi ENT. Hetauda (9855067550, 9845030450)


## विनिमय दर

नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभाग

२०७४ पुस ११, डिसेम्बर २६, २०१७

### खुला बजार विनिमय दर नेपाल राष्ट्र बैंकको

| | खरिद दर | बिक्री दर |
|---|---|---|
| भारतीय रूपियाँ १०० को रू. | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर १ का रू. | १०२।१७ | १०२।७७ |
| युरो १ को रू. | १२०।५८ | १२१।२९ |
| पाउन्ड स्टर्लिङ १ को रू. | १३७।०५ | १३७।८६ |
| स्विस फ्रन्क १ को रू. | १०३।३५ | १०३।९६ |
| अस्ट्रेलियन डलर १ को रू. | ७८।४४ | ७८।९० |
| क्यानाडियन डलर १ को रू. | ८०।०५ | ८०।५२ |
| सिङ्गापुर डलर १ को रू. | ७५।८७ | ७६।३२ |
| जापानी यन १० को रू. | ९।११ | ९।१६ |
| चिनियाँ युआन १ को रू. | १५।४६ | १५।५५ |
| साउदी अरब रियाल १ को रू. | २७।२४ | २७।४० |
| कतारी रियाल १ को रू. | २८।०६ | २८।२३ |

| | खरिद दर | बिक्री दर |
|---|---|---|
| थाई भाट १ को रू. | ३।१४ | ३।१६ |
| सं. अरब इमिरट दिराम १ को रू. | २७।८२ | २७।९८ |
| मलसियन रिङ्गिट १ को रू. | २५।०५ | २५।१९ |
| दक्षिण कारियन वन १०० को रू. | ९।३८ | ९।४४ |

**खरिद दर**

| | खरिद दर |
|---|---|
| स्विडिस क्रोनर १ का रू. | १२।१३ |
| डेनिस क्रानर १ का रू. | १६।२० |
| हङकङ डलर १ का रू. | १३।०८ |

नोट : वर्तमान व्यवस्थाअन्तर्गत वणिज्य बैंकहरूले तोकेका खुला बजार विनिमय दर भने फरक हुन सक्नेछ। चिनियाँ युआन चिनियाँ पर्यटक, नेपाली निर्यातकर्ता तथा आयातकर्ता, चीन भ्रमणमा जाने नेपाली नागरिकहरू र चीनमा अध्ययन गर्ने विद्यार्थीसँग मात्र खरिद/बिक्री गर्न पाइने।


बक्यौता रकम चुक्ता गर्न आउनेबारे सूचना



रिक्की कर्मचार्य

यस हिमालय टेलिभिजन नेटवर्क प्रा. लि. तपाई श्री रिक्की कर्मचार्य Senior Marketing Officer पदमा रहि काम गर्नु भएको तपाईले तिर्नु बुझाउन पर्ने हिसाब नबुझाए बारम्बार ताकेता गर्दा पनि चुक्ता नगरेकोले यो सुचना प्रकाशित भएको एक साताभित्र यस हिमालय टेलिभिजन नेटवर्क प्रा. लि.को लेखा शाखामा सम्पर्क गरी आफ्नो बक्यौता रकम चुक्ता गर्न यो सूचना प्रकाशित गरिएको छ ।

HIMALAYA

Himalaya Television
GPO Box 3913 | Mid-Baneshwor, Kathmandu
Tel: 4472256 - 58 | 4476684 (news) | Fax: 4497711
Toll Free No.: 16600177111 | Email: info@himalayatv.com
Web: www.himalayatv.com


## बुधबारदेखि दोस्रो जाजरकोट महोत्सव

जाजरकोट, (नेस)

कला, संस्कृति, पर्यटन तथा कृषि उत्पादनको प्रचार प्रसार गर्न दोस्रो जाजरकोट महोत्सव (कृषि पर्यटन तथा व्यापार मेला-२०७४) आयोजना हुने भएको छ। जाजरकोट उद्योग वाणिज्य संघको आयोजना तथा भेरी नगरपालिकाको सह-आयोजनामा यहि पुस १२ गते देखि १६ गतेसम्म दोस्रो जाजरकोट महोत्सव आयोजना हुने भएको हो।

महोत्सव जिल्ला सदरमुकाम खलंगाको त्रिभुवन माध्यामिक विद्यालयको प्रांगणमा आयोजना हुँदै छ। पाँच दिने महोत्सवले जाजरकोटीको आयस्तर अभिवृद्धी गरी स्थानीयको जन जीवनमा परिवर्तन ल्याउने परिकल्पना सहित आयोजना गर्न लागिएको हो।

मेलालाई सफल बनाउन जिल्ला समन्वय समिति लगायतका सरकारी तथा गैरसरकारी निकायको सहयोग रहने महोत्सव आयोजक मुल समारोह समितिका संयोजक तथा जाजरकोट उद्योग वाणिज्य संघका अध्यक्ष कर्ण वहादुर खत्रीले बताउनुभयो। जाजरकोटको पर्यटन, उद्योग तथा व्यवसायको प्रचार प्रसार गरी यसको दिगो विकासका लागि दोस्रो जाजरकोट महोत्सवले सहयोग पुर्याउने संयोजक खत्रीको दावी छ।

महोत्सवमा कम्तीमा ५० हजार दर्शकले अवलोकन गर्ने तथा १ करोड बढीको व्यापार हुने मेला आयोजक समितिको जनाएको छ। मेलामा स्थानीय उत्पादन, बहुमुल्य पत्थर, घरेलु उत्पादन, फोटो प्रदर्शन, सांस्कृतिक तथा पौराणिक झाँकी, स्थानीय कला/संस्कृति झल्काउने नाँचहरूको प्रस्तुती रहनेछ। त्यसैगरी स्थानीय तथा राष्ट्रिय कलाकारहरूले भरपुर मनोरन्जन प्रदान गर्नेछन्।

## चार महिनामा साढे ५७ अर्बको शेयर सूचीकृत

नेपाल समाचारपत्र

काठमाडौं

पुँजी बजारमा चालू आर्थिक वर्षको पहिलो चार महिनामा ५७ अर्ब ६० करोड रुपियाँको शेयर सूचीकृत भएको छ। नेपाल राष्ट्र बैंकको तथ्यांकअनुसार १९ अर्ब ६३ करोड रुपियाँ बराबरको हकप्रद शेयर, १ अर्ब ५६ करोडको साधारण शेयर, १ अर्ब २७ करोडको बोनस शेयर र ३५ अर्ब १४ करोड रुपियाँ बराबरको सरकारी ऋणपत्र सूचीकृत भएका हुन्।

राष्ट्र बैंकका अनुसार यस अवधिमा नेप्सेमा सूचीकृत कम्पनीको संख्या १९७ मा सीमित भएको छ। गत वर्षको सोही अवधिमा २२३ कम्पनी रहेकामध्ये बैंक तथा वित्तीय संस्थाहरू एक आपसमा मर्ज भएका कारण सूचीकृत कम्पनीहरूको संख्या घट्न गएको हो। सूचीकृत कम्पनीहरूमध्ये १५१ वटा बैंक तथा वित्तीय संस्था (बीमा कम्पनीसमेत) रहेका छन् भने १८ वटा उत्पादन र प्रशोधन उद्योग, १७ वटा जलविद्युत् कम्पनी ४/४ वटा होटल तथा व्यापारिक संस्था र ३ वटा अन्य समूहका रहेका छन्।

त्यस्तै नेप्से सूचकांकमा वार्षिक बिन्दूगत आधारमा १२ दशमलव ५ प्रतिशतले घटेर २०७४ कात्तिक मसान्तमा १ हजार ४ सय ८९ दशमलव १ बिन्दूमा झरेको छ। गत वर्षको कात्तिक मसान्तमा उक्त सूचकांक ५५ दशमलव ५ प्रतिशतले वृद्धि भई १७०१ दशमलव ९ बिन्दू पुगेको थियो। गत असार मसान्तमा भने नेप्से सूचकांक १,५८२ दशमलव ७ बिन्दू कायम भएको थियो।

त्यस्तै वार्षिक बिन्दूगत आधारमा धितोपत्र बजार पुँजीकरण ८ दशमलव ६ प्रतिशतले घटेर कात्तिक मसान्तमा १,७२८ अर्ब ६८ करोड रुपियाँ कायम भएको छ। बजार पुँजीकरण अनुपात २०७३ कात्तिक मसान्तमा ६३ दशमलव ६ प्रतिशतले वृद्धि भएको थियो। बजार पुँजीकरणमा बैंक, वित्तीय संस्था र बीमा कम्पनीहरूको अंश ८२ दशमलव ७ प्रतिशत रहेको छ भने जलविद्युत् क्षेत्रको ४ दशमलव ७ प्रतिशत, उत्पादन तथा प्रशोधन क्षेत्रको २ दशमलव ५ प्रतिशत, होटलहरूको १ दशमलव ६ प्रतिशत, व्यापारिक संस्थाहरूको शून्य दशमलव १ प्रतिशत र अन्यको ८ दशमलव ४ प्रतिशत रहेको छ।

कात्तिकसम्ममा कुल शेयर कारोबार रकममा १९ दशमलव ६ प्रतिशतले ह्रास आएको छ। २०७३ कात्तिकमा २७१ दशमलव ४ प्रतिशतले वृद्धि भई १२ अर्ब २३ करोड पुगेको शेयर कारोबार रकम समीक्षा अवधिमा ९ अर्ब ८३ करोड रुपियाँमा सीमित हुन पुगेको छ। नेप्सेमा सूचीकृत शेयरहरूको चुक्ता मूल्य वार्षिक बिन्दूगत आधारमा ३३ दशमलव ५ प्रतिशतले बढेर २०७४ कात्तिक मसान्तमा ३०३ अर्ब ३० करोड रुपियाँ पुगेको छ।

शतप्रतिशत बोनसपछि बैंकको पुँजी ८ अर्ब १ करोड नाघ्नेछ। बैंकले चालु आर्थिक वर्षको प्रथम त्रैमासमा ४८ करोड २५ लाख ३१ हजार रुपियाँ खुद नाफा आर्जन गरेर प्रतिशेयर आम्दानी वार्षिक ४८ रुपियाँ १८ पैसा कायम गरेको छ।

# एक्स्प्रेस वे निर्माणका लागि उपकरण भाडामा

रोविन पौडेल, काठमाडौं

नेपाली सेनाले राष्ट्रिय गौरवको आयोजनाको रूपमा रहेको काठमाडौं-तराई मधेस एक्स्प्रेस वे निर्माणका लागि उपकरण भाडामा लिएर काम शुरू गर्ने भएको छ। सेनाले थप १५ दिने शिलबन्दी बोलपत्र आह्वान प्रकाशित गर्दै सेनाले निमाण उपकरण तथा मेसिनरी साधन भाडामा लिन लागेको जानकारी दिएको छ।

सेनाले यसअघि पनि शिलबन्दी बोलपत्रको १५ दिने सूचना जारी गरेको थियो। सो अवधिमा बोलपत्रका लागि पर्याप्त कम्पनीले फाराम नबुझाएपछि म्याद थपिएको सेनाले जनाएको छ। नेपाली सेनाका प्रवक्ता सहायक रथी नैनराज दाहालका अनुसार एक्सप्रेस वे निर्माण तयारीका लागि पर्याप्त समय भएको तथा सोचेअनुरूप कम्पनी यसमा इच्छुक नेदेखिएकाले बोलपत्र आह्वानको पुन: १५ दिने सूचना जारी गरेको हो।

नेपाल समाचारपत्रसँग कुरा गर्दै दाहालले भन्नुभयो- 'हामी धेरैभन्दा धेरै कम्पनीलाई शिलबन्दी बोलपत्रमा समावेश गराउन चाहन्छौं। यसअघिको सूचनाबाट सोचअनुसार राष्ट्रियस्तरका निर्माण व्यवसायी सम्पर्कमा आएनन्। यसैकारण पुस २० गतेसम्मका लागि बोलपत्र आवेदनका लागि समय सीमा थपेका हौं।'

यसअघिको बोलपत्र आह्वानमा ४७ कम्पनीले आवेदन दिएको प्रवक्ता दाहालले जानकारी दिनुभयो। उहाँका अनुसार यसअघि प्रकाशित सूचनाअनुसार एक्स्प्रेस वेको कूल नौ खण्डमा निर्माण परेको छ। तीमध्ये सबैभन्दा धेरै तेस्रो खण्डमा ९ वटा आवेदन परेकोमा पाँचौ खण्डमा एउटा मात्र आवेदन परेको थियो।

त्यस्तै दोस्रो खण्डमा आठ र सातौं खण्डका लागि निर्माण उपकरण भाडामा दिन ७ वटा कम्पनी इच्छुक देखिएका थिए। पहिलो र चौथो खण्डमा पनि क्रमश: ५/५ कम्पनी इच्छुक देखिँदा बाँकी खण्डमा पनि ४/४ कम्पनी इच्छुक देखिएका थिए।

सेनाले मकवानपुरको बुदुने र बाराको निजगढमा निर्माण व्यवसायीले निर्माण उपकरण तथा मेसिनरी साधन भाडामा दिने सम्बन्धी बोलपत्र फारम बुझाउन सक्ने स्थान तोकेको छ।

पहिलो चरणमा दुई प्याकेजका लागि राष्ट्रियस्तरका निर्माण व्यवसायीलाई बोलपत्रमा सहभागी हुन भनेको हो। ती प्याकेजको बोलपत्र जमानत वापतको रकम क्रमश: ७५ लाख र ८३ लाख रहेको छ। सेनाले यसअघि नै दीर्घकालीन रूपमा २ अर्ब बराबरको निर्माण सामग्री खरिदका लागि प्रक्रिया अगाडि बढाए पनि तत्कालका लागि निर्माण व्यवसायीबाट उपकरण भाडामा लिन लागेको हो।

सेनाले सडक निर्माण कार्यमा सञ्चालन हुने हेभी मेसिनरी तथा उपकरण प्रतिघण्टा दररेट तथा उपकरणको मर्मत ढुवानी तथा उपकरण सञ्चालन गर्दा आवश्यक इन्धन तथा लुब्रिकेन्टस्को खर्च उल्लेख गर्न भनेको छ। बोलपत्रमा यी सबै कुरा सामेल गर्नुपर्ने र त्यो सम्पूर्ण व्यवसायीले नै बेहोर्नुपर्ने छ।

प्रवक्ता दाहालका अनुसार बन्दोबस्तका लागि पर्याप्त समय रहेकाले अहिले हतार नभएको तर सकेसम्म चाँडै नै बिडिङ जित्ने कम्पनीको नाम सार्वजनिक गरिने छ।

द्रुतमार्ग निर्माणको तयारीस्वरूप सेनाले अत्याधुनिक हेभी इक्युपमेन्ट मेसिन भाडामा लिन लागेको जनाएको छ। सेनाले यसअघि नै एक्जाभेटर, ह्विल लोडर, एयर कम्प्रेसर, रोलर, डोजर, रक ब्रेकर, ग्रेडर मेसिन आदि खरिद गरिसकेको छ। कुल ७६ किलोमिटर लामो एक्सप्रेस वे निर्माणको सम्पूर्ण जिम्मा सेनाले लिएको छ। १ खर्ब १२ अर्ब लागतमा निर्माण हुने भनिएको सो आयोजना काठमाडौंलाई तराईसँग जोड्न महत्वपूर्ण मानिएको छ।

यसअघि सेनाले एक्सप्रेस वे निर्माणका लागि सेनाले आवश्यक शिविर खडा गरिसकेको छ। ७६ दशमलव २ किमि लामो एक्सप्रे वेमा घटीमा ६५ किलोमिटर प्रतिघण्टा र बढीमा १ सय २० किलोमिटर प्रतिघण्टा गतिमा सवारी चलाउन सकिनेछ।

## अझै टुंगो लागेन डीपीआर

काठमाडौं, (नेस)

भारतीय कम्पनीले तयार गरेको एक्सप्रे वेको विस्तृत परियोजना प्रतिवेदन (डीपीआर)को अध्ययनमै सेनाले चार महिनाभन्दा बढी समय बिताइसकेको छ। सरकारले असोज २६ गते फास्ट ट्र्याकको डीपीआर किन्ने निर्णय गरे पनि सेनाले डीपीआरको अध्ययन जारी रहेको पटकपटक भन्ने गरेको छ।

भारतीय कम्पनी इन्फास्ट्रक्चर लिजिङ एन्ड फाइनान्सियल सर्भिसेज लिमिटेड (आईएल एन्ड एफएस) ले तयार पारेको डीपीआरमाथि अहिले सेनाले अध्ययन गरिरहेको छ।

डीपीआर सम्झौता हुन नसक्दा सबै प्रक्रिया पूरा नभए पनि ट्र्याक खोलिसकेको अवस्थामा पनि निर्माणको थप काम अगाडि बढ्न नसकेको हो। नेपाली सेनाका प्रवक्ता दाहाल पनि यस विषयमा आफूले केही भन्न नसक्ने बताउनुहुन्छ। सेनाले भारतीय कम्पनीले तयार पारेको विस्तृत परियोजना प्रतिवेदन नपाए पनि आयोजनाको तयारी भने अगाडि बढाउने भएको हो।

भारतीय कम्पनी आईएल एन्ड एफएसले डीपीआरवापत १ अर्ब रुपियाँ शुल्क मागेको छ।

# मुद्रास्फीति भारतको भन्दा कम, चालू आवमध्ये बढी

नेपाल समाचारपत्र

काठमाडौं

कात्तिक महिनामा नेपालको मूल्यवृद्धि भारतको भन्दा कम रहेको नेपाल राष्ट्र बैंकले जनाएको छ। कात्तिमा नेपाल र भारतमुलुक बीचको उपभोक्ता मुद्रास्फ्रीति अन्तर १ प्रतिशत रहेको हो। राष्ट्र बैंकका अनुसार २०७४ कात्तिक महिनामा नेपालको वार्षिक बिन्दुगत उपभोक्ता मुद्रास्फीति ३ दशमलव ९ प्रतिशत रहेकोमा भारतको ४ दशमलव ९ प्रतिशत रहेको छ।

समीक्षा अवधिमा भारतको मुद्रास्फीति उच्च रहनुमा भारतीय बजारमा तरकारीको मूल्यमा भएको उच्च वृद्धि (२२ दशमलव ५ प्रतिशत) एवम् अन्तर्राष्ट्रिय क्षेत्रमा पेट्रोलियम पदार्थको मूल्यमा भएको वृद्धिको प्रभाव रहेको राष्ट्र बैंकको भनाई छ। अघिल्लो वर्षको सोही अवधिमा नेपालको मूल्य वृद्धि भारतको भन्दा १ दशमलव २ प्रतिशत बढी रहेको थियो। सो अवधीमा नेपाल र भारतमा यस्तो मुद्रास्फ्रीति क्रमश: ४ दशमलव ८ प्रतिशत र ३ दशमलव ६ प्रतिशत रहेका थिए।

चालू आर्थिक वर्षको कात्तिक महिनामा वार्षिक बिन्दुगत उपभोक्ता मुद्रास्फीति केही वृद्धि भई ३ दशमलव ९ प्रतिशत पुगेको छ। कात्तिकमा तरकारी, मदिराजन्य पेय पदार्थ लगायतमा भएको मूल्य वृद्धिले असोजमा ३ दशमलव १ प्रतिशत रहेको उपभोक्ता मुद्रास्फीति बढेको नेपाल राष्ट्र बैंकले जनाएको छ।

२०७४ साउन र भदौमा वार्षिक बिन्दुगत उपभोक्ता मुद्रास्फीति क्रमश: २ दशमलव ३ र ३ दशमलव ४ प्रतिशत रहेको थियो। अघिल्लो वर्षको सोही अवधिको मुद्रास्फीति ४ दशमलव ८ प्रतिशतको तुलनामा भने चौथो महिनाको मुद्रास्फीति कम हो।

**चालू आर्थिक वर्षको कात्तिक महिनामा वार्षिक बिन्दुगत उपभोक्ता मुद्रास्फीति केही वृद्धि भई ३ दशमलव ९ प्रतिशत पुगेको छ।**

गत वर्षको कात्तिकमा मुद्रास्फ्रीति ४ दशमलव ८ प्रतिशत थियो। २०७२ को कात्तिकमा भूकम्प र नाका बन्दीको कारण मूल्य वृद्धि १० दशमलव ४ प्रतिशत पुगेको थियो। दुई वर्ष अघिको मूल्यका आधारमा यस वर्ष वस्तु तथा सेवाको मूल्य घटे पनि चालू आवको पहिलो चार महिनामध्ये कात्तिक महिनाको मूल्य वृद्धि सबैभन्दा बढी हो।

नेपाल राष्ट्र बैंकले प्रकाशित गरेको चालू आवको चौथो महिनाको तथ्यांकअनुसार खाद्य मुद्रास्फीति २ दशमलव ३ प्रतिशत रहेको राष्ट्र बैंकले जनाएको छ। त्यस्तै गैर-खाद्य मुद्रास्फीति ५ दशमलव १ प्रतिशत रहेको छ। अघिल्लो वर्षको कात्तिकमा खाद्य तथा गैर-खाद्य मुद्रास्फीति क्रमश: २ दशमलव ६ र ६ दशमलव ५ प्रतिशत रहेको थियो।

खाद्य समूहमा दलहन तथा गेडागुडीको मूल्यमा २४ दशमलव १ प्रतिशत तथा मसलाको मूल्यमा ५ दशमलव ५ प्रतिशतले कमी आएको कारण समग्र खाद्य मुद्रास्फीति अघिल्लो वर्षको भन्दा न्यून रहन गएको राष्ट्र बैंकले जनाएको छ।

समीक्षा अवधिमा तरकारीको मूल्य ९ दशमलव ६ प्रतिशतले वृद्धि भएको छ। गैरखाद्य उपभोग्य सामाग्रीअन्तर्गत लत्ताकपडा तथा जुत्ता, फर्निसिङ तथा घरायसी उपकरण, हाउजिङ तथा युटिलिटि र स्वास्थ्यलगायतका वस्तुहरूको मूल्य वृद्धिदर गत वर्षको तुलनामा कम रहेकोले गैर-खाद्य मुद्रास्फीति पनि कम रहन गएको हो।

क्षेत्रगत आधारमा विश्लेषण गर्दा समीक्षा अवधिमा उपभोक्ता मुद्रास्फीति हिमालमा ५ दशमलव ४ प्रतिशत, तराईमा ३ दशमलव ७ प्रतिशत र पहाडमा ४ दशमलव ७ प्रतिशत रहेको छ। राष्ट्र बैंकको तथ्यांकअनुसार कात्तिक महिनामा सबैभन्दा काठमाडौं उपत्यकाको मूल्यवृद्धि ३ दशमलव २ प्रतिशत रहेको राष्ट्र बैंकले जनाएको छ। समीक्षा अवधिमा हिमाली क्षेत्रअन्तर्गत रहेको चन्दननाथ बजार केन्द्र, जुम्लामा भएको उच्च मूल्य वृद्धिका कारणले तुलनात्मक रूपमा अन्य क्षेत्रको भन्दा हिमाली क्षेत्रको मूल्य वृद्धि अधिक रहेको राष्ट्र बैंकले जनाएको छ। अघिल्लो वर्षको सोही अवधिमा मूल्य वृद्धिदर हिमालमा ४ प्रतिशत, तराईमा ५ दशमलव १ प्रतिशत, पहाडमा ६ दशमलव २ प्रतिशत र काठमाडौं उपत्यकामा ३ प्रतिशत रहेको थियो।

# चमेलियाको 'वेट टेस्ट' शुरु, १५ दिनमै उत्पादन

विमल विष्ट, डोटी

दार्चुलामा निर्माणाधीन ३० मेगावाटको चमेलिया जलविद्युत् आयोजनाले 'वेट टेस्ट' शुरु गरेको छ। पूर्व निर्धारित समयभन्दा एक महिना ढिलो आयोजनाको वेट टेस्ट शुरु गरिएको हो।

ड्याम साइटको गेट नम्बर १ मा रहेको कंक्रिटमा समस्या देखिएपछि 'वेट टेस्ट' एक महिनापछि धकेलिएको आयोजना प्रमुख अजय दाहालले जानकारी दिनुभयो। दाहालका अनुसार उक्त गेटको मर्मतको काम बिहीबार सकिएपछि यसले बिहीबार बेलुकाबाट नै यसले पानी सञ्चय गर्न थालिएको थियो।

आयोजनाले एक महिनाअघि नै वेट टेस्ट गर्ने तयारी थालेको थियो। तर वेट टेस्ट गर्नका लागि आयोजनाको गेट चेकजाँच गर्दा कंक्रिटमा समस्या देखिएको थियो। समस्या देखिएपछि आयोजनाले तत्काल मर्मतको काम अघि बढाएको थियो। गेटको कंक्रिटमा समस्या देखिए पानी सञ्चय हुन नसक्ने अवस्था रहेको दाहालको दाबी छ।

यसैबीच आयोजनाले वेट टेस्ट गरेको करिब १५ दिनपछि परीक्षण उत्पादन थाल्ने योजना बनाएको छ। 'वेट टेस्ट गरेर सबै ठिक रहेको पायौं भने जनवरीको शुरुआतदेखि परीक्षण उत्पादन थाल्छौं।' आयोजना प्रमुख दाहालले भन्नुभयो। जनवरीदेखि एउटा एकाईमा भए पनि विद्युत् उत्पादन थाल्ने तयारी रहेको उहाँले बताउनुभयो। आयोजनाले यसले यसअघि नै ड्राइटेस्ट सम्पन्न गरिसकेको थियो। आयोजनाको सुरुङ, हेडवर्कस् परीक्षणका बेलामा पनि कुनै समस्या देखिएको थिएन।

आयोजनाले उत्पादित विद्युत राष्ट्रिय प्रसारण लाइनमा जोड्न प्रसारण लाइन पनि तयार पारिसकेको छ। प्रसारण लाइनमा देखिएका समस्या गत असोजमै मर्मत भइसकेको छ। दार्चुलाको शैल्यशिखर नगरपालिका-१, बलाँचमा निर्माणाधीन चमेलिया जलविद्युत् आयोजना सन् २००७ देखि निर्माण शुरु भएको हो। तर, एक दशक बितिसक्दा पनि आयोजनाबाट विद्युत् उत्पादन हुन सकेको थिएन। वेट टेस्ट सुरु भएसँगै विद्युत उत्पादन हुने निश्चीत भएको स्थानीय बताउँछन्। आयोजनामा १५/१५ मेगावाटका दुई युनिट छन्। ३० मेगावाटको यो आयोजना चाइना गेजुवा ग्रुप अफ पावर कम्पनी (सीजीजीसी) ले निर्माण गरिरहेको छ।

# सिटिजन्स बैंक राष्ट्रपतिद्वारा सम्मानित

काठमाडौं, (नेस)

खेलकुद क्षेत्रको विकाशमा प्रायोजकको रूपमा उत्कृष्ट योगदान गरेकोमा सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडलाई सम्मान गरिएको छ।

योर पाटर्नर फर प्रोग्रेस भन्ने नारासहित बैंकिंग सेवा पुर्‍याउँदै आएको सिटिजन्स बैंकलाई राष्ट्रिय खेलकूद परिषदद्वारा आयोजित एक कार्यक्रममा राष्ट्रपति विद्या देवी भण्डारीलेसम्मान गर्नुभएको हो। सम्मान पत्र बैंकका नायव प्रमुख कार्यकारी अधिकृत तथा प्रवक्ता गणेश राज पोखरेललाई सम्मान पत्र ग्रहण गर्नुभएको थियो।

बैंक नेपालको खेल जगतको विकास र प्रवर्द्धनका निम्ति बैंक सँधै लागि परेको जनाएको छ। बैंकले खेल जगतमा हरेक वर्ष सिटिजन्स अन्तर बैंक फुटसल प्रतियोगिता, सिटिजन्स खुल्ला गल्फ प्रतियोगिता, सिटिजन्स खुल्ला टेनिस प्रतियोगिता गर्दै आएको छ। यस किसिमको सम्मान प्राप्त गर्ने सिटिजन्स बैंक पहिलो बैंकको रहेको बैंकको दावी छ।

भविष्यमा पनि बैंकले खेलको विकासका निम्ति निरन्तर सहयोग गर्ने बैंकका नायव प्रमुख कार्यकारी अधिकृत तथा प्रवक्ता पोखरेलको भनाई छ।

# आइतबारदेखि स्टयान्डर्ड चार्टर्ड बैंकको शेयरधनी किताब बन्द

काठमाडौं, (नेस)

स्ट्यान्डर्ड चार्टर्ड बैंकले बोनस सेयर वितरण गर्न आगामी आईतबारदेखि शेयरधनी किताब बन्द गर्ने भएको छ। यसअनुसार बिहीबारभित्र बैंकको शेयरधनी कायम रहेका लगानीकर्ताले मात्र गत बर्षको मुनाफाबाट शतप्रतिशत बोनस पाउने बैंकले जनाएको छ।

बैंकले पुस २६ गते ३१ औं वार्षिक साधारणसभा बोलाएको छ। उक्त साधारण सभाले आफ्ना शेयरधनीलाई सत प्रतिशत बोनसका साथै कर प्रयोजनका प्रतिशेयर ५ रुपियाँ २६ पैसाको दरले नगद लाभांस वितरण गर्ने प्रस्ताव पारित गर्ने बताईएको छ।

बैंकले गत वर्षको कमाई र जगेडाकोषमा रहेको रकम उपयोग गरी उक्त परिमाणको लाभांश वितरण गर्ने घोषणा गरेको हो। बैंकले गत आर्थिक वर्षमा १ अर्ब ३८ करोड १९ लाख रुपियाँ खुद नाफा कमाएको थियो। यस्तै साधारणसभामा अधिकृत पुँजी वृद्धि गरी ९ अर्ब रुपियाँ पुर्‍याउने प्रस्ताव समेत पारित गर्ने र साधारण सेयरधनीका तर्फबाट प्रतिनिधित्व गर्न १ जना सञ्चालकको निर्वाचन गरिने छ।

हाल बैंकको चुक्ता पूँजी ४ अर्ब ५७ लाख रुपियाँ छ।

सिभिल बैंक लिमिटेड
CIVIL BANK LTD.
Thinking forward Moving forward
Head Office, Classic Complex
Tindhara Road, Kamladi,
Kathmandu-31, G.P.O No.:9799
Tel No: 4169030/4169033/4169040
Fax.: 4169038, SWIFT Code-CIVLNPKA
E-mail : info@civilbank.com.np, www.civilbank.com.np

SCHEDULE OF INTEREST RATE
Effective from 26th December 2017

| Fixed Deposit Type | Rate(% p.a.) |
|---|---|
| Structured Bulk Fixed Deposit | 10.25% |

शाखा कार्यालय स्थानान्तरण तथा कारोबार सञ्चालन सम्बन्धी सूचना

प्रभु बैंक लिमिटेड अन्य विभिन्न बैंक तथा वित्तीय संस्थाहरु सँग गाभिई एकीकृत कारोवार समेत संञ्चालन गरिसकेको व्यहोरा सर्वसाधारणलाई विदितै छ। मर्जरको क्रममा एकै स्थानमा दोहोरिन गएका शाखा कार्यालयहरु मध्ये निम्न शाखा कार्यालय देहाय बमोजिम स्थानान्तरण गरी कारोवार सञ्चालन हुने व्यहोरा सर्वसाधारणको जानकारीको लागी सो सूचना प्रकाशित गरिएको छ।

| सि.नं. | स्थानान्तरण हुने शाखा | शाखा स्थानान्तरण हुने स्थान | कारोवार सञ्चालन मिति |
|---|---|---|---|
| १. | खिचापोखरी शाखा<br>प्रभु बैंक लिमिटेड | मनमैजु शाखा<br>तारकेश्वर नगरपालिका<br>वडा नं. १०, काठमाण्डौ | २०७४/०९/११ गते देखि |

PRABHU BANK
प्रभु बैंक लिमिटेड
प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ, पो.ब.नं.१९४४१
फोन नं. ०१-४७८८५००, फ्याक्स नं. ०१-४७८०५८८



नेपाल समाचारपत्र
जि.का.का.द.नं. १४७/०५१/०५२ म.क्ष.हु.द.नं. ०३/०६२/०६३ www.newsofnepal.com

# भैरहवा ग्लाडियटर्स प्लेअफमा



विराटनगर वारियर्सका बलर वसन्त रेग्मी काठमाडौं किंग्सविरुद्ध बलिङ गर्दै । तस्वीर : उजोल डंगोल/काठमाडौं

**नेपाल समाचारपत्र**

काठमाडौं

कीर्तिपुरमा जारी टीभीएस एभरेस्ट प्रिमियर लिग (ईपीएल) टी-२० क्रिकेट प्रतियोगितामा भैरहवा ग्लाडियटर्सले प्लेअफमा स्थान बनाएको छ।

सोमबार त्रिवि मैदानमा भएको खेलमा भैरहवाले पोखरा राइनोजलाई ७ विकेटले हराएपछि प्लेअफमा पुगेको हो। प्रतियोगितामा प्लेअफमा पुग्ने भैरहवा दोस्रो टोली हो। यसअघि विराटनगर वारियर्सले लगातार चार खेलमा जितेर प्लेअफमा स्थान सुरक्षित गरेको थियो। ६ टोली सहभागिता प्रतियोगितामा दुई टोलीको प्लेअफमा पुग्न बाँकी रहेको छ।

भैरहवाले पोखराले दिएको १ सय ९ रनको सहज लक्ष्य ३ विकेटको क्षतिमा १४ बल बाँकी राखी भेटाएको थियो। ३७ रनमा तीन विकेट गुमाएको स्थितिमा आरिफ शेख र शरद् भेषवाकरले चौथो विकेटका ७३ रनको साझेदारी गरेर टोलीको जित सुनिश्चित गरेका थिए। आरिफ ४८ रनमा र कप्तान शरद् ३२ रनमा नटआउट रहे। पोखराका बलरमा कप्तान शक्ति गौचनले एक मात्र विकेट हात पार्दा ताज वालीले दुई विकेट लिए।

यसअघि त्रिवि क्रिकेट मैदान कीर्तिपुरमा टस जितेर पहिले ब्याटिङको गर्ने निर्णय लिएको पोखरा राइनोज १८ दशमलव ३ ओभरमा सबै विकेट गुमाएर १ सय ८ रनमै खुम्चिएको थियो। टोलीका लागि इसरार उल्लाहले सर्वाधिक ४१ रनको योगदान दिए। भैरहवाका लागि कप्तान शरद् भेषवाकर, दीपेश श्रेष्ठ र कृष्ण कार्कीले समान २ विकेट लिए।

यस्तै अर्को खेलमा विराटनगरले लगातार पाँचै खेल जितेर लिगमा अपराजित बन्यो। हिजो भएको खेलमा विराटनगरले काठमाडौं किंग्स इलेभेनलाई ८ रनले हरायो। विराटनगरले १ सय ४८ रनको लक्ष्य दिएकोमा काठमाडौंले १ सय ३९ रनमा रोकिएर हार बेहोरेको थियो।

## मध्यमाञ्चल र पश्चिमाञ्चल फाइनलमा

काठमाडौं, (नेस)

मध्यमाञ्चल र पश्चिमाञ्चल राखेप च्याम्पियनसिप-२०७४ अन्तर्गत १०औं राष्ट्रिय स्क्वास प्रतियोगिताको पुरुष टिम इभेन्टमा सोमबार फाइनलमा प्रवेश गरेका छन्।

सातदोबाटोमा भएको खेलमा मध्यमाञ्चलले पूर्वाञ्चललाई २-० तथा पश्चिमाञ्चलले नेपाल प्रहरी क्लबलाई २-१ ले पराजित गर्दै उपाधि भिडन्त पक्का गरे। उक्त स्पर्धाको फाइनल मंगलबार हुनेछ।

प्रतियोगितामा ३ विकास क्षेत्र (मध्यमाञ्चल, पूर्वाञ्चल र पश्चिमाञ्चल) तथा १ विभागीय टोली (प्रहरी) का ४४ खेलाडी सहभागी छन्।

## मल्पी र साइपालको जित

काठमाडौं, (नेस)

आयोजक मल्पी र साइपाल एकेडेमीले प्रथम मल्पी कप अन्तरकलेज छात्र फुटबल प्रतियोगितामा सोमबार जित हात पारेका छन्। लगनखेलस्थित आर्मी शारीरिक तालिम तथा खेलकुद प्रशिक्षण केन्द्रमा भएको खेलमा मल्पीले सान्त्वनालाई ३-० गोलले पराजित गर्‍यो। आलोक कार्की, शुभम् शाक्य र सिद्धान्त गुरुङले गोल गरे। साइपालले अरुणिमालाई २-१ गोलले हरायो। साइपालका राम ढकाल र सागर कटुवालले गोल गरे। अरुणिमाका अजय खड्काले १ गोल फर्काए।

## सिरुटारमा फुटसल सञ्चालन

भक्तपुर, (नेस)

सूर्यविनायक नगरपालिका १ सिरुटारका तीन युवाले रु. ६० लाख रुपियाँको लागतमा निर्माण गरेको फुटसल आजबाट सञ्चालनमा आएको छ। कन्ट्रिसाइड रिक्रियसन सेन्टर फुटसलको सोमबार नवनिर्वाचित प्रतिनिधिसभा सदस्य महेश बस्नेतले उद्घाटन गर्नुभएको हो। युवावर्ग अगाडि बढे आफ्नो ठाउँको विकास गर्न पाँच वर्ष पनि नलाग्ने बताउँदै उहाँले युवाले गर्ने प्रत्येक विकासका काममा आफ्नो सहयोग रहने बताउनुभयो।

कार्यक्रममा नवनिर्वाचित प्रदेशसभाका सदस्य शशीजंग थापाले उपत्यकामा रंगशालाको अभाव खड्किरहेको अवस्थामा फुटसलले केही हदसम्म त्यसको आवश्यकतालाई पूरा गरेको बताउनुभयो।

उहाँले दधिकोटमा रंगशाला बनाउने प्रस्ताव सकारात्मक रूपमा अगाडि बढेको र यसको प्रक्रियालाई सरकारसमक्ष लगिएकाले यसलाई पूरा गर्न सबै पक्षबाट पहल हुनुपर्नेमा जोड दिनुभयो। त्यसअवसरमा ललितपुरको चाँगाथली युवा क्लबका अध्यक्ष बाबुराजा महर्जनले खेलकुदप्रति युवाको आकर्षण बढ्दै गइरहेको अवस्थामा प्रत्येक प्रदेशमा एउटा रंगशाला आवश्यक भएकाले यसतर्फ ध्यान दिनुपर्ने भनाइ राख्नुभयो।

फुटसल सञ्चालक समितिका अध्यक्ष धनञ्जय श्रेष्ठले युवावर्गको फुटसलप्रति आकर्षण बढ्दै गएको र युवावर्गलाई मनोरञ्जन दिन युवाहरूकै लगानीमा फुटसल सञ्चालनमा ल्याएको बताउनुभयो।

सञ्चालकद्वय सुदीप राउत र रूपक थापाले युवावर्गको शारीरिक, मानसिक स्वास्थ्यको विकास गर्ने र फुटसल खेलको विकास गर्ने उद्देश्यले फुटसल सञ्चालनमा ल्याएको बताउनुभयो।

## धरहरा

### धरहराको धोको



सोमबार विश्वव्यापी रूपमा इसाई धर्मावलम्बीहरूको मुख्य पर्व क्रिसमस चाड मनाइएको छ। यही पर्वको अवसरमा एक आपसमा खुसीयाली साटासाट गर्दै शुभ-कामना आदान-प्रदान भइरहेको छ। क्रिसमसको मुख्य दिन हिजो सोमबार भएपछि केही दिन अझै क्रिसमस स्मरण गरिन्छ।

सानो तर धेरै धर्मावलम्बी अटाएको मुलुक नेपालमा समेत यस्तै खुसीयाली आदान-प्रदानको कार्यक्रम चलिरहेको छ। कुनै एक हिन्दू, बौद्धमार्गी, मुसलमानलगायत अन्य धर्म मान्ने साथी-भाइले क्रिश्चियन दाजु-भाइ, दिदी-बहिनीलाई दिल खोलेर 'मेरी क्रिसमस', 'ह्याप्पी क्रिसमस' भनिरहेको सुन्दा/देख्दा धरहरा गजक्क पर्‍या छ।

इसाई धर्मावलम्बीहरू पनि खुसी देखिएका छन्। चार जात छत्तीस वर्णको फूलबारी भनिएको नेपालको वास्तविक प्रतिबिम्ब यस्तै व्यवहारले झल्किँदो रहेछ। अब केही साता र केही महिनाभित्रमा मनाइने सरस्वती पूजा, फागुपर्वजस्ता हिन्दूका चाडपर्व होस् या, बुद्धजयन्तीमा नै किन नहोस्, यस्तै शुभकामना इसाईले बाँड्न सक्नुपर्छ। नेपालका लागि अमेरिकी राजदूत एलाएना वी टेप्लिजले गत दशैंमा निधारमा रातो टीका र जमरा लगाएर जसरी खुसीयाली साटिन् त्यस्तै खुसीयाली अरूले पनि साटेको हेर्ने धोको धरहराको छ।

ARISTON
Made in Italy
Breathing new life into the conventional water heater.

HOME FURNISHERS PVT. LTD.
Tripureshwor, (Way to Thapathali)
Kathmandu, Nepal.
Ph.: 977-1-4254601, 977-1-4262240
E-mail: bath@wlink.com.np

NS तथा ISO प्रमाणित
शक्तिशाली र विश्वासिलो निर्माणको लागि
... कण कणमा शक्ति भएको
तेज सिमेन्ट
सम्पर्क फोन: ०१-४४३६३२८, ०८१-६९१९५३

सम्मान चलचित्रको उत्सव उत्कृष्टताको
CG Entertainment Presents
LUX Kamana Awards
LUX कामना फिल्म अवार्ड्स् २०७४
मन परेको फिल्म र फिल्मकर्मीलाई SMS गर्नुहोस्, विजेता बनाउनुहोस्
CO-SPONSOR: Pashupati Biscuits
RED CARPET: YETI PVC Flooring
OFFICIAL DRINK: Grand Master
OFFICIAL BANK: Prabhu Bank
ASSOCIATE SPONSOR: NIC ASIA, IME, Kilometer
CG ENTERTAINMENT LUX KAMANA FILM AWARDS 2074

विधा: सर्वोत्कृष्ट चलचित्र
छक्का पञ्जा - Type KFA space 1A & send to 32722
डाइङ क्यान्डल - Type KFA space 1B & send to 32722
गाजलु - Type KFA space 1C & send to 32722
जात्रा - Type KFA space 1D & send to 32722
के म तिम्रो होइन र - Type KFA space 1E & send to 32722

विधा: सर्वोत्कृष्ट निर्देशक
सुवर्ण थापा - बाटोमुनिको फूल-२ - Type KFA space 2A & send to 32722
दीपेन्द्र के खनाल - चपली हाइट-२ - Type KFA space 2B & send to 32722
हेमराज बीसी - गाजलु - Type KFA space 2C & send to 32722
आकाश अधिकारी - के म तिम्रो होइन र - Type KFA space 2D & send to 32722
निश्चल बस्नेत - लुट-२ - Type KFA space 2E & send to 32722

विधा: सर्वोत्कृष्ट अभिनेता
दयाहाङ राई - वीरविक्रम - Type KFA space 3A & send to 32722
अनमोल केसी - गाजलु - Type KFA space 3B & send to 32722
विपीन कार्की - जात्रा - Type KFA space 3C & send to 32722
निखिल उप्रेती - निर्भय - Type KFA space 3D & send to 32722
सौगात मल्ल - शब्द - Type KFA space 3E & send to 32722

विधा: सर्वोत्कृष्ट अभिनेतृ
प्रियंका कार्की - छक्का पञ्जा - Type KFA space 4A & send to 32722
सृजना सुब्बा - डाइङ क्यान्डल - Type KFA space 4B & send to 32722
वर्षा राउत - जात्रा - Type KFA space 4C & send to 32722
केकी अधिकारी - लभ सासा - Type KFA space 4D & send to 32722
नीता ढुंगाना - निर्भय - Type KFA space 4E & send to 32722

विधा: सर्वोत्कृष्ट खलपात्र
ध्रुव कोइराला - बाजिगर - Type KFA space 5A & send to 32722
अर्पण थापा - वीरविक्रम - Type KFA space 5B & send to 32722
दीपकराज गिरी - छक्का पञ्जा - Type KFA space 5C & send to 32722
कमलमणि नेपाल - जात्रा - Type KFA space 5D & send to 32722
कामेश्वर चौरासिया - पलाँस - Type KFA space 5E & send to 32722

विधा: सर्वोत्कृष्ट हास्य कलाकार
केदार घिमिरे - छक्का पञ्जा - Type KFA space 6A & send to 32722
रवीन्द्र झा - जात्रा - Type KFA space 6B & send to 32722
दयाहाङ राई - लुट-२ - Type KFA space 6C & send to 32722
सलोन बस्नेत - गाजलु - Type KFA space 6D & send to 32722
बुद्धि तामाङ - छक्का पञ्जा - Type KFA space 6E & send to 32722

विधा: सर्वोत्कृष्ट संगीतकार
ताराप्रकाश लिम्बु - वीरविक्रम/हारें हारें - Type KFA space 7A & send to 32722
राजनराज शिवाकोटी - छक्का पञ्जा/पूर्व-पश्चिम रेल - Type KFA space 7B & send to 32722
कालिप्रसाद बासकोटा - लुट-२/ठमेल बजार - Type KFA space 7C & send to 32722
अर्जुन पोखरेल - निर्भय/यो दुनियाँ - Type KFA space 7D & send to 32722
वसन्त सापकोटा - राधा/छपक्कै - Type KFA space 7E & send to 32722

विधा: सर्वोत्कृष्ट पार्श्व गायक
ताराप्रकाश लिम्बु - वीरविक्रम/हारें हारें - Type KFA space 11A & send to 32722
राजनराज शिवाकोटी - छक्का पञ्जा/पूर्व-पश्चिम रेल - Type KFA space 11B & send to 32722
कृष्ण काफ्ले - छक्का पञ्जा/सुन न चम्पा - Type KFA space 11C & send to 32722
प्रताप दास - के म तिम्रो होइन र/पागल - Type KFA space 11D & send to 32722
युवराज चौलागाईं - पलाँस/तिमी साथमा - Type KFA space 11E & send to 32722
स्वस्प्नराज आचार्य - शब्द/हरपल - Type KFA space 11F & send to 32722

विधा: सर्वोत्कृष्ट पार्श्व गायिका
जलजला परियार - बाटोमुनिको फूल-२/केही कदम - Type KFA space 10A & send to 32722
मिलन अमात्य - हाउ फन्नी/यो के हो - Type KFA space 10B & send to 32722
अञ्जु पन्त - किस्मत-२/यी आँखा लैजाउ - Type KFA space 10C & send to 32722
मीना निरौला - लुट-२/ठमेल बजार - Type KFA space 10D & send to 32722
मेलिना राई - राधा/छपक्कै - Type KFA space 10E & send to 32722

विधा: लक्स पपुलर च्वाइस अवार्ड
वर्षा राउत - Type KFA space 8A & send to 32722
केकी अधिकारी - Type KFA space 8B & send to 32722
प्रियंका कार्की - Type KFA space 8C & send to 32722
ऋचा शर्मा - Type KFA space 8D & send to 32722
सृष्टि श्रेष्ठ - Type KFA space 8E & send to 32722

मनपर्ने चलचित्र तथा सिनेकर्मीलाई जिताउनका लागि माथि उल्लेखित Short Keywords टाइप गरी ३२७२२ मा पठाउनुहोस् । जस्तै, सर्वोत्कृष्ट चलचित्र विधामा भोट गर्नका लागि KFA<space> र तपाईंलाई मन परेको चलचित्रको कोड नम्बर टाइप गरी ३२७२२ मा पठाउनुहोस् ।

कामना न्यूज पब्लिकेसन्स् प्रालिद्वारा प्रकाशित कार्यालय: कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं, पो.ब.नं. २०४५, फोन: ४-२६११७९, फ्याक्स: ४-२१८९९०, Email: nepalsamacharpatra@gmail.com प्रमुख कार्यकारी अधिकृत तथा प्रबन्ध सम्पादक: दिरेकलाल श्रेष्ठ, प्रधान सम्पादक: पुष्करलाल श्रेष्ठ